
# अदानचुली गाउँपालिकाको वस्तुस्थिति विवरण

## VILLSGE PROFILE OF ADANCHLI RURAL MINICIPILITY OF HUMLA




ोतः स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
यार पार्नेः गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016


**प्रकाशक**

**अदानचुली गाउँपालिका**

**श्रीनगर, हुम्ला**

**२०७५ भाद्र**

# विषयसूची

**विषयसूची** iii

**तालिका सूची** xi

**शव्द संक्षेप** xii

**प्रकाशकीय** xiii

**गाँपालिकाको संक्षिप्त परिचय** xv

**१. खण्ड-१ः भूमिका/परिचय** **१६**
१.१ भूमिका/परिचय १६
१.२ उद्देश्यहरु १७
१.३ अध्ययन विधि १७
१.४ सीमाहरु १८

**२. खण्ड-२ः गाउँपालिकाको भौगोलिक तथा भौतिक स्थिति विश्लेषण** **१८**
२.१ पालिकाको परिचय १८
२.२ भौगोलिक अवस्थिति र प्रशासनिक तथा राजनीतिक विभाजन १९
२.३ पालिकाको ऐतिहासिक पृष्ठभूमि २१
२.४ माटोको बनावट, उर्वराशक्ति र भू-क्षय २२
२.५ जलवायु २३
२.६ जलभण्डार २४
२.७ मुख्य चाडपर्वहरु २४
२.८ भेषभूषा २५
२.९ मूल्य मान्यता र विश्वास २५
२.१० विवाह पद्धती तथा वैवाहिक प्रचलन २६
२.११ मठ मन्दिर र गुम्वाहरु २७

**३. खण्ड-३ः जनसंख्या विवरण तथा प्रक्षेपण** **२७**
३.१ जनसंख्याको आकार २७
३.२ जनसंख्याको अवयव विश्लेषण २९
३.३ जनसंख्याको बनावट २९

**४. खण्ड-४ः भू-उपयोग** **४०**

४.१ भू-बनौट, भू-क्षेत्र तथा भू-उपयोग ४०
४.२ भूउपयोग सम्बन्धी नक्साहरु ४०

**५. खण्ड-५: शहरीकरण तथा वस्ती विकासको स्वरुप ४१**
५.१ वस्तीको आकार ४१
५.२वस्ती विकासको स्वरुप र वस्ती श्रृङ्खला ४२

**६. खण्ड-६: पालिकाको आर्थिक तथा रोजगारीको स्थिति ४९**
६.१ पालिकाको अर्थतन्त्रको संरचनात्मक स्वरुप ४९
६.२ कृषि ४९
६.३ सिंचाई ५४
६.४ पशु सेवा ५४
६.५ जिल्लाको अर्थतन्त्रको विशिष्टीकरण ५९
६.६ आर्थिक अन्तरसम्बन्ध ६०
६.७ पालिकाको वैदेशिक लगानीको स्थिति ६०
६.८ घरपरिवारको आयस्तर तथा गरिवीको स्थिति ६१
६.९ स्थानीय स्तरमा खाद्य सुरक्षाको अवस्था ६१
६.१० श्रमशक्ति तथा रोजगारी स्थिति ६४
६.११ उद्योग तथा खानी क्षेत्रको स्थिति ६५
६.१२ व्यापार, पर्यटन तथा सेवा क्षेत्रको स्थिति ६६

**७. खण्ड-७: भौतिक तथा सार्वजनिक पूर्वाधार ६९**
७.१ सडक यातायात ६९
७.१.१ गोरेटो/घोडेटो वाटो ७०
७.१.२ झोलुङ्गे पुलको विवरण ७०
७.२. हवाई यातायात ७१
७.३. सञ्चार सुविधा ७२
७.४. विद्युत तथा नवीकरणीय उर्जा ७३
७.४.१ जिल्लामा बैकल्पिक उर्जाको अवस्था ७४
७.५ खानेपानी तथा सरसफाई ७४
७.६ खुल्ला दिशामुक्त क्षेत्रको स्थिति ७५
७.७ सार्वजनिक भवनहरुको स्थिति ७६

**८. खण्ड-८: समाजिक पूर्वाधार विकास तथा सेवा ७७**
८.१ शिक्षा ७७
८.२ स्वास्थ्य ८७
८.३ खेलकुद तथा मनोरञ्जन ८९
८.४ समाज कल्याण तथा सामाजिक सुरक्षा ८९
८.५ नागरिक सुरक्षा सेवा ९१

८.६ महिला तथा वालवालिकाको विकास स्थिति ९१
८.७ अपाङ्गता भएका व्यक्तिहरुको अवस्था ९२
८.८ तेस्रो लिङ्गीको स्थिति ९३

**९. खण्ड-९: वन तथा वातावरण ९४**
९.१ वन क्षेत्रको स्थिति ९४
९.२ वन प्रशासन ९४
९.३ वन व्यवस्थापन ९४
९.३.१ सामुदायिक वन व्यवस्थापन ९५
९.३.२ कबुलियती वन विकास ९६
९.४ जडिबुटी व्यवस्थापन ९६
९.५ जैविक विविधता, वनस्पती, वन्यजन्तु तथा चराचुरुङ्गी ९७
९.६ जलस्रोत ९९
९.६.१ नदीनालाहरु ९९
९.६.२ ताल तथा तलैयाहरु १००
९.६.३प्रमुख झरनाहरु १००
९.७ भू-संरक्षण तथा प्रकोप १००
९.८ जलाधार क्षेत्र १००
९.९ जलवायु परिवर्तन र विपद् व्यवस्थापन १०१
९.९.१ जलवायु परिवर्तन १०१
९.९.२ विपद्व्यवस्थापन १०१

**१०. खण्ड-१०: पालिकाको विकासका संभावना, अवसर, समस्यार चुनौतीहरु १०४**
१०.१ माननीय सभासदज्यूहरुसँगको अन्तरक्रिया
१०.२ अदानचुलीका अवरोध विश्लेषण १०५
१०.३ बालबालिकहरुको सवालहरु
१०.४ महिलाहरुका सवालहरु
१०.५ पछाडि परेका तथा पारिएका समूहहरुको सवालहरु
१०.६ अपाङ्गता भएका व्यक्तिहरुसवालहरु

**११. खण्ड ११: संस्थागत स्रोत तथा क्षमता**
११.१ वित्तीय स्रोत तथा क्षमता विश्लेषण
११.१.१ सरकारी
११.१.२ स्थानीय सरकार
११.२ आर्थिक स्रोत तथा आय
११.३ आर्थिक स्रोत तथा आय
११.४ सुशासन र विकेन्द्रीकरणको अवस्था
११.४.१ बाल सहभागितामूलक योजना तर्जुमा प्रक्रिया
११.४.२ सूचना तथा अभिलेख केन्द्र ब्यवस्थापन
११.४.३ नागरिक समाज, संगठनको प्रवर्धनको स्थिति
११.४.४ योजना, आयोजना, कार्यक्रमहरुको अनुगमन
११.४.५ वाल वालिका, महिला, दलित, जनजाति समितिहरुको प्रभावकारिता स्थिति
११.४.६ स्थानीय स्तरमा गठित समितिहरु र तिनिहरुको क्रियाशिलता
११.४.७ सामाजिक परिचालन

११.४.८ सार्वजनिक लेखाजोखा
११.४.९ सार्वजनिक सुनुवाई
११,४.१० नागरिक वडापत्रको अनुगमन स्थिति
११.५ न्यूसकासको स्थिति
११.६ विस्तापितहरुको अवस्था र पुर्नस्थापना

**सन्दर्भ सामाग्री** **१०९** **अनसूचीहरु**

१. पालिकामा भएका गै.स.स.हरुको विवरण
२. पालिका अर्न्तगतका सहकारी संस्थाहरुको विवरण १११
३. पालिका देखि वडासम्मको दुरी १११

# तालिका सूची

**शव्द संक्षेप**

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| क्र.सं. | क्रम संख्या |
| कि.मि. | किलो मिटर |
| के.त.वि. | केन्द्रिय तथ्याङ्क विभाग |
| कि.ग्रा. | किलो ग्राम |
| गा.वि.स. | गाउँ विकास समिति |
| गै.स.सं. | गैर सरकारी संस्था |
| जि.वि.स. | जिल्ला विकास समिति |
| झो.पु. | झोलुङ्गे पुल |
| नं. | नम्बर |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.स. | नेपाल सरकार |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| मे.ट. | मेट्रिक टन |
| हे. | हेक्टर |
| रा.वा.बै. | राष्ट्रिय वाणिज्य बैंक |
| रु. | रुपैंया |
| गा.पा. | गाउँपालिका |
| न. पा | नगरपालिका |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| आ.वि. | आधारभुत विद्यालय |
| कृ.शा. | कृषि शाखा |
| शि.शा. | शिक्षा शाखा |
| प.शा. | पशु शाखा |
| स्वा.शा. | स्वास्थ्य शाखा |
| सा.रे. | सामुदायिक रेडियो |
| प्रा.शा. | प्राविधिक शाखा |
| गा.पा. | गाउँपालिका |
| न.पा. | नगरपालिका |
| | |
| | |
| | |

# प्रकाशकिय

नेपालको संविधानले संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग तिनै तहले संविधान र कानुन बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारीत हुने व्यवस्था स्थापित गरेको छ । संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरेको परिवर्तित सन्दर्भमा स्थानीय सेवा सुविधालाई जनमुखी, समावेशी र सहभागितामुलक बनाउन संघियता र स्वायत्तताको माध्यमबाट शासन व्यवस्थामा जनताको पहुँच अभिबृद्धि गर्न, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि आदेश २०७४ ले प्रसस्त अवसरहरुको सिर्जना गरेको छ ।

संवैधानिक रुपमै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सम्बन्धि अधिकार स्थानीय तहमा समेत व्यवस्था गरेसँगै स्वायत्त सरकारका रुपमा रहेका स्थानीय तहमा भएका स्रोत र साधनको वस्तुपरक सूचना संकलन र विश्लेषण गरेर सोही अनुसारका योजना बनाएर अघि बढ्नु अपरिहार्य छ । यसै वास्तविकतालाई हृदयङ्गम गर्दै नेपालको संविधानको अनुसूची ८ को स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रम संख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई प्रयोग गर्दै यस गाउँपालिकाले पछिल्लो परवर्तित संरचना अनुसारका तत्थ्यांक संकलन गरेको छ ।
नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतिकरण प्रतिवेदनले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क, संभाव्य प्राकृतिक, भौतिक र साँस्कृतिक श्रोत साधनको तथ्याङ्कीय अभिलेख, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनलाई स्थानीय तहको कार्य क्षेत्र भनी उल्लेख समेत गरेको छ । उपरोक्त संवैधानिक व्यवस्था र अधिकारको व्याख्या अनुसार स्थानीय तहको विस्तृत र खण्डिकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गर्न आधारभूत प्रक्रिया, विधि र फारमहरु सहितको गाउँ तथा नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४ जारी गरे अनुशार यस अदानचुली गाउँपालिकाले आफ्नो वस्तुगत विवरण तयार गरेको हो ।

यस अदानचुली गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गर्न प्रथम र द्वितीय सूचनाहरुलाई आधार मानिएको छ । गाउँपालिका आफैले गरेको घरधुरी सर्वेक्षण २०७५ बाट संकलित सूचना र अन्य विभिन्न माध्यमबाट संकलन गरिएका द्वितीय स्रोतका सूचनाका आधारमा यो वस्तुगत विवरण तयार भएको हो । गाउँपालिकाका अधिकांश सूचना सहितको वस्तुगत विवरण सान मल्टी मिडिया एण्ड रिर्सच सेन्टरको प्राविधिक सहयोगमा तयार गरिएको हो । यसमा भएका विवरणले गाउँपालिकामा भएका विकासका साझेदारहरु तथा सरोकारवालाहरुलाई विकासका गतिविधि सञ्चालन गर्न आवश्यक पर्ने योजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन कार्यमा सहयोग पुग्ने अपेक्षा गाउँपालिकाले गरेको छ । यसलाई अझ पूर्ण बनाउन, अद्यावधिक गर्न र आधिकाधिक मात्रामा प्रयोगमा ल्याउन सबै सरोकारवालाहरुको सहयोग अपरिहार्य भएको कुरामा अदानुचली गाउँपालिका सदैव आशा र विश्वाश व्यक्त गर्दछ ।

यस वस्तुस्थिति विवरण तयार गर्न र यस अवस्थामा ल्याउन आ-आफ्नो क्षेत्र र तर्फबाट सहयोग गर्ने अअदानचुली गाउँ कार्यापालिका पादधिकारी, वडापाालिकाका पदाधिकारी, सबै कर्मचारी, गाउँपालिका स्थित सबै राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, गैर सरकारी संस्था, नीजि क्षेत्र तथा नागरिक समाजका प्रतिनिधिहरु जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरुप्रति हार्दिक आधार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछौ ।

यस वस्तुगत विवरणको पूर्वतयारी प्रश्नावली निर्माण, तथ्याङ्क संकलन र विश्लेषण गरी तयार गर्न संयोजनकारी भूमिका खेल्ने सानमल्टी मिडिया तथा रिसर्च सेन्टरका कार्यकारी प्रमूख प्रमूख नवराज महतारा, सबै वडामा तत्थ्यांक संकलनमा खटिएका सर्वेक्षक, तत्थ्यांक विश्लेषणमा सहयोग गर्ने आइडिया इनटरनेसलनका ....राई लगायतको अदानचुली टिम प्रति विशेष धन्यवाद ज्ञापन गर्दछौं । यस वस्तुगत विवरणलाई अध्यवधी गर्न र समयानुकुल बनाउन आगामी दिनहरुमा यस प्रकारको सहयोग प्राप्त हुनेमा अदानचुली गाउँपालिका आशा व्यक्त गर्दछ ।

दल फडेरा
अध्यक्ष
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# अदानचुली गाउँपालिकाको संक्षिप्त परिचय

<table>
<tr>
<td>
भौगोलिक स्थिति<br>
पूर्व : मुगु<br>
पश्चिम : ताँजकोट गाउँपलिका (साविकको मदना)<br>
उत्तर : सर्केघार्ड गाउँपालिका (साविकको सर्किदेउ र जैर गाविस)<br>
दक्षिण : ताँजकोट गाउँपालिका (साविकको मदना गाविस) र मुगु जिल्ला
</td>
<td>
राजनैतिक तथा प्रशासनिक विभाजन<br>
प्रदेश : कर्णाली<br>
अञ्चल : कर्णाली<br>
जिल्ला : हुम्ला<br>
सघिय संसदीय निर्वाचन क्षेत्र: १<br>
प्रदेश संसदिय निर्वाचन क्षेत्र: 'क'<br>
वडा संख्या : ६<br>
कूल क्षेत्रफल १५०.५६ वर्ग कि.मि.
</td>
</tr>
<tr>
<td>
<u>जनसंख्या (२०७५ को घरधुरी सर्भेक्षण अनुसार)</u><br>
महिला : ४२३३ जना (४९.९७%)<br>
पुरुष : ४२३८ जना (५०.०२%)<br>
जम्मा : ८४७१ जना (१०० प्रतिशत)<br>
घरधुरी संख्या : १२९०<br>
सरदर परिवार आकार : ६.३७<br>
जनसंख्या वार्षिक बृद्धिदर : १.१४<br>
लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुषको संख्या : १०१.०२<br>
जनघनत्व प्रति वर्ग कि.मी. :७.०९<br>
पाँच वर्षमुनिको बालबालिकाको संख्या : १६४० जना (१९.९६%)<br>
अपाङ्गता भएका जनसंख्या : २५० जना (२.९५ %)<br>
किशोर किशोरी युवा जनसंख्या (१० देखि २५ वर्ष) : २४५९ जना ( २९.४५%) जना<br>
आर्थिक रुपले क्रियाशिल जनसंख्या (१६ देखि ६० वर्ष) : ४६७४ जना ( ५५.१७%)<br>
मानव विकास सूचकांक : ०.४३२
</td>
<td>
<u>शैक्षिक स्थिति (सामुदायिक र संस्थागत)</u><br>
आधारभूत तह : १६<br>
माध्यमिक तह : ४<br>
बालविकास केन्द्र :<br>
क्याम्पस : १<br>
श्रोत केन्द्र : १<br>
साक्षरता<br>
साक्षरता दर :५२।१५ प्रतिशत<br>
पूरुष :३१.६३ प्रतिशत<br>
महिला : २०.५२ प्रतिशत
</td>
</tr>
<tr>
<td>
स्वास्थ्य संस्थाको स्थिति विवरण संख्या<br>
स्वास्थ्य चौकी २<br>
सामदायिक स्वास्थ्य क्लिनिक ३<br>
गाँउ घर क्लिनिक (मासिक)<br>
खोप क्लिनिक (मासिक)<br>
महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका<br>
प्रसुती केन्द्रको संख्या २<br>
निजि मेडिकलको संख्या ५
</td>
<td>
भू-उपयोग (वर्ग कि.मि.)<br>
कूल खेतीयोग्य जमिन : ५०.२०<br>
बन जंगल : ७४७.८३<br>
चरन क्षेत्र : १४१४.४९<br>
हिँउले ढाकिएको क्षेत्र : ५०५.०७<br>
चट्टान : २५९२.००<br>
ताल : १.४०<br>
ग्रावेल/गेग्रान : ३.९४<br>
नदी : ३३५.०१<br>
आवास : ३.५२
</td>
</tr>
</table>

# खण्ड-१: भूमिका/परिचय

## १.१ भूमिका/परिचय

संघिय लोकतान्त्रीक गणतन्तत्रात्मक देश नेपालको संविधान २०७३ ले गरेको व्यवस्था अनुसार अहिले नेपालमा तीन तहका सरकार छन् । संवैधानिक व्यवस्थाले स्थानीय तहलाई सबैभन्दा तल्लो तहको सरकारका रुपमा स्थापित गरेको छ । देशका नागरिकलाई उनीहरुको घरदैलोमा राज्यले प्रदान गरेका सबै सेवा र सुविधामा पहुँच विस्तार गर्दै नागरिकलाई संविधानको कार्यान्वयन गर्ने तहका रुपमा स्थानीय तहलाई नैं राखिएको छ । सरकारका तीनै तहका सेवा र सुविधालाई नागरिक समक्ष पुऱ्याउने निकायले आफू मातहतका सबै क्षेत्र, नागरिक र वस्तुस्थितिको सूचना संकलन गरेर अद्यावधी गर्नु अपरिहार्य हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक देश नेपालले  संस्थागत गरेको तिन तहको संरचना संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध, सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्थलाई थप व्यवस्थित बनाउन स्थानीय तहका सूचना संकलन र सबै विवरणलाई चुस्तदुरुस्त राख्नु पर्ने देखिन्छ । संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरेको परिर्वतित सन्दर्भमा स्थानीय सेवा सुविधालाई जनमुखी, समावेशी र सहभागितामुलक बनाउन संघियता र स्वायत्तताको माध्यमबाट शासन व्यवस्थामा जनताको पहुँच अभिबृद्धि गर्न, नेपालको संविधान २०७२,  स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि आदेश २०७४ ले प्रसस्त गरेको अवसरहरुको सिर्जना गर्दै ***सुखि: नेपाली समृद्ध नेपाल***को राष्ट्रिय लक्ष्यलाई सवलिभुत बनाउने प्रस्थान विन्दुका रुपमा आफ्नो क्षेत्रका सबै विवरणहरुको संकलन गर्दे, विद्यमान संभवनाका क्षेत्रका आधार तय गर्न अदानचुली गाउँपालिकाद्धारा यो गाउँको वस्तुगत  विवरण (गाउँ पार्श्वचित्र) (Village Profile) तयार गरिएको छ ।

कुनै पनि ठाउँको वस्तुस्थिति विश्लेषण गर्न, त्यसको महत्व बुझ्न र विकासको सम्भाब्यता अध्ययन गर्न सहि सूचना तथा तथ्याङ्कहरुले महत्वपूर्ण भूमिका खेल्ने हुनाले गाउँपालिकामा रहेका वडा, विषयगत शाखा तथा कार्यालय, साझेदार निकाय, नीजि क्षेत्र, वित्तिय क्षेत्र, नागरिक समाज लगायत गैर सरकारी संघसंस्थाहरुको तथ्यगत स्थिती झल्काउने र उपलब्ध भएसम्मका सूचना तथा तथ्याङ्कहरुलाई व्यवस्थित ढङ्गले संकलन तथा प्रसोधन गरी यो गाउँ पार्श्वचित्र तयार गरिएको छ । यसले अदानचुली गाउँपालिकाको सामाजिक तथा आर्थिक तथ्याङ्कहरु जस्तै जनसंख्या सम्बन्धी विवरण, कृषि, वन, पशु, स्वास्थ्य, शिक्षा, सडक, खानेपानी, सञ्चार, विद्युत, सिंचाई, सुशासन आदिको स्थिती झल्काउँदछ । यसले निकट भविष्यमा निर्माण हुने पालिकाको आवधिक गाउँ विकास योजना ( आगावियो) को तयारी गरी त्यसको प्रभावकारी कार्यान्वयनमा समेत कोषे ढुङ्गाका रुपमा काम गर्ने विश्वाश लिइएको छ ।

यस पार्श्वचित्रले गाउँपालिकाको आर्थिक एवंम भौतिक विकासको साथै सामाजिक एवं सांस्कृतिक अवस्थालाई समेत अवगत गराउने हुनाले पनि नयाँ संरचना पश्चात निर्माण भएको यो गाउँपालिकाको पार्श्वचित्रलाई महत्वपूर्ण दस्तावेजका रुपमा अघि सारिएको छ ।

## १.२ उद्देश्यहरु

देश नयाँ संरचनामा गएपछि अदानचुली गाउँपालिकाले पहिलो पटक तयार गरेको गाउँपालिकाको पार्श्वचित्र मूलतः गाउँपालिकाको समग्र सूचनाको दस्तावेजिकरण गर्न र आगामी दिनमा गाउँपालिकाको आवधिक गाउँपालिका विकास योजना (आगावियो) तर्जुमा गर्नका लागि वस्तुगत आधार र सूचना सृजना गर्ने काम गरेको छ । यसका अतिरिक्त यो पार्श्वचित्र निर्माण गर्नुको निम्न उद्देस्यहरु रहेका छन् ।

- गाउँपालिकाको बारेमा समग्र जानकारी गराउने ।
- गाउँपालिकाको स्रोत साधनहरुको समष्टिगत विवरण प्रस्तुत गर्ने ।
- अदानचुली गाउँपालिकाको सामाजिक आर्थिक एवं भौतिक अवस्थाको बारेमा जानकारी दिने ।
- गाउँपालिकाको दीर्घकालिन योजना र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।
- गाउँपालिकाको सम्भाव्यता र समस्याहरुको अवगत गराउने ।

## १.३ अध्ययन विधि

(क) नयाँ संविधान अनुसार देश तीन तहको संरचनामा गएपछि पहिलो पटक निर्माण गरिएको अदानचुली गाउँपालिकाको वस्तुगत विवरण पालिकामा रहेका हरेक घरधुरीमा गएर गरिएको घरधुरी सर्वेक्षण २०७५, गाउँपालिकामा भएका विषयगत कार्यालयहरुको वार्षिक योजना तथा प्रतिवेदन, जिल्ला स्थित साविकका विषयगत कार्यालयहरुले प्रकाशन गरेका प्रकाशन तथा प्रगति विवरण र गाउँपालिकामा वस्तुगत विवरण सम्बन्धि आयोजना गरिएका कार्यशाला तथा गोष्टिबाट संकलित सूचनाहरुमा आधारित छ ।

राष्ट्रिय योजना आयोग, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला समन्वय समिति र अन्य सरोकारवाला निकायले तयार गरेको मापदण्ड र प्रकृया अवलम्वन गरी यो गाउँ पार्श्वचित्र निर्माण गरिएको छ । साविकको संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०७४ साल वैशाख २६ गते जारी गरेको गाउँपालिकाको वस्तुगत विवरणको ढाँचाले समावेश गर्नु पर्ने भनी औंल्याएका विषय वस्तुहरुलाई तथ्यमा आधारित भई सम्भव भएसम्म समेट्ने प्रयास गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा **'च'** अनुसारको बस्तुगत तथ्याङ्क संकलन गरी गाउँपालिकाको वस्तुस्थिति देखिने गरी तत्थ्यांक तयार गरिएको छ ।

(ख) २०७४ साल फागुन ४ र ५ गते बसेको अदानचुली गाउँ कार्यपालिकाका प्रमुख समेत रहनु भएका गाउँपालिका अध्यक्ष दल फडेराको अध्यक्षमा बसेको बैठकको निर्णय अनुसार ६ वटैं वडाका अन्तरक्रियात्मक छलफल, टोल र वस्ती स्तरिय छलफल, गाउँका जानकार तथा अगुवाहरुसँगको समूहगत तथा एकल भेटघाटबाट आएका निचोड र सूचनाहरुका आधारमा तयार पारिएका सूचना र तत्थ्यांकलाई अभिलेखिकरण गरेर ।

### १.४. सीमाहरु

गाउँपालिका भएका ६ वटै वडा कार्यालय, विभागिय शाखा कार्यालय, विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयहरु र संघ संस्थाहरुले उपलब्ध गराएका सूचनाहरु, केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरु, साविकका गाविसबाट प्राप्त तथ्याङ्कहरु, विभिन्न मन्त्रालयहरु, विभागहरु, विभिन्न मन्त्रालय, साविकको जिल्ला विकास समिति र जिल्लामा भएका विकासे कार्यालय तथा विकासे निकाय, विभाग तथा संघ संस्थाहरुका वेवसाईटमा उपलब्ध तथ्याङ्क आदिको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । त्यसैले यो अदानचुली गाउँको वस्तुगत विवरण मूलतः प्रारम्भीक र द्वितीय स्रोतमा आधारित रहेर तयार पारिएको छ । त्यसै गरी यो पार्श्वचित्र संघिय मामिला तथा सामान्य प्रशासन  मन्त्रालयले निर्धारण गरेको विषय सूचिमा आधारित भएर तयार गरिएको छ ।

## खण्ड-२

# गाउँपालिकाको भौगोलिक तथा भौतिक स्थिति विश्लेषण

### २.१. गाउँपालिकाको परिचय

कर्णाली प्रदेश अर्न्तगतको हुम्ला जिल्लाका सात गाउँपालिका मध्यको दक्षिण-पूर्वमा अवस्थित गाउँपालिका हो अदानचुली ।

भौगोलिक क्षेत्रको हिसाबले नेपालको दोश्रो ठूलो जिल्ला हुम्ला जनघनत्वका रुपमा कम जनघनत्व भएको को अग्रपंतिमा रहने हुम्ला जिल्लाको जनसंख्या र जनघनत्वका हिसाबले ठूलो गाउँपालिकाको सूचिमा अदानचुली गाउँपालिका पर्दछ । बिडम्बना राजनीतिक चेतानाको अग्रपंतीको अदानचुली भौतिक विकासका हिसाबले निकै पछिल्लो स्थानमा पर्छ । अहिलेसम्म सडकको राष्ट्रिय सञ्जालमा जोडिन नसकेको अदानचुली प्रसस्तै संभावनाको खानी मात्रै होइन् कृषि, पशुपालन र फलफूल खेतीको उर्वर क्षेत्रका रुपमा समेत परिचित छ ।


यातायातको समस्या तथा प्राप्त ज्ञान, सिप र साधनका अभावले यस गाउँपालिकामा उपलब्ध श्रोत साधनलाई प्रभावकारी ढंगले उपयोग गर्न अँझै सकिएको छैन । विगतमा केन्द्र, क्षेत्र र जिल्लाबाट भएको वहिष्करणको ब्यवहारले गर्दा यस पालिकामा बसोबास गर्ने मानिसहरु स्वास्थ, शिक्षा र पोषण जस्ता आधारभूत आवश्यकताको परिपुर्तिबाट बञ्चित छन् । भूगोलका हिसाबले साविकका कालिका र श्रीनगर गाविसको भूगोल एकिकृत भएको यस अदानचुली गाउँपालिका जनघनत्वका हिबले जिल्लाको बढी जनघनत्व भएको गाउँपालिका हो । अवस्थितिका हिसाबले जिल्ला सदरमुकाम  सिमकोटबाट ४४ कोषको दुरीमा छ भने यातायातको हिसाबले

बाजुरको कोल्टी र सिमकोटको विमानस्थल एकमात्रै बिकल्प हुन भने सडक सञ्जालमा समाहित हुन बाजुराको मार्तडी र मुगुको सदरमुकाम जानुको विकल्प छैन् ।

यस खण्डमा अदानचुली गाउँपालिकाको भौतिक, प्राकृतिक, प्रशासनिक तथा ऐतिहासिक विवरण प्रस्तुत गरिएको छ । यसमा खास गरी गाउँपालिकाको भौगोलिक तथा प्रशासनिक अवस्थिति, ऐतिहासिक पृष्ठभूमि, भौगोलिक तथा प्राकृतिक विवरण, जलवायु र जलस्रोतको विवरणको व्याख्या तथा विश्लेषण गरिएको छ ।

## २.२. जिल्लाको ऐतिहासिक पृष्ठभूमि

नेपाल राज्यको कर्णाली अञ्चलमा पर्ने हुम्ला जिल्ला एक उच्च संभावना भएको हिमाली जिल्लाको रुपमा चिनिन्छ । यो जिल्ला देशको सुदुर उत्तर पश्चिममा पर्दछ र देशको उत्तरी विन्दु यारी पनि यही पर्दछ । सन् १३९३ मा मेदिनी बर्मा जुम्लाका शासक भएपछि जुम्लाको शासित प्रदेश हुम्लालाई आफ्नो ज्वाँई बलिराज शाहीलाई दिएका थिए । यिनैको वंशजले सन् १७३६ सम्म यस प्रदेशमा शासन गरे । बहादुर शाहको कालमा वि.सं. १८४६ मा जुम्लालाई गोर्खाली फौजले विजय गरेपछि पनि जुम्ला शासित थियो । भक्ति थापाको नेतृत्वमा आएको फौजले यो विद्रोह दवाउनुको साथै तिव्वतको खोजेरसम्मको भू–भागलाई नेपालको प्रशासकीय क्षेत्रको रुपमा मिलाएका थिए । तिब्बतको ताक्लाकोट उत्तर पश्चिममा अत्याधिक रुपमा बसेका नेपालीहरुको स्थितिबाट पनि भक्ति थापाले तिब्बतका अरु भागहरु नेपालमा मिलाएका थिए भन्ने स्पष्ट हुन्छ । वि.सं. २०१८ सालमा भएको नेपाल अधिराज्यको राजनैतिक विभाजनमा हुम्ला एउटा स्वतन्त्र जिल्लाको रुपमा स्थापित हुन पुग्यो । यस जिल्लाको नामाकरणको एउटा रोचक प्रसंग रहेको छ । अनगिन्ती हिमश्रृंखलाहरुले भरिएको यो जिल्लाको नामाकरण पनि यसैको सेरोफेरोमा आधारित छ । एक थरीको मत अनुसार यसै जिल्लामा अवस्थित प्रसिद्ध तीर्थस्थल खार्पुनाथमा प्राचीनकालमा कोटी होम लगाएको हुनाले यहीं होम लगाएको अर्थात होम+ला बाट अपभ्रंस भई हुम्ला भएको भन्ने भनाई रहेको छ भने अर्का थरीको भनाई अनुसार हुल्म लङरिंग अर्थात साँगुरो नदीबाट अपभ्रंस भई हुम्ला भएको हो भन्ने भनाई रहेको छ । यसका अतिरिक्त हुण जातिहरुको यहीं बाटो भएर ल्हा भञ्ज्याङ्ग काटेर तिब्ब्त क्षेत्रमा प्रवेश गरेको हुनाले हुण र ल्हाबाट हुम्ला भएको भन्ने पनि भनाई रहेको छ ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

## *१.३ )* अदानचुली गाउँपालिकाको नामाकरण

यस गाउँपालिकाको नामाकरण अदानचुली रहनु अघी साविकको श्रीनगर, कालिका र मदना गा.वि.स.को बिचमा रहेको अदानचुली लेख र त्यसलाई आफ्नो वासस्थानकका रुपमा रोजेकी अदानचुली माई (भवानी) को नामाकरणका बारेमा जान्न आवश्यक छ । सत्य युगमा देवताले देवत्व प्राप्त गरे पश्तात यस क्षेत्रकै चर्चित भवानी (माई) ले आफ्नो वासस्थान रोज्ने क्रममा साविकको मदना, श्रीनगर र कालिका गाविसलाई खान पकाउने फलामको ओदानका तिन खुट्टा झै बनाएर टुप्पोमा चुलिएर बसेको स्थानलाई रोजेर बसेका कारण भवानीको नाम नै अदानचुली माई भन्ने रहेको पौराणीक मान्यत छ । त्यही मान्यता स्थापित हुँदै सबैले मदना लेख अर्थात चुलिएको हिमालले तल ओदनाका तिन खुट्टा र माथि ओदानकै चुलीजस्तो भएको हुनाले त्यसको नाम ओदानचुली रहन गएको हो ।

तत्कालिन समयमा कत्थ्य र लेख्यमा उल्लेख भएको ओदानचुली शब्द बिस्तारै खस भाषमा अपभ्रंसित नेपाली भाषाको हस्तक्षपका कारण अपभ्रंसित हुँदा अदानचुली

कायम भएको देखिन्छ । जसबाट हिमालमा बस्ने देवी (माई) को नाम अदानचुली माई र हिमालको नाम अदानचुली हिमाल रहेको देखिन्छ ।

पछि नेपालको संविधान अनुशार जब देश तिन तहमा विभाजन भयो त्यसको संरचना कायम गर्दा सरकारद्धारा गठिन स्थानीय तह पुनर्सरचना आयोगको संशोधित मापदण्ड अनुसार मिति २०७३ साल कार्तिक ११ गते तत्कालिन जिल्ला विकास समिति हुम्लाको सभाकक्षमा जिल्ला स्तरीय सर्वपक्षिय कार्यशाला गोष्ठीले बहुमतका आधारमा जिल्लाका तत्कालिन २७ गाउँ विकास समितिलाई ७ (सात) गाउँपालिका बनाउन गरिएको निर्णय र राजनैतिक दलहरू समेतको उपस्थितिमा मिति २०७३ साल कार्तिक १२ गतेको प्राविधिक समितिको बैठकले गाउँपालिकाको नामाकरण गर्दा स्थानीयको सर्वस्विकार्यता, देवता र हिमालको नाम अर्थात पालिकामा परेका साविकका गा.वि.स.को अपनत्व हुने ठहर गर्दै यस गाउँपालिकाको नामाकरण अदानचुली गाउँपालिका रहन गएको हो । तत्कालिन श्रीनगर कालिका गा.वि.स.का स्थानीय वासिन्दा र अगुवाहरुले जिल्लाको प्राविधिक समितिले गरेको नामकरण माथि असहमती नजनाएपछि स्थाई रुपमा यस पालिकाको नाम अदानचुली रहेको हो ।

## २.४. अदानचुलीको भौगोलिक स्थिति र प्रशासनिक तथा राजनीतिक विभाजन

भौगोलिक अवस्थिति हेर्दा २९$^{o}$ ३५' देखि ३०$^{o}$ ५७' उत्तरी अक्षांश र ८१$^{o}$ १८' देखि ८२$^{o}$ १०' मिनेट पूर्वी देशान्तर सम्म फैलिएको हुम्ला जिल्ला ५६५५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको एक हिमाली जिल्ला हो । साविकका २७ वटा गाविस र २४३ वडा कार्यालय भएको हुम्ला जिल्ला संघिय संरचनाको पुर्नसंरचनामा सात गाउँपालिका र ४४ वडाको नयाँ राजनीतिक तथा प्रशासनिक संरचनामा विभाजित छ । जिल्लाको उर्वर क्षेत्र र जनघनत्वका हिसाबले एक महत्वपूर्ण क्षेत्रका रुपमा रहेको जिल्लाको दक्षिण क्षेत्रका रुपमा स्थापित श्रीनगर क्षेत्रका रुपमा परिचित साविकका श्रीनगर र कालिका गाविसको भू-भागको एकिकृत क्षेत्रफल सहितको नयाँ प्रशानिक संरचनाको स्वरुप नै अदानचुली गाउँपालिका हो ।

भौगोलिक रुपमा जिल्ला सदरमुकाम सिमकोट देखि ४४ कोष दक्षिण पूर्वमा अवस्थित अदानचुली गाउँपालिका मानव विकास सूचाङ्कका आधारले एक विकट पालिकाका रुपमा रहेको छ भने कृषि उत्पादन र स्रोत साधनका हिसाबले निकै संभावनाको क्षेत्रका रुपमा परिचित पालिका हो । स्थानीय तह पुनर्सरचना आयोगको संशोधित मापदण्ड अनुसार मिति २०७३ कार्तिक ११ गते आयोजना गरिएको हुम्ला जिल्ला स्तरिय सर्वपक्षिय कार्यशाला र १२ गते जिल्ला प्राविधिक समितिको बैठकको निर्णय अनुसार अदानचुली गाउँपालिकाको नामाकरण र सिमाना निर्धारण गरिएको इतिहास छ ।

श्रीनगर गा.वि.स. को पूर्वमा सर्केगाड गाउँपालिकाको जैर तथा मुगु जिल्लाको सोरु गाउँपालिका, पश्चिममा ताँजकोटको मदना, उत्तरमा सर्केगाडको सर्किदेउ र

दक्षिणमा कणाली नदी पर्दछ । यो पालिकाको क्षेत्रफल १५०.७६ वर्ग किलोमिटर छ । जिल्लाको कूल क्षेत्रफको २.६६ प्रतिशत ओगटेको अदानचुली गाउँपालिका ६ वडामा विभाजित छ । कर्णाली प्रदेशको हम्ला जिल्लामा पर्ने यो गाउँपालिका समुद्र सतहबाट १५२४ मिटर देखि ५३३७ मिटरमा उचाइमा अवस्थित रहेको छ । भौगोलिक क्षेत्र र बनौटको हिसावले हेर्दा यस पालिकालाई उच्च हिमाली क्षेत्र, उच्च पहाडी क्षेत्र र पहाडी तथा नदीको बेसी क्षेत्र गरी ३ भागमा बाँडिएको छ । यस पालिकाको केन्द्र गाउँ कार्यपालिकाको मिति .........  गतेको बैठकको निर्णय अनुसार साविकको श्रीनगर गाविसकै केन्द्रलाई नै कायम गरेको छ । यस पालिकाको राजनीतिक तथा प्रशासनिक विवरण निम्न तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं.०.१: अदानचुली गाउँपालिकाको वडा स्तरिय प्रशासनिक विभाजन*

| वडा | साविकको गाविस र वडा | वस्तीका नामहरु | निर्वाचन क्षेत्र |
|---|---|---|---|
| १ | श्रीनगर ६, ७ र ८ | थापा गाउँ, महतारा गाउँ र फडेरागाउँ | प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ र प्रदेश सभा निर्वाचन क्षेत्र क अर्न्तगत यो गाउँपालिका पर्दछ । |
| २ | श्रीनगर १, २ र ३ | घण्डारी गाउँ, हबघर, बुढागाउँ र साउबाडा | |
| ३ | श्रीनगर ४ र ५ | फडेरा गाउँ, राकायाबाडा र ढकानीकुना | |
| ४ | श्रीनगर ९ कालिका ७, ८ र ९ | रिल्म, बिगोठी, लौठी र पाम्स | |
| ५ | कालिका १, २, ३ र ४ | काँखे, बारिगाउँ र करगई | |
| ६ | कालिका ५, ६ र ७ | पाल्स, गोठिपाटा र लमही, | |
| **जम्मा** | **६** | **निर्वाचन क्षेत्रः १, इलाका नं. : ९** | |

***श्रोतः गाउँपालिका वस्तुस्थिति सर्वेक्षण २०७५, अदानचुली***

## २.५ माटोको बनावट, उर्वराशक्ति र भू-क्षय

जिल्लाको अन्य भू-भागसँग यस गाउँपालिकालाई तुलना गर्दा कृषि उत्पादनका हिसाबले निकै उर्भर क्षेत्रका रुपमा परिचित छ । कृषि उत्पादनका हिसाबले यस गाउँपालिकोको क्षेत्रलाई हुम्लाको तराईका रुपमा समेत चिनिने भएकापनि यस क्षेत्रको माटोको बनावट निकै उर्वर भएकोमा दुई मत छैन् ।

कुनै पनि किसिमले कृषि उत्पादनमा प्रयोगमा आउन नसक्ने गाउँपालिकाको एक तिहाई भू-भाग (करिब ३०७२ वर्ग कि.मी. क्षेत्रफल) चट्टान र खोलानालाले ढाकिएको छ । भने अन्य भागलाई खेतीयोग्य जमिनका रुपमा प्रयोग गरेर विभिन्न किसिमको अन्न तथा नगदे वाली लगाउन सकिने प्रचुर संभावना छ । यद्यपि उत्तरी क्षेत्रको भिरालो जग्गामा पनि खोरिया फँडानी गरेर खेती गर्ने गरिएकाले विद्यमान पानीका स्रोतरु सुक्दै सुष्क क्षेत्रका रुपमा परिणत हुदै गएको छ । जसले पालिकाको जग्गा क्षयीकरण भएर मरुभूमिमा परिणत हुँदै गई रहेको छ । अन्य क्षेत्र भन्दा वर्षा कम हुने कारणले पनि यस गाउँपालिकाको जमिनको उर्वरा क्षमता अनुसारको उत्पादन गर्न स्थानीय कृषकले सकिरहेका छैनन् । तसर्थ यहाँ अधिकांश समय खाद्यान्नको अभाव हुने गर्दछ । यस पालकाको भू-बनोटका आधारलाई हेर्ने हो भने वैज्ञानिक उपयोगको

आधारमा कृषि, फलफूल, वन तथा जडिबुटी, चरन तथा पशुपालनका लागि निकै उत्तम क्षेत्रका रुपमा उपयोग गर्न सकिने देखिन्छ ।

जिल्लाको उत्पादनसिल क्षेत्रका रुपमा चिनिने यस पालिकामा अन्यत्र जस्तै धान, मकै, कोदो, फापर, चिनो, कागुनो, जनालो, मार्से, गहुँ, र जौलाई अन्नालीका रुपमा खेती गरिन्छ भने सिमि, भटमास, गहत आदि दलहन बालीका रुपमा खेति गरिन्छ भने आलु, काउली, रायो, बेथे, बन्दा, मुला, चोती (गाण्टेमुला) आदि अदानचुलीमा उत्पादन हुने तरकारी बाली हुन् । माटोको प्रकार तथा यस पालिकाको भू-बनोटका आधारमा अदानचुलीलाई निम्नानुसार तीन क्षेत्रमा विभाजन गरेर हेर्न सकिन्छ ।

### २.५.१. दक्षिणतिरको होचो (खेतीयोग्य) क्षेत्र

गाउँपालिका भित्रको गल्फागाड श्रीनगर कालिका सडक भन्दा दक्षिणतर्फका (तुम्च, कमै, गल्फागाढ, थपाली, रिल्म, कालिकाका जिउला समावेश गर्ने) क्षेत्र जुन नदि किनारमा अवस्थित मात्र छैन् त्यहाँ कुनै न कुनै माध्यमले सिचांई गर्न सकिने भएकाले यो क्षेत्र त्यसतुलनात्मक रुपमा समथर छ । यति मात्रै होइन, यो भू-भाग नदी नालाले बगाएर ल्याएको मलिलो माटो भएको क्षेत्र समेत हो । यहाँ पाँगो, दोमट तथा बलौटे माटो पाइन्छ जसमा धान, गहुँ र मकै खेती गरिनुका साथै यसमा अन्य तरकारी, दलहन र नगदे बालीको समेत राम्रो संभावना छ ।

### २.५.२. मध्ये क्षेत्र

गाउँपालिकामा निर्माणधित सडक खण्डदेखि माथिको उच्च भू-भागमा रहेका ठूला फाँटहरु यस क्षेत्रमा पर्दछ । रातो र चिस्यान माटो बढी भएकाले यस क्षेत्रमा विभिन्न किसिमका फलफुल र बहूमूलय जडिवुटीहरुको निकै ठूलो संभावना छ । यसका अलावा पालिकोको क्षेत्रमा पर्ने वनजंगलको ठूलो क्षेत्र र चरणको समेत निकै ठूलो भाग भएकाले अदानचुली गाउँपालिकालको यो क्षेत्र पशुपलानका लागि समेत पकेट क्षेत्रका रुपमा विकास गर्न सकिने छ ।

### २.५.३ .. जलवायु

हिमाली जिल्लाको रुपमा चिनिएटको हुम्ला जिल्लाको दक्षिण पुर्वमा अवस्थित अदानचुली गाउँपालिका पर्यावरणीय क्षेत्र तथा जलवायुको हिसावले हेर्दा होचो नदीतट तथा बेंशी क्षेत्र र मध्य पहाडी गरी २ भागमा विभाजित भएको हुँदा यहाँको जलवायुमा पनि सोही अनुसारको भिन्नता पाइन्छ । समुद्र सतहको १५२४ मिटर देखि ६००० मिटरसम्मको उचाईमा अवस्थित भूगोल यस पालिकामा पर्ने भएकाले पनि यहाँको हावापानी शितोष्ण, समशितोष्ण र उतोष्ण तीनै किसिमको पाइन्छ । यस पालिकाको तापक्रम अधिकतम १५$^{0}$ देखि ३०$^{0}$ सेल्सियस र न्यूनतम तापक्रम -० $^{0}$ देखि -९$^{0}$ सम्म पुग्ने गर्दछ । यस पालिका जिल्लाको दक्षिण-पुर्वको शुष्क क्षेत्र भएको हुँदा तुलनात्मक रुपमा जिल्लाका अन्य पालिका भन्दा यहाँ वर्षा कम हुन्छ । यहाँको वार्षिक औषत वर्षा १०.४ देखि १००.९ मिमि लिटरसम्म भएको पाइन्छ ।

भौगोलिक विविधता, प्राकृतिक विषमताको पर्यायका रुपमा रहेको यस गाउँपालिकामा तुम्च मकै जस्ता वर्षका ३ बाली पाक्ने अति गर्मि ठाउँ देखि कोईलेख जस्ता वर्षमा एक बाली मात्रै पाक्ने ठाउँहरु पर्दछन् । जसलेपनि यो पालिका जलवायुका दृष्टिले समेत निकै धनी छ ।

### २.५.४. जलभण्डार

अदानचुली गाउँपालिकाको क्षेत्रमा पानीका स्रोत केही कम भएका कारण यसलाई जिल्लाकै अति सुष्क (सुख्खा) क्षेत्रका रुपमा चिनिने गरिएको छ । गाउँपालिकामा भएको साविकको कालिका गाविसमा पानीका मुहान प्रसस्तै भएपनि साविकको श्रीनगर गाविसमा बढ्दे गएको जंगलको फणानी र जलवायू परिवर्तनको असरका कारण विद्यमान पानीका मुहान सुक्दै गएपछि पछिल्लो समय खानेपानीको समस्या देखा पर्न थालेको छ । साविकको श्रीनगर गाविस अर्थात हालको अदानचुली गाउँपालिकाको केन्द्रमा खोने पानीको समस्याले साविकको कालिका गाविसमा भएको मुहनाबाट ल्याएर खानेपानी आपूर्ति गरिएको छ ।

नेपालको सबभन्दा लामो नदी कर्णाली तिब्बतबाट यारी नाकाबाट शुरु भएर यही पालिकाको भू-भाग भएर बगेपनि मकैको (तली) वालुमा बाहेक अन्यत्र कतै प्रयोगमा आएको छैन् । गाउँपालिकाको बिच क्षेत्रमा बग्ने गल्फागाढ खोलाले पालिका भित्रका प्रसस्तै खोचहरुमा भएका जग्गामा जग्गमा सिञ्चित भएको छ । पालिकाको हिमाली क्षेत्रमा केही हिमताल (तालको नाम लेख्ने) र उच्च क्षेत्रमा रहेका पानीका मुहान (नौ मुले, चुम्लाया दह, ....... आदि क्षेत्रमा भएका) दर्जन भन्दा बढी पानीका मुहानहरुले गाउँपालिका विभिन्न वस्तीमा खानेपानी आपूर्ति गर्ने काम भएको छ ।

### २.५.५. गाउँपालिकामा मनाईने मुख्य चाडपर्वहरु

बाह्रमण, ठकुरी, क्षेत्री, दलित समुदायको बसोवास रहेको अदानचुली गाउँपालिका हिन्दुहरुको बाहुल्यता रहेकाले राष्ट्रिय चाडपर्वहरु दशै, तिहार, माघे संक्रान्ती, चैते दशै, साउने संक्रान्ती र स्थानीय चार्डपर्वहरु भैलो, भुवो, पिठायो अनन्ते पूर्णिमा (माझ पुर्णिमा), साउन पूर्णिमा (जनै पूयिर्णमा), चोखे, दसरा, माघ पूर्णिमा , कार्तिक पूर्णिमा( कोजाग्रत पूर्णिमा) गौरा पर्वलाई दशैं तिहार भन्दा पनि धुमधाम साथ मनाउने गरिन्छ ।

यहाँका स्थानीय चाडहरुमा स्थानीय देउडा लोक नृत्य महिला र पुरुषको समूह बनाई गाउने र नाच्नुका साथै हरेक पूर्णिमा स्थानीय देवी देवताका मन्दिर (थानहरुमा) धानी नाच नाच्ने प्रचलन छ । यसका अलावा पालिकामा नगण्य मात्रामा रहरेका बौद्धधर्मालम्बीहरु ल्होसार र क्रिश्चियनहरुले क्रिश्मसलाई समेत मनाउन शुरु गरिएको छ ।

### २.५.६. भेषभूषा

भौगोलिक र प्राकृतिक विषमता भएको अदानचुली गउँपालिका रहन सहन र भेषभूषामा पनि विविधखाले छ ।

गाउँपालिकाका पाम्स, लमै, बारिगाउँ, पाल्स जस्ता क्षेत्रहरुमा जनजातिसँग मिल्दो जुल्दो प्रकारको रहनसहन छ भने काँखे बारिगाउँ, कर्गैईका ठकुरी वस्तीहरुमा ठकुरीकै भेषभुषा छ । यसैगरी लौठीका ब्राह्मण समुदायमा ब्राम्ह्णकै भेषभुषा र साविकको श्रीनगर गाविसका अधिकांश वस्तीहरुमा क्षेत्रीहरुको वस्ती भएकाले केही पृथक खाले भेषा भएकाले पनि यस पालिकाको विविधतालाई नकार्न सकिदैन् । पाल्स, ओखाडी, बारिगाउँमा पालिकाका अन्य क्षेत्रभन्दा बढी वर्षा हुने र हिउँ परेर तुलनात्मक रुपमा बढी जाडो हुने भएकाले वख्खु, पाखोको सुरुवाल, दोचा लगाउने गरेको पाइन्छ भने अत्याधिक गर्मी हुने तुम्च, मकै, गल्फगाड क्षेत्रमा हाप पेन्ट र टिसर्ट लगाउने गरेको पाइन्छ । पालिकाको अन्य क्षेत्रका वासिन्दाले दौरा सुरुवाल, कोट, चोलो धोती तथा पेन्ट सर्ट लगाउने गर्दछन । महिलाहरुले लगाउने स्थानीय परम्परागत गरगहनाका बिस्तारै लोप हुँदै आधुनिकता तर्फ ढल्कदै गएको छ ।

परम्परा देखि नै स्थानीय महिलाले लगाउने पोते, कौडाका माला, मुगा र सिक्का, नानीमाला, ठूलीमाला (चाँदीका सिक्काका माला) गौरीसंक, हातमा चुरा र बाला, खुट्टामा कल्ली, नाकमा फुली वुलाकी, टोप, कानमा कम्पनी, खुकीला चाँदी तथा सिल्भरले बनाइएका गहना), चखी (सुनको गहना) औठी आदि लगाउने गरेको पाइन्छ । पुरुषहरुले स्थानीय स्तरमै कपासको खेती गरेर त्यसैबाट तयार पारिएका ठेटुवा ( घरबुना) का कपडा लागउने रैथाने चलन पछिल्लो समयमा भने बिस्तारै लोभ हुँदै गएपछि अहिले बजारमा पाईने अन्य आधुनिक भेषभुषालाई अंगालेको पाइन्छ ।

### २.५.७. पालिकाको सामाजिक मूल्य मान्यता र विश्वास

'ब्रह्मपुरी जुम्लोः, देवपुरी हुम्लो' भन्ने स्थानीय स्तरमा चर्चित लोकउत्ती अनुशार अदानचुली गाउँपालिकाको सामाजिक मुल्यमान्यता पनि जिल्लाका अन्यक्षेत्रभन्दा पृथक छैन् । यहाँका अधिकांश वासिन्दा हिन्दु धर्ममा आस्था राख्ने भएका कारण धामी, झाक्री तथा लामामा निकै ठूलो विश्वास रहेको पाइन्छ यानकी यहाँको जीवनशैली र धामी झाँक्री एक सिक्काकाा दुई पाटा जस्तै देखिन्छ । पालिकाका प्रायः जसो घरमा आफ्ना घर परिवारका सदस्य बिरामी पर्दा, कुनै अनिष्टको संकेत पाउँदा वा राम्रो अर्थात नराम्रो सपना देख्ने देखि खेतबारीको बाली सप्रे/बिग्रे देखि पशुवस्तु बिरामी परेको बखतमा समेत धामी, झाक्रीको धमेलो बसाउने र उपचार गर्ने प्रचलन रही आएको छ ।

यस पालिकामा भएका बहुसख्यक हिन्दु धर्मसंस्कार अनुसार जन्म देखि मृत्युसम्मका विभिन्न संस्कारहरु जस्तै न्वारन, पास्नी, व्रतवन्ध, दान -ग्रहशान्ति बनाउने स्थानीय प्रचलन), भातबाग्रो (खुशियालीमा उत्सव मनाएर सामुहिक पार्टी दिने स्थानीय प्रचलन), विवाह र मृत्यू पछि काजक्रिया गर्ने चलन छ । मृत्यु पश्चात लाशलाई (

अक्सर गरेर १५ वर्षभन्दा माथिका) जलाउने र वच्चाहरुको भए जमिनमा चिहान खनेर गाड्ने चलन छ । मृत्यु हुँदा प्रायः १३ दिन काजकिरिया गरेर सक्ने चलन यस पालिकामा पुरानै देखि चलि आएको हो । तर केही वर्षयता समय र परिस्थिति अनुशार ९ देखि १३ दिनसम्म आफूलाई अनुकुल मिलाएर किरिया सक्ने गरिएको समेत पाइन्छ । आफ्नै वुवा मर्दा एक वर्षसम्म मासु नखाने र आमा मर्दा १ वर्षसम्म दुध नखाने यस पालिकाको निकै पुरानो चलन अहिले पनि कायमै छ ।

यहाँका अधिकांश वस्तीमा महिलाहरु नछुने (छुइ) हुँदा ५ देखि ९ दिनसम्म र सुत्केरी हुँदा २० दिनसम्म अछुत भई छुन नहुने परम्पराले गर्दा पशु राख्ने गोठमा राख्ने र त्यही खाना दिने प्रचलन अहिलेपनि जस्ताको त्यस्तै छ । यद्यपी पालिका र विभिन्न सामाजिक संघसंस्था तथा सञ्चारमाध्यमले सञ्चालन गरेका चेतनामुलक कार्यक्रमले भने केही खुकुलो हुँदै गएको देखिन्छ । पहिलो पटक छुई भएकी वालिका घरका कसैको अनुहार नहेरेर ९ दिनसम्म घरदेखि लुकेर बस्ने चलन छ भने त्यसपछिका हरेक महिनावारीमा ४ दिनसम्म गोठमा बस्ने र पाँचौ दिन नुहाई धुवाई गरेर घरभित्र पस्ने गर्दछन् ।

घरमा छोरा जन्मेमा धुमधामका साथ छैट (छोरा जन्मेको दिन छतमा चाँणची नामक एक प्रकारको खेल खेल्ने) लगाउने, ९ दिनमा न्वारान गर्ने, जन्म कुण्डली बनाउने र छोरी हुँदा अर्काको घर जाने भन्दै वास्ता नगर्ने पितृसतात्मक सोच अहिलेपनि यहाँका वस्तीमा व्याप्त छ । जातिय विभेदले जगडिएको यस पालिकाका अधिकांश वस्तीहरुमा अहिले पनि जातिय छुवाछुत कायमै छ । शाही, ठकुरी जस्ता माथिल्लो जातकाले आफु भन्दा तल्लो जातले छोएको नखाने परम्परा भए पनि हाल क्रमशः हट्दै गएको पाइन्छ ।

### २.५.८. विवाह पद्धती तथा वैवाहिक प्रचलन

जिल्लाका अन्य वस्तीहरु झैं यस अदानचुली गाउँपालिकाको विवाह पद्धति परम्परागत ढंगले नै हुने गरेको पाइन्छ । जसले गर्दा वाल विवाह गर्ने अझैसम्म पनि प्रचलनमै छ । यहाँ विवाहको उमेर प्रायः १३ वर्ष देखि २० वर्षसम्म गर्ने प्रचलन रहेको भएपनि ब्राह्मण जातीले छोरीको विवाह महिनावारी नहुदै गरी दिने प्रचलनले गर्दा यदाकदा कुनै विवाह १० वर्षको हाराहारीमै पनि हुने गरेको पाइन्छ ।

बाम्हण, शाही ठकुरी, क्षेत्री र दलित जातिको वाहुल्यता भएको यस पालिकाको वैवाहिक सम्बन्ध जाति अनुसार हुने गरेको पाइन्छ । क्षेत्री र दलित जातिले आफ्नै पालिकाका कुटुम्भ र छिमेकी गउँपालिका देखि अन्य जिल्लासम्म जाने गरेका छन् भने ठकुरी समुदायकले जिल्लाका सर्केगाड, चंखेल्नी, ताँजकोट, खार्पुनाथ र सिमकोट गाउंपालिका लगायत बझाङ्ग, अछाम र बाजुरा जिल्लासम्ममा वैवाहिक सम्बन्ध बिस्तार गरेको देखिन्छ । पहिला पहिला मुगु, बाजुरा र जुम्लामा वैवाहिक सम्बन्ध बिस्तार

गरेकाब्राह्मण जातिले पछिल्लो समय आफ्नै पालिका र जिल्लाकै अन्य पालिकामा समेत वैवाहिक सम्बन्ध बिस्तार गरेको देखिन्छ ।

यस पालिकामा विवाह भएकी आइमाईलाई अर्काले विवाह गरेमा जारी तिर्नु पर्ने पुरातनवादी परम्परा अँझै कायमै छ । यद्यपी, हाल क्रमशः हट्दै गएको पाइन्छ । जारीको मात्रा विहे गरेकी महिलाको श्रीमान र घरको सम्बन्धको प्रकृती र लगानीको अवस्था हेरी १०/१५ हजार देखि २ लाखसम्म हुने गरेको पाइन्छ । जो पुरुषले जारीको रकम धेरै तिर्न सक्छ उ समाजमा मान्य हुने पुरानो व्यवस्था यस पालिकामा छ । तर आधुनिक जीवनको प्रभाव र महिला मैत्री कानुन निर्माण देखि महिलामा आएको जागरणसँगै पछिल्लो समय यो प्रचलन विस्तारै हट्दै गएको पाईन्छ ।

## २.५.९. मठ मन्दिर र गुम्वाहरु

अदानचुली गाउँपालिका अर्न्तगतका ६ वटै वडाहरुमा हिन्दु धमार्वलम्वीहरुको वसोवास रहेकोले हिन्दुहरुका स्थानीय देवताका मन्दिरहरु प्रशस्तै छन् । यस पालिकामा जिल्लाकै कहलिएका देवता कालसिल्लो, मदानो, सर्की, लवासुर,मष्टो, मण्डाल्नी, खाण्या, काल्या, जगनाइक्या (........कालिका र गिोठीका देवताका नाम समावेश गर्ने) आदिका माडु प्रशस्तै छन् । दोमुखा, नौमुले, नाच्ने डाँडा, थान यस पालिकामा आदि रहेका छन भने पछिल्ला वर्षहरुमा यदाकदा देखा परेका क्रिश्चियन धर्मालम्बीहरुले पालिकाका २।३ स्थानमा व्यक्तिगत घरलाई चर्चका रुपमा प्रयोग गर्न थालेका छन् ।

# खण्ड-३
# जनसंख्या विवरण

## ३.१. जनसंख्याको आकार

६ वटा वडा र २६ वस्ती रहेको अदानचुली गाउँपाकिला राष्ट्रिय जनगणना २०५८, २०६८ र घरधुरी सर्वेक्षण २०७५ को जनसंख्याको तुलनात्मक अवस्थालाई समेत यहाँ प्रस्तुत गरिएको छ । २०५८ को जनगणना अनुसार जनसंख्या जोड्दा ७७० घरधुरी भएको यस पालिकामा ४८२४ जनसंख्या रहेको थियो भने यो संख्या २०६८ सालमा आईपुग्दा ७११६ पुगेको देखिन्छ ।

नेपालको नयाँ संविधान अनुसार राज्यको पुर्नसंचनाको नयाँ खाका अनुसार अदानचुली गाउँपालिका कायम भएको यस गाउँपालिकाको ०७५ सालमा गरिएको घरधुरी सर्वेक्षण अनुसार १२९० घरधुरी र ८४७१ जनसंख्या रहेको छ । जसलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं.०. २: अदानचुली गाउँपालिकाको जनसंख्याको आकार*

| गाउँपालिकाको नाम | जनगणना २०५८ | | | | | जनगणना २०६८ | | | | | घरधुरी सर्भेक्षण २०७५ | | | | | जनसंख्या वृद्धि | जनसंख्या वृद्धिदर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | औषत घरधुरी आकार | घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | औषत घरधुरी आकार | घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | औषत घरधुरी आकार | घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | | |
| अदानचुली | ६.३८ | ७७० | ४८२४ | २५२० | २३०४ | ५.९ | ११२१ | ७११६ | ३५४३ | ३५७३ | ६.३४ | १२९० | ८४७१ | ४२३८ | ४२३३ | | |

**स्रोत :** *Intensive Study and Research Centre, Kathmandu, Napal (2012), District and VDC Profile of Nepal-2013 & Household survey 2075.*

१ हजार २ सय ९० घरधुरी भएको अदानचुली गाउँपालिकामा भएको ८ हजार ४ सय ७१ जनसंख्या मध्ये पुरुषको संख्या ४ हजार २ सय ३८ अर्थात कूल जनसंख्याको ५०.०२ प्रतिशत र महिलाको संख्या ४ हजार २ सय ३३ अर्थात ४९ दशमलव ९७ प्रतिशत रहेको छ ।

वडागत रुपमा यस पालिकाको जनसंख्यालाई हेर्ने हो भने वडा नम्बर ५मासबैभन्दा बढी जनसंख्या भएको वडा हो । कर्गाइ, बारिगाउँ र काँखेगरी तिनवस्ती भएको यो वडामा १ हजार ७ सय ७७ जनसंख्या छ । जहाँ ९ सय १७ महिला र ८ सय ६० पुरुषको संख्या छ । यसपछि १ नम्बर वडाको जनसंख्या छ । जहाँ ७ सय ७५ महिला र ८ सय ४९ पुरुषको संख्या गरी १ हजार ६ सय २४ छ । जनसंख्याका हिसाबले अदानचुलीको वडानम्बर छ सबैभन्दा सानो अर्थात १ हजार २८ छ । वडागत हिसाबमा अदानचुलीको जनसंख्यलाईको अवस्थालाई तलको तालिकाले थप प्रष्ट पारेको छ ।


तालिका वडा अनुशार जनसंख्याको वितरण

| वडा | घरधुरी संख्या | जनसंख्या | | | जनसंख्या प्रतिशत | औषत परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | | |
| १ | २०१ | ८४९ | ७७५ | १६२४ | १९.१७१२९ | | |
| २ | २२१ | ७४९ | ७११ | १४६० | १७.२३५२७३ | | |
| ३ | २२७ | ७५९ | ७७९ | १५३८ | १८.१५६०६२ | | |
| ४ | १७० | ५०० | ५४४ | १०४४ | १२.३२४४०१ | | |
| ५ | २९० | ८६० | ९१७ | १७७७ | २०.९७७४५२ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | १८१ | ५२१ | ५०७ | १०२८ | १२.१३५५२१ | | |
| जम्मा | १२९० | ४२३८ | ४२३३ | ८४७१ | १०० | | |

***स्रोत: घरधुरी सर्वेक्षण २०७५***

यस पालिकाको वडागत जनसंख्यालाई निम्न चार्डबाट समेत देखाउन सकिन्छ ।




## ३.२. व्यक्तिगत घटना दर्ताको अवस्था

देशको सबैभन्दा तल्लो तह अर्थात नागरिकसँग प्रत्यक्ष सम्बन्ध जोडिएको गाउँपालिकामा हुने व्यक्तिगत घटना दर्ता योजना तर्जुमा पनि अत्यन्त महत्वपूर्ण पक्ष हो । नियमित रुपमा भइरहने अनिवार्य प्रक्रियाका रुपमा लिईने व्यक्तिगत घटना दर्ता स्थानीय तह देखि प्रदेश र संघिय सरकारलाई समेत निकै महत्वपूर्ण मानिन्छ । विगतमा स्थानीय निकायका कार्यालय नियमित रुपमा गाउँमा नखुल्नु, व्यक्तीगत घटना दर्ता सम्बन्धित स्थानीय नागरिकमा राम्रो जानकारी र महत्वका बारेमा चेतना नहुनु लगाएका कारण यस गाउँपालिकामा भने केही कम देखिन्छ ।

अहिलेसम्म यस पालिकामा कति बच्चा जन्मिए ? कतिको मृत्यु भयो ? कतिको विवाह भयो ? कतिजनाले बसाई सरे ? भन्ने जानकारी व्यक्तिगत घटना दर्ताबाट मात्रै पाईन्छ । यस्ता घटना दर्ता गर्ने कार्यले बालबालिकाहरु विभिन्न अधिकार मध्ये जन्म दर्ता हुन पाउने अधिकार पनि सुरक्षित गर्दछ । यस सम्वन्धी विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.०.३: वडा अनुशार व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण

| वडा | कुल जनसंख्या | घटना दर्ता गर्नेको संख्या | घटना दर्ता गर्ने | प्रतिशत | दर्ता भएका घटनाका प्रकार |
|---|---|---|---|---|---|

| | | महिला | पुरुष | जम्मा | | जन्म | विवाह | मृत्यु |
|---|---|---|---|---|---|---|---|---|
| १ | १६२४ | ६०७ | ६९९ | १३०६ | ८०.४२ | १२२५ | ५९ | २ |
| २ | १४६० | 337 | 455 | ७९२ | ५४.२५ | ७४२ | ५० | ० |
| ३ | १५३८ | २३१ | २५३ | ४८४ | ३१.४७ | ४१८ | ६९ | ६ |
| ४ | १०४४ | १३५ | १३९ | २७४ | २६.२५ | ७४ | २ | १ |
| ५ | १७७७ | १०८ | १०५ | २१३ | ११.९९ | १५२ | ५९ | १ |
| ६ | १०२८ | १०५ | ११६ | २२१ | २१.५ | १८० | ४१ | १ |
| जम्मा | ८४७१ | १५२३ | १७६७ | ३२९० | ३८.८ | २७९१ | २८० | ११ |

***स्रोत: घरधुरी सर्वेक्षण २०७५***

## ३.३. बसाई सराई

बसाईसराई पनि विकासको एक प्रमुख सूचकको रुपमा रहेको हुन्छ । हुम्ला जिल्लामै अस्थायी वसाईसराई गर्नेको दर निकै उच्च छ । त्यसको तुलनामा स्थायी वसाइसराई गर्नेको संख्या कम छ । समग्र जिल्लाको बसाइसराईको अवस्था जस्तै यस अदानचुली गाउँपलिकामा पनि अस्थायी बसाइसराई गर्नेको संख्या निक्कै उच्च छ । एकजनाकै लेक, वेशी र विभिन्न खर्क गरी ३ देखि ५ स्थानमा घर हुने वासिन्दाको बाहुल्यता यस पालिकामा छ । जुन घरमा मौसम अनुशार ३ देखि ६ महिनासम्म आलोपालो गरी बस्ने प्रचलनले यहाँको अस्थायी बसाइसराई निकै धेरै नै हुने गरेको हो ।

हिउँदको जाडो मौशममा गर्मी स्थानमा र गर्मी याममा शितल स्थान (उच्च स्थानमा) तर्फ बसाइसराई गर्ने प्रचलन यो पालिकाको निकै पुरानो हो । वडा नं १,२, ३ का वासिन्दाको बसाई सराई हिउँदको समयमा गल्फागाड, मकै र तुम्चमा हुने भए झैं वडा नं ४ को ……. ५ को …. र ६ को ….. मा अस्थायी बसाईसराई गर्ने प्रचलन छ । यसैगरी वर्षाको समयमा आफ्ना जग्गा जमिन भएका लेख र खर्कहरुमा बसाइसराई सर्ने प्रचलन छ । यसरी अस्थायी रुपमा गरिने बसाइसराई कुनै निकायमा दर्ता गर्ने प्रचलन यस पालिकामा छैन् । आफ्नो जग्गा जमिन भएको ठाउँमा मलखात बनाउन पशुवस्तु राख्ने र त्यसमा आफूपनि बस्ने गर्नाले यहाँको अस्थायी बसाइसराईको दर उच्च देखिएको हो । यसैगरी जीविकोपार्जनको लागि देशका विभिन्न भाग तथा छिमेकी मुलुक भारतमा मौसमी रुममा काम गर्न जाने प्रक्रिया नियमित जस्तै हुने गर्छ । यस प्रकार काम गर्न बाहिर जाने र आउने क्रममा केही सुविधा भएका ठाउँमा स्थायी रुपमा बसाई सराई गर्ने चलन रहि आएको छ ।

जिल्लाको भौगोलिक विकटता, सेवा सुविधाको पहुँचमा कमी, गरिबी, खाद्य असुरक्षा, बेरोजगारी, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई जस्ता समस्याहरुका कारणले अस्थाई बसाइसराईको तुलनामा स्थायी बसाइसराई कम भएपनि पछिल्लो समयमा यो दरपनि बिस्तारै वृद्धी हुदै गएको देखिन्छ । यस पालिकाबाट अन्य जिल्ला विशेष गरी तराईमा स्थायी बसाई सराई गर्ने चलन रहेको छ । तत्कालिन सरकारले बाहिरी

जिल्लाबाट शिक्षक र अन्य निजामती सेवामा कार्यरत कर्मचारीका लागि सतप्रतिशत दुर्गमभत्ता दिने नियम लागु गरेपश्चात उक्त भत्ताको लोभमा यस पालिकाका केही शिक्षक कर्मचारीले तराई क्षेत्र, सुर्खेत, बर्दिया, नेपालगञ्ज आदि स्थानमा जग्ग लिएर गरिएको स्थायी बसाइसराई बाहेक अन्यले खासै स्थायी बसाइसराई गरेको देखिदैन् । यहाँका वासिन्दाको स्थायी बसाइसराई जस्तै बाहिरबाट यसपलिकामा बसाईसराई गरि आउनेको संख्या लगभग श्‌न्य नै छ । तर जिल्लाकै तराई क्षेत्रका रुपमा चिनिने यो क्षेत्रमा संभाव्य स्थानीय बजार केन्द्रलाई व्यवस्थित गर्ने र बजारको पूर्वाधार निर्माण गर्न सकेको खण्डमा जिल्लाका अन्य क्षेत्रको छरिएका वस्तीहरु यस पालिकामा बसाई सरेर आउने संभावनालाई भने नकार्न सकिदैन् ।

## ३.४. अदानचुलीको जनसंख्याको बनावट


यस अदानचुली गाउँपालिकोको कुल जनसंख्या ८ हजार ४ सय ७१ मध्ये उमेरगत आधारमा भएको जनसंख्यालाई हेर्दा सबैभन्दा बढी २५ देखि ४० वर्ष उमेर समुहको संख्या देखिन्छ । जुन १ हजार ७ सय ३९ अर्थात संख्याको २० दशमलव ५२ प्रतिशत रहेको छ । यसैगरी दोस्रोमा १० देखि १६ वर्ष उमेर सम्हको जनसंख्या १ हजार ३ सय २४ अर्थात १५ दशमलव ६२ प्रतिशत छ भने सबैभन्दा कम ६० वर्ष भन्दा माथिको उमेर समूहको संख्या छ। जो जम्म ३ सय ८७ अर्थात कूल जनसंख्याको ४ दशमलव ५६ प्रतिशत मात्रै छ । गाउँपालिकाले ०७५ मा गरेको घरधुरी सर्वेक्षण अनुसार यस गाउँपालिकाको वडा अनुसार उमेरगत जनसंख्याको बनावट तपसिल बमोजिमको रहेको छ ।

## तालिका नं.०.४: पलिकाको उमेर समूहको जनसंख्या

| वडा | वस्तीको नाम | घरधुरी संख्या | ०२ बर्ष मुनीको | | | ०२ बर्ष देखि ०५ बर्ष सम्म | | | ०६ बर्ष देखि ०९ बर्ष सम्म | | | १० देखि १६ बर्ष सम्म | | | १७ देखि २५ बर्ष सम्म | | | ,२५ देखि ४० बर्ष सम्म | | | ४० देखि ६० बर्ष सम्म | | | ६० देखि माथी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालिका | बलक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | कल्खे | २०१ | ८२ | ८३ | १६५ | ७२ | ८५ | १५७ | ९८ | १३१ | २२९ | १२१ | १४३ | २६४ | १०७ | ११८ | २२५ | १६६ | १५६ | ३२२ | ९० | १०१ | १९१ | ३९ | ३२ | ७१ |
| | साहुवाडा | २४ | ११ | ७ | १८ | १६ | ५ | २१ | ११ | ११ | २२ | ५ | १० | १५ | २० | १६ | ३६ | १५ | १५ | ३० | ८ | ९ | १७ | ५ | २ | ७ |
| | बुढागाँउ | ४४ | १२ | १२ | २४ | २० | २१ | ४१ | १६ | २७ | ४३ | २४ | ४१ | ६५ | २५ | ३५ | ६० | २८ | ३० | ५८ | २६ | २७ | ५३ | ९ | ५ | १४ |
| | महतारागाँउ | ३४ | ८ | १० | १८ | ९ | ८ | १७ | १८ | १० | २८ | १२ | २१ | ३३ | १८ | २३ | ४१ | २२ | १८ | ४० | १४ | १९ | ३३ | ११ | ८ | १९ |
| २ | भण्डारीवाडा | ६३ | ८ | १२ | २० | १४ | १९ | ३३ | २२ | २६ | ४८ | ४१ | २८ | ६९ | ३० | ४० | ७० | ४३ | ३९ | ८२ | २९ | २४ | ५३ | १६ | ६ | २२ |
| | कुलालबाडा | १७ | ४ | ७ | ११ | ५ | ६ | ११ | ७ | ४ | ११ | ७ | १४ | २१ | ४ | ६ | १० | १३ | ११ | २४ | ४ | ६ | १० | ३ | २ | ५ |
| | हवघर | ३९ | ६ | ५ | ११ | ११ | १५ | २६ | १४ | ११ | २५ | १५ | २१ | ३६ | १२ | २२ | ३४ | २१ | १६ | ३७ | १५ | १३ | २८ | ४ | ६ | १० |
| | जम्मा | २२१ | ४९ | ५३ | १०२ | ७५ | ७४ | १४९ | ८८ | ८९ | १७७ | १०४ | १३५ | २३९ | १०९ | १४२ | २५१ | १४२ | १२९ | २७१ | ९६ | ९८ | १९४ | ४८ | २९ | ७७ |
| | रोकायागाँउ | ९० | २८ | २० | ४८ | ४० | ३२ | ७२ | ३६ | ४० | ७६ | ५० | ४९ | ९९ | ४३ | ५८ | १०१ | ६२ | ५७ | ११९ | ३९ | ३६ | ७५ | १९ | ९ | २८ |
| | ढकनेकुना | १४ | ४ | ६ | १० | ५ | ४ | ९ | ७ | ४ | ११ | ६ | ७ | १३ | ४ | ७ | ११ | ८ | ९ | १७ | ५ | ४ | ९ | २ | ३ | ५ |
| ३ | पुद्दुकोट | ३ | १ | १ | २ | ० | १ | १ | २ | २ | ४ | १ | २ | ३ | १ | ३ | ४ | ५ | ३ | ८ | १ | २ | ३ | ० | ० | ० |
| | फडेरागाँउ | १०१ | १९ | १५ | ३४ | ३४ | १८ | ५२ | ५१ | ६२ | ११३ | ४३ | ४९ | ९२ | ४८ | ४५ | ९३ | ८६ | ७९ | १६५ | ४८ | ४३ | ९१ | १३ | १५ | २८ |
| | गोरपाली | १९ | ७ | ६ | १३ | ४ | १२ | १६ | ९ | ९ | १८ | १४ | ११ | २५ | ११ | १६ | २७ | १३ | ८ | २१ | ७ | ८ | १५ | ३ | ४ | ७ |
| | जम्मा | २२७ | ५९ | ४८ | १०७ | ८३ | ६७ | १५० | १०५ | ११७ | २२२ | ११४ | ११८ | २३२ | १०७ | १२९ | २३६ | १७४ | १५६ | ३३० | १०० | ९३ | १९३ | ३७ | ३१ | ६८ |
| | पाम्स | ३८ | १९ | २२ | ४१ | १३ | १५ | २८ | ९ | १२ | २१ | १६ | १९ | ३५ | 11 | १२ | २३ | २४ | २५ | ४९ | १८ | १८ | ३६ | ५ | २ | ७ |
| | रिल्म | २५ | ९ | ७ | १६ | १० | ५ | १५ | ८ | १० | १८ | १५ | ६ | २१ | 13 | १० | २३ | १६ | १७ | ३३ | ५ | ४ | ९ | ६ | ४ | १० |
| | विगोठी | ४७ | १२ | १३ | २५ | २० | १० | ३० | २१ | २० | ४१ | २२ | १८ | ४० | 15 | ११ | २६ | ३३ | २८ | ६१ | १८ | १८ | ३६ | ९ | १२ | २१ |
| | लौठी | ६० | ३२ | २५ | ५७ | २५ | २१ | ४६ | २१ | १६ | ३७ | २१ | २२ | ४३ | 19 | २३ | ४२ | ४६ | ४५ | ९१ | २४ | २३ | ४७ | ९ | ७ | १६ |
| ४ | जम्मा | १७० | ७२ | ६७ | १३९ | ६८ | ५१ | ११९ | ५९ | ५८ | ११७ | ७४ | ६५ | १३९ | ५८ | ५६ | ११४ | ११९ | ११५ | २३४ | ६५ | ६३ | १२८ | २९ | २५ | ५४ |
| | बारिगाँउ | ५४ | १४ | ८ | २२ | १४ | १२ | २६ | २२ | २६ | ४८ | ३९ | ३४ | ७३ | १९ | २५ | ४४ | ३१ | २९ | ६० | २४ | २० | ४४ | ७ | ७ | १४ |
| ५ | करगाई | १३१ | ५० | ३७ | ८७ | ४८ | ३९ | ८७ | ६६ | ५१ | ११७ | ५९ | ७४ | १३३ | २२ | ३१ | ५३ | ८३ | ८२ | १६५ | ५५ | ५२ | १०७ | ५ | ९ | १४ |
| | काँखे | १०५ | ३१ | २९ | ६० | ३५ | १९ | ५४ | ६५ | ४८ | ११३ | ४४ | ५५ | ९९ | ४६ | ५२ | ९८ | ७२ | ६२ | १३४ | ५१ | ५० | १०१ | १५ | ९ | २४ |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | २९० | ९५ | ७४ | १६९ | ९७ | ७० | १६७ | १५३ | १२५ | २७८ | १४२ | १६३ | ३०५ | ८७ | १०८ | १९५ | १८६ | १७३ | ३५९ | १३० | १२२ | २५२ | २७ | २५ | ५२ |
| ६ | ओखाडी | ४ | १ | ३ | ४ | २ | २ | ४ | ० | १ | १ | १ | ० | १ | २ | २ | ४ | ३ | ३ | ६ | १ | १ | २ | ० | ० | ० |
| | पाल्स | ९० | ३० | २६ | ५६ | १७ | २५ | ४२ | ३२ | ३५ | ६७ | ३६ | ३६ | ७२ | ३४ | ४७ | ८१ | ५८ | ५८ | ११६ | ३२ | ३१ | ६३ | १८ | १८ | ३६ |
| | लिस्या | ७ | १ | ४ | ५ | १ | १ | २ | ४ | ० | ४ | ३ | ५ | ८ | २ | ५ | ७ | ६ | ४ | १० | २ | ३ | ५ | २ | ३ | ५ |
| | लमही | ७५ | २० | २४ | ४४ | २४ | २७ | ५१ | २६ | १९ | ४५ | ३० | ३० | ६० | २८ | २७ | ५५ | ४२ | ४१ | ८३ | १८ | १७ | ३५ | १५ | ९ | २४ |
| | कोटिबिटा | १ | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | १ | १ | २ | ० | ० | ० | १ | १ | २ | ० | ० | ० | ० | ० | ० |
| | कुलालवाडा | २ | १ | २ | ३ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | २ | २ | ४ | १ | ० | १ | ० | ० | ० |
| | गोर्खलबाडा | २ | १ | ० | १ | २ | १ | ३ | १ | १ | २ | ० | २ | २ | १ | १ | २ | १ | १ | २ | १ | १ | २ | ० | ० | ० |
| | **जम्मा** | **१८१** | **५४** | **५९** | **११३** | **४७** | **५६** | **१०३** | **६५** | **५६** | **१२१** | **७१** | **७४** | **१४५** | **६७** | **८३** | **१५०** | **११३** | **११०** | **२२३** | **५५** | **५३** | **१०८** | **३५** | **३०** | **६५** |
| ***कुल जम्मा*** | | *१२९०* | *४११* | *३८४* | *७९५* | *४४२* | *४०३* | *८४५* | *५६८* | *५७६* | *११४४* | *६२६* | *६९८* | *१३२४* | *५३५* | *६३६* | *११७१* | *९००* | *८३९* | *१७३९* | *५३६* | *५३०* | *१०६६* | *२१५* | *१७२* | *३८७* |

यस गाउँपालिकाको जनसंख्याको बनोटलाई तपसिलको चार्टमा समेत प्रस्तुत गरिएको छ ।




## ३.५. जातिगत आधारमा जनसंख्या विवरण


जातिगत आधारमा ८ हजार ४ सय ७१ कुल जनसंख्या रहेको यस गाउँपालिकामा सबैभन्दा वढी क्षेत्रीको वसोवास छ । जुन ३ हजार ८ सय ६१ अर्थात कुल जनसंख्याको ४६ प्रतिशत रहेको छ । क्षेत्री जातिमध्ये महतारा, थापा, दानी, फडेरा, भण्डारी, बुढा, रोकया, विष्ट, कार्की बुमी, रावत आदि थर भएका क्षेत्री समुदाय यस पालिकामा वासोवास गर्दछन् । यसैगरी दलित जाति जातिगत आधारमा यस गाउँपालिकाको दोस्रो जातिमा पर्दछ । २ हजार २ सय ३१ अर्थात २६ दशमलव ३ प्रतिशत जनसंख्या भएको दलित समुदायमा लुवार, सुनार, भियाल, कुलाला, पार्की, दमाई परियार, विटालु, कटुवाल, टमटा, कुँडारा आदि थर भएका दलित समुदायको वसोवास यस पालिकामा छन् । ठकुरी जाति यस पालिकाको तेस्रो स्थानमा पर्ने जाति हो । साविकको कालिका गाविसमा बाहुल्यता भएका ठकुरीको संख्या १ हजार २ ८ अर्थात १४ दशमलव ३ प्रतिशत छ । शाही, मल्ल, सिंह, छत्याल जस्ता थर भएका ठकुरीको वसोवास यस पालिकामा छ ।

साविकको कालिकाको लौठीमा मात्रै वसोवास रहेको ब्राह्मण जाति यस गाउँपालिकाको सबैभन्दा न्यून संख्या भएको जातिमा पर्दछ । ३ सय ७९ अर्थात ४ दशमलव ४७ प्रतिशत जनसंख्या भएको ब्राह्मण जातिमा जैसी, ढकाल, सञ्ज्याल, उपाध्याय आदि थर यस पालिकामा छन् । यस पालिकामा भएको जातिगत जनसंख्यालाई निम्न तालिकामा समेत देखाइएको छ ।

***तालिका नं.०.५ : जातिगत आधारमा अदानचुली गाउँपालिकाको जनसंख्या विवरण***

***स्रोत :घरधुरी सर्भेक्षण २०७५***

| पालिकाको कुल जनसंख्या | ब्राम्हण | प्रतिशत | ठकुरी | प्रतिशत | क्षेत्री | प्रतिशत | जनजाती | प्रतिशत | दलित | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८४७१ | ३७९ | ४.४७ | १२०८ | १४.३ | ३८६१ | ४६ | ७९२ | ९.३५ | २२३१ | २६.३ |




अदानचुलीका ६ वडामध्ये १, २, ३ र ४ मा क्षेत्रीको वाहुल्यता छ । जहाँ क्रमश ७० दशमलव १, ८१ दशमलव ९२, ७० दशमलव ६१ र ३९ दशमलव ८५ प्रतिशत क्षेत्रीको वसोवास छ । भने यी वडाहरुमध्ये १, २ र ३ मा दलित जाति दोस्रो स्थानमा छ । यसैगरी वडा नम्बर ४ मा ब्राह्मण जाति दोस्रो ठूलो जातिका रुपमा वसोवास गरेको छ भने दलित तेस्रो स्थानमा पर्दछ ।

वडा नम्बर ५ मा ठकुरी जातिको बाहुल्यता सबैभन्दा बढी अर्थात १ हजार १ सय ८५ (६६ दशमलव ६९ प्रतिशत) छ भने दोस्रोमा दलित जातिको २३ दशमलव १३

प्रतिशत वसोवास छ । यस वडामा जनसंख्याको तेस्रो हिस्साका रुपमा जनजाति (व्यासी) को वसोवास छ । यस वडामा भएका रावल, ऐडी, बुढा, कटेल, पुन लगायतका जाति राज्यले सूचिकृत गरेको जनजातिको सूचिमा नाम नभएपछि पछिल्लो समय सूचिमा परेको व्यासीमा आफूसमेत परेको भन्दै यी जातिहरुले आफूलाई जनजातिको सूचिमा रहेको स्वीकारेपछि पालिकाको यो घरधुरी सर्वेक्षणबाट यी जातिहरुलाई औपचारिक रुपमा जनजातिको सूचिमा समावेश गरिएको हो । दलित वडा नम्बर ५ को तेस्रो स्थानको जनसंख्या भएको जाति हो ।

पालिकाको वडा नम्बर ६ मा सबैभन्दा ठूलो जातिका रुपमा दलित जाति छ । जसले वडाको कूल जनसंख्याको ४९ दशमलव ६१ प्रतिशत अर्थात ५ सय १० जनसंख्या ओगटेको छ । दोस्रोमा जनजातिको वसोवास छ । जुन कूल जनसंख्याको ४६ दशमलव ६१ प्रतिशत अर्थात ४ सय ७८ जनसंख्या छ । यो वडामा तेस्रोमा क्षेत्री र चौथोमा ठकुरीको वसोवास छ । पालिकाका वडाहरुमा जातिगत आधारमा भएको जनसंख्याको विस्तृत विवरण तालिका नम्बर .... मा उल्लेख गरिएको छ ।

***तालिका नं.०.६ : जातिगत आधारमा वडाको जनसंख्या विवरण***

| वडा | वडाको कुल जनसंख्या | जातीय आधारमा जनसंख्या | | | | | | | | | | | | | | | कूल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ब्राम्हण | | | ठकुरी | | | क्षेत्री | | | जनजाति | | | दलित | | | | | |
| | | घरधुरी | जनसंख्या | प्रतिशत | घरधुरी | जनसंख्या | प्रतिशत | घरधुरी | जनसंख्या | प्रतिशत | घरधुरी | जनसंख्या | प्रतिशत | घरधुरी | जनसंख्या | प्रतिशत | घरधुरी | जनसंख्या | प्रतिशत |
| १ | १६२४ | ० | ० | ० | ० | ० | ० | १२८ | ११३७ | ७०.०१ | ० | ० | ० | ७३ | ४८७ | २९.९९ | २०१ | १६२४ | १०० |
| २ | १४६० | ० | ० | ० | ० | ० | ० | १८१ | ११९६ | ८१.९२ | ० | ० | ० | ४० | २६४ | १८.०८ | २२१ | १४६० | १०० |
| ३ | १५३८ | ० | ० | ० | ० | ० | ० | १५६ | १०८६ | ७०.६१ | ० | ० | ० | ७१ | ४५२ | २९.३९ | २२७ | १५३८ | १०० |
| ४ | १०४४ | ६० | ३७९ | ३६.३ | १ | ३ | ०.२८ | ७० | ४१६ | ३९.८५ | २३ | १३९ | १३.३ | १६ | १०७ | १०.२५ | १७० | १०४४ | १०० |
| ५ | १७७७ | ० | ० | ० | १८७ | ११८५ | ६६.६९ | १ | ६ | ०.३३८ | ३० | १७५ | ९.८५ | ७२ | ४११ | २३.१३ | २९० | १७७७ | १०० |
| ६ | १०२८ | ० | ० | ० | ३ | २० | १.९४ | ४ | २० | १.९४६ | ८२ | ४७८ | ४६.५ | ९२ | ५१० | ४९.६१ | १८१ | १०२८ | १०० |

***स्रोत :घरधुरी सर्वेक्षण २०७५***


## ३.६. मातृभाषा

क्षेत्री, दलित, जनजाति र ठकुरी जातिको वसोवास भएको यस गाउँपालिकाको मातृभाषा नेपाली नै हो । खस भाषको ... उपभाषीकाका रुपमा बोलीने स्थानीय नेपाली भाषा नै यहाँको मातृभाषा अर्थात बोलीचालीको भाषाका रुपमा प्रयोग हुँदै आएको छ । यस पालिकाको वडा नम्बर ६ मा केही घर गुरुङ्गले गुरुङ्ग अर्थात लामा खाम भाषा बोल्ने गरेको भएपनि सम्बन्धित गाउँ र पालिकाभरीका सबै वासिन्दाको बोलीचालीको भाषा नै नेपाली भएकाले यस पालिकाको मातृभाषा नै नेपाली हो भन्नेमा दुई मत छैन् । यहाँको मातृ भाषा अनुसारको जनसंख्या निम्न अनुसार रहेको छः,

*तालिका नं. ५: मातृभाष अनुसार जनसंख्या*

| वडा नम्बर | कूल जनसंख्या | नेपाली | | | भोटे | | | अन्य | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | *परिवार* | *जनसंख्या* | *प्रतिशत* | *परिवार* | *जनसंख्या* | *प्रतिशत* | *परिवार* | *जनसंख्या* | *प्रतिशत* | *परिवार* | *प्रतिशत* |
| १ | १६२४ | २०० | १६२४ | १०० | ० | ० | ० | १ | ० | ० | २०१ | १०० |
| २ | १४६० | २२१ | १४६० | १०० | ० | ० | ० | ० | ० | ० | २२१ | १०० |
| ३ | १५३८ | २२३ | १५३८ | १०० | ० | ० | ० | ० | ० | ० | २२३ | १०० |
| ४ | १०४४ | १७० | १०४२ | ९९.८० | ० | २ | ०.२ | ० | ० | ० | १७० | १०० |
| ५ | १७७७ | २८६ | १७७० | ९९.६० | ४ | ७ | ०.४ | ० | ० | ० | २९० | १०० |
| ६ | १०२८ | १७७ | १००७ | ९७.९५ | ३ | १७ | १.७ | १ | ४ | ०.३९ | १८१ | १०० |
| जम्मा | ८४७१ | १२७७ | ८४४१ | ५९७.३७ | ७ | २६ | २.२ | २ | ४ | | १२८६ | ६०० |

***स्रोत :घरधुरी सर्भेक्षण २०७५***



## ३.६. धर्म

धर्मको आधारमा यस गाउँपालिकामा हिन्दु धर्म मान्नेहरुकै एकल वाहुल्यता रहेको छ । पालिकामा भएका क्षेत्री, ठकुरी, दलित, ब्राह्मण देखि जनजातिहरुले समेत हिन्दु धर्म नै मान्ने भएकाले यस पालिकामा हिन्दुको वर्चस्व छ । छिटफुट रुपमा बाहिरबाट बसाईसराई गरेर आएका केही घर गुरुङ्गले बौद्ध धर्म मान्ने र विस्तारै धर्म प्रचारकको प्रभावले केही व्यक्तिले व्यक्तिगत रुपमा क्रिश्चियन धर्म मान्ने गरेको भएपनि त्यो निकै नगण्य मात्रामा देखिन्छ । धर्म अनुशार यसपालिकाको वडागत जनसंख्या विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

***तालिका नं. ५: धर्म अनुसार जनसंख्या***

| वडा नम्बर | कूल जनसंख्या | हिन्दु | | | बौद्ध | | | क्रिश्चियन | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | *परिवार* | *जनसंख्या* | *प्रतिशत* | *परिवार* | *जनसंख्या* | *प्रतिशत* | *परिवार* | *जनसंख्या* | *प्रतिशत* | *परिवार* | *प्रतिशत* |
| १ | १६२४ | २०० | १६१३ | ९९.३२ | ० | ० | ० | १ | ११ | ०.६८ | २०१ | १०० |
| २ | १४६० | २२१ | १४६० | १०० | ० | ० | ० | ० | ० | ० | २२१ | १०० |
| ३ | १५३८ | २२३ | १५१८ | ९८.६९ | ० | ० | ० | ४ | २० | १.३ | २२७ | १०० |
| ४ | १०४४ | १७० | १०४४ | १०० | ० | ० | ० | ० | ० | ० | १७० | १०० |
| ५ | १७७७ | २८८ | १७६३ | ९९.२१ | ० | ० | ० | २ | १४ | ०.७९ | २९० | १०० |
| ६ | १०२८ | १७७ | १००७ | ९७.९५ | ३ | १७ | १.७ | १ | ४ | ०.३९ | १८१ | १०० |
| जम्मा | ८४७१ | १२७९ | ८४०५ | ५९५।१९१६ | ३ | १७ | १।७ | ८ | ४९ | | १२९० | ६०० |

***स्रोत :घरधुरी सर्वक्षण २०७५***

खण्ड-४

# भू-उपयोग

## ४.१. भू-बनोट, भू-क्षेत्र तथा भू-उपयोग

उच्च हिमाली जिल्ला हुम्लाको दक्षिणपूर्वि क्षेत्रमा पर्ने अदानचुली गाउँपालिकाको भू-क्षेत्र विविधतायुक्त छ । सधैं भरी हिउँ पर्ने उच्च हिमाल देखि पहाडी भू-भाग र नदी किनारका वेसीहरु जहाँ वर्षको तिन बाली पाक्ने क्षेत्र समेत यसै पालिकामा पर्ने गर्दछन् ।

जिल्लाको अधिकांश भू-भाग अग्ला हिमाल, भिर, चट्टानले ढाकेको र ज्यादै भिरालो क्षेत्र पर्ने यस पालिकामा खेतीयोग्य जिमनको क्षेत्र न्यून छ । निकै कम खेतीयोग्य जमिन पनि सिंचाई अभावले पशुवस्तुभाउको चरन क्षेत्रका रुपमा प्रयोग हुदै आएको छ । पालिकामा भएको दश प्रतिशत खेती योग्य जमिन त्यसमा पनि सिंचाई अभावले हुने कम उत्पादनले अधिकांश समयमा खाद्यन्न संकट पर्ने गर्छ ।

यस पालिकामा भएका विविधखाले प्राकृतिक श्रोत साधन तथा बहुमूल्य जडिबुटी, जलश्रोत तथा भू-दृश्य नै यस पालिकाको समृद्धि र विकासका संभाव्य स्रोतहरु हुन् । यी क्षेत्रहरुको विकास र व्यवस्थापनमा देशका तीनवटै तहमा सरकारले (स्थानीय तह, प्रदेश सरकार र संघिय सरकार) लगानी गरेर मात्र ***समृद्ध अदानचुली;, सुखि अदानचुलिवासी*** को सपनालाई साकार रुप दिन सकिन्छ । यस पालिकाको भू-उपयोगको स्थितिलाई तलको तालिकाबाट प्रस्ट्याउन सकिन्छ ।

***तालिका नं.०.१: भू-उपयोगको स्थिति***

| क्र.सं. | विवरण | इकाई | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|---|
| १ | वन जंगलले ढाकेको क्षेत्र | हेक्टर | | |
| २ | खेतीयोग्य जमीन क्षेत्र | हेक्टर | | |
| ३ | चरिचरन क्षेत्र | हेक्टर | | |
| ४ | खाली क्षेत्र | हेक्टर | | |
| ५ | आवास क्षेत्र | हेक्टर | | |
| ६ | नदी, खोला | हेक्टर | | |
| ७ | ग्राभेल, बगर | हेक्टर | | |
| ८ | हिउँले ढाकेको क्षेत्र | हेक्टर | | |
| ९ | झाडी, बुटेन क्षेत्र | हेक्टर | | |
| १० | ताल, हिमताल, पोखरी | हेक्टर | | |
| ११ | चट्टान | हेक्टर | | |
| १२ | खानी (ढुंगा, बालुवा, रातोबाटो, कालोमाटो, सेतोमाटो आदि) | हेक्टर | | |
| १३ | **पालिकाको कूल क्षेत्रफल जम्मा** | हेक्टर | | |

***स्रोतः जिल्ला बन कार्यालय, हुम्ला,***

अदानचुली गाउँपालिकाका विभिन्न ५३ स्थानमा गरेर कूल ८४१.९२ हेक्टर पर्ती जग्गा रहेको छ । साविकका २ गाविस कालिका र श्रीनगरको भूगोल समाहितत भएको यस पालिकाका ६ वटै वडामा पर्ती जग्गा रहेको छ । यस सम्वन्धी विवरण तालिका नं. ४.२ मा उल्लेख गरिएको छ ।

तालिका नं.०.२ : जिल्लामा रहेका पर्ती जग्गा र उद्यान तथा खुला क्षेत्रको विवरण

| पालिकाको नाम | पर्ती जग्गाको विवरण | |
|---|---|---|
| | संख्या | रोपनी |
| अदानचुली गाउापालिका | ५३ | ८४१.९२ |
| **जम्मा** | ५३ | ८४१.९२ |

*स्रोत : जिल्ला नापी कार्यालय, हुम्ला, २०७५*

# खण्ड-५

# शहरीकरण तथा वस्ती विकासको स्वरुप

यस खण्डमा गाउँपालिका भित्रको बजार तथा वस्ती विकासको स्थिति विश्लेषण गरिएको छ । गाउँपालिका भित्रको जनसंख्याको आधारमा वस्तीको आकार, स्थानीय बजार तथा केन्द्रको रुपमा विकसित हुनसक्ने बस्तीहरु र आगामी दिनमा बजारका रुपमा स्थापना हुनसक्ने वस्तीहरुको संभावनाका आधारलाई हेरेर यो विश्लेषण गरिएको छ ।

## ४.२. वस्तीको आकार

गाउँपालिका भित्रका वस्तीको आकार र प्रकार अनुसार नै सिंगो पालिकाको आर्थिक, सामाजिक र अन्य विविधखाले गतिवीधि केन्द्रित हुने हुँदा मुख्य केन्द्रका रुपमा रहेका वस्तीको सेरोफेरोका क्षेत्रहरुमा विकासका पूर्वाधार तथा सेवा र सुविधाहरु उपलब्ध गराउन आवश्यक छ ।

भौगोलिक हिसाबले निकै विकट क्षेत्रका रुपमा रहेको यस अदानचुली गाउँपालिकामा अहिलेसम्म सडक सञ्जालबाट समाहित हुन सकेको छैन् । भौगोलिक बनावटको कारण यहाँका वस्तीहरु छरिएर रहेकाले सबै तहका सरकार (स्थानीय, प्रदेश र संघिय) बाट प्रदान गरिने विभिन्न सेवा तथा सुविधा पुऱ्याउँन लाग्ने लागतले एकातर्फ प्रतिव्यक्ति विकास खर्च अधिक हुने र अर्कोतर्फ साधन तथा श्रोतको अधिकतम प्रयोग नहुने, सेवा तथा सुविधाको स्तर न्यून रहने तथा लगानी पनि छरिएर खास प्रतिफल तथा प्रभाव नहुने कारण वस्ती विकासको स्वरुप विश्लेषणबाट भौतिक, आर्थिक तथा सामाजिक बृद्धि र विकासको राम्रो सम्भावना रहेका वस्तीहरुमा सेवा, सुविधा तथा लगानी बृद्धि गरी जनसंख्याको वितरणलाई निश्चित केन्द्रहरुमा वस्तीलाई केन्द्रित गरी वस्ती विकास तथा शहरीकरणको काम अघि बढाउन पर्ने देखिन्छ ।

यस गाउँपालिामा भएका गाउँहरु छरिएका भएपनि जिल्लाका अन्य क्षेत्रका तुलनामा भने केही एकिकृत भएको पाइन्छ । जातिय, पेशागत तथा कुल देवताका आधारमा आफ्नो बसोवास क्षेत्रका रुपमा गाउँ बनाएर बसेका यहाँको वस्तीको आकार

विस्तारै पुरानो शैलीमा परिवर्तन हुँदै गएको देखिन्छ । यसबाट भूगोल र भौगोलिक विकटता एवम् बसोबास तथा खेतीयोग्य जग्गाको कमी रहेका कारण पनि मानिसहरु कम वस्तीमा एकत्रित भएर बसेको देखिन्छ ।

## ४.३. वस्तीको वर्तमान स्वरुप

गाउँपालिकामा पर्ने ठूला र मध्यम आकारका मानिएका वस्तीहरुमा उच्च शिक्षा, प्राथमिक स्वास्थ्य, स्थानीय बजार, बैकिङ्ग सेवा, मोबाइल, इनटरनेट सेवाको पहुँच, खानेपानी, घट्ट, चर्पी, साना व्यवसाय तथा अन्य बजारका न्यूनतम आधारहरुको उपलब्धता देखिन्छ भने साना तथा मझ्यौला खाले वस्तीहरुमा खानेपानी, चर्पी, मोवाइल र घट्टको सेवा मात्र उपलब्ध रहेको देखिन्छ ।

वडागत आधारमा यस गाउँपालिकालाई हेर्ने हो भने गाउँपालिकामा भएका ६ वटै बडामा औषतमा ३ वटा वस्ती रहेको देखिन्छ । । तर उपलब्ध पालिकाको तथ्याङ्क अनुसार एक वडामा घटिमा ३ वस्ती देखि बढीमा ५ गाउँ/वस्तीसम्म रहेको देखिन्छ । यस अदानचुली गाउँपालिकामा भएका ६ वटै वडा अनुशारका वस्तीको जनसंख्याको विवरण तालिका नं. ५.१ मा देखाईएको छ ।

**तालिका नं.०.१: वडा अनुसार वस्ती आकार र प्रकार**

| क्र.सं. | वडा नं. | वस्तीको संख्या | वस्तीको नाम | घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | १ | ३ | महतारा गाउँ, थापागाउँ, फडेरा गाउँ | |
| २ | २ | ६ | कुलालबाडा, हबघर, भण्डारीगाउँ, बुढाबाडा, महताराबाडा साहुबाडा | |
| ३ | ३ | ५ | बुमीबाडा, फडेरागाउँ, रोकाया गाउँ, ढकानीकुना, गोरपाली | |
| ४ | ४ | ४ | लौठी, पाम्स, रिल्म, बिगोठी | |
| ५ | ५ | ३ | काँखे, बारिगाउँ, कर्गैई | |
| ६ | ६ | ५ | ओखाडी, लिस्या, पाल्स, गोठपाटा, लमै | |
| जम्मा | ६ | २६ | | |

***श्रोत: घरधुरी सर्भेक्षण २०७५***

गाउँपालिकाले २०७५ मा गरेको घरधुरी सर्वेक्षण अनुशार यस पालिकामा भएका १२९० घरधुरी मध्ये एउटा मात्र घर हुनेको संख्या ८५८ अर्थात ६६.५१ प्रतिशत छ । मुख्य घर भन्दा अन्य स्थानमा समेत आफ्नो मूल घरजस्तै वस्ती बनाएका यस पालिकामा दूई वा दूईभन्दा बढी घर हुनेको संख्या ४३२ अर्थात ३३.४९ प्रतिशत छ ।

मूलघरमा वर्षको ६ महिना बस्ने र अन्य घरमा २ देखि ४ महिनासम्म वसोवास गर्ने यस पालिकामा पछिल्लो समय हरेक घरमा बढ्दै गएको परिवारको संख्यालाई व्यवस्थापन गर्न मूल घर र मूलघर भन्दा बाहिर रहेका खर्कलाई समेत मूल घरकै रुपमा बस्ने परम्परा बिस्तारै सँस्कारकै रुपमा विकसित हुँदै गएको छ । यस सम्वन्धी विवरण तालिका नं. ५.२ मा उल्लेख गरिएको छ ।

| वडा | जम्मा घरधुरी संख्या | घरको स्वामित्वको अवस्था | | | |
|---|---|---|---|---|---|
| | | एक घर हुने | | एक घरभन्दा बढी हुने | |
| | | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत |
| १ | २०१ | १४६ | ७२.६४ | ५५ | २७.३६ |
| २ | २२१ | ८८ | ३९.८२ | १३३ | ६०.१८ |
| ३ | २२७ | ८४ | ३७ | १४३ | ६३ |
| ४ | १७० | १११ | ६५.२९ | ५९ | ३४.७१ |
| ५ | २९० | २५४ | ८७.५९ | ३६ | १२.४१ |
| ६ | १८१ | १७५ | ९६.६९ | ६ | ३.३१५ |
| जम्मा | १२९० | **८५८** | ६६.५१ | **४३२** | ३३.४९ |

## ४.४. घरको बनावट

सडक सञ्जालमा समाहित नभएको र्दुगम हिमाली जिल्ला हुम्लामा अवस्थित यो गाउँपालिकका अधिकांश घरहरुको वनावट परम्पागत शैलीका छन् । परम्परादेखि नै चल्दै आएको मूल्य र मान्यता अनुशार ढुंगाको गारोमा काठले छाएका घर बाहिरबाट हेर्दा निकै रोचक देखिन्छन् । बाहिरबाट झट्ट हेर्दा सिमेन्टले बनाएका जस्ता देखिने यस पालिकाका घर सेतो कमेरो माटोले पोतेर रातो माटोले लिपेका हुन्छन् ।

पछिल्लो समय यस पालिकाको हाट बजारका रुपमा चिनिएको बाजुरा जिल्लाको कोल्टी आसपासमा सडक पुग्न थालेपछि निर्माण सामाग्री (जस्ता, सिमेन्ट आदि) को खरिद तथा ढुवानीमा आएको सहजताले बिस्तारै यहाँका घरको छानाको स्वरुप काठबाट जस्तामा रुपान्तरण हुन लागेको भएपछि अहिलेसम्म पालिकाका १ हजार २ सय ६६ घर परम्परागतमाटो र ढुंगाले नै बनेका छन् । यो कूल घर संख्याको ९८ दशमलव १ प्रतिशत हो । यसैगरी १९ घर अर्थात १ दशमलव ४७ प्रतिशत घरहरु खरले छाएका छन् भने जम्मा ५ घर अर्थात शून्य दशमलव ३९ प्रतिशत घरहरु जस्तापाताले छाएका छन् । यस सम्बन्धि विस्तृत विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.०.२: घरको छानोको प्रकार अनुसारको घरपरिवार संख्या**

| वडा | जम्मा घरधुरी संख्या | घरको छानोको अवस्था | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ढुंगा र माटोको छानो | | खरले छाएको | | जस्ता पाताले छाएको | |
| | | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत |
| १ | २०१ | २०१ | १०० | ० | ० | ० | ० |
| २ | २२१ | २१८ | ९८.६४ | २ | ०.९०५ | १ | ०.४५२ |
| ३ | २२७ | २२१ | ९७.३६ | ६ | २.६४३ | ० | ० |
| ४ | १७० | १६३ | ९५.८८ | ४ | २.३५३ | ३ | १.७६५ |
| ५ | २९० | २८९ | ९९.६६ | १ | ०.३४५ | ० | ० |
| ६ | १८१ | १७४ | ९६.१३ | ६ | ३.३१५ | १ | ०.५५२ |
| जम्मा | **१२९०** | **१२६६** | **९८.१** | **१९** | **१.४७** | **५** | **०.३९** |

**स्रोत : गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७५**

## ४.५. खानेपानीको पहुँच

यस जिल्लामा खानेपानीको मुख्य स्रोत धाराको पाईप रहेको छ । त्यसैगरी मूल धारा पनि खानेपानीको दोश्रो मुख्य स्रोतको रुपमा रहेको पाईन्छ । जस अनुसार ६ हजार ६ सय १ घरपरिवारले धाराको पाईपबाट र २ हजार ४ सय ५० घर परिवारले मूलधाराको प्रयोग गरी खानेपानी उपयोग गर्दै आएका छन् । नदी खोलाको पानी खाने घरपरिवार पनि यस जिल्लामा रहेका छन् । त्यसैगरी खुल्ला इनार, ढाकिएको इनार, हातेपम्म लगायत अन्य श्रोतहरुपनि खानेपानीको लागि प्रयोग हुदै आएको छ । यस सम्वन्धी विवरण तालिका नं. ५.७ मा प्रस्तुत गरिएको छ ।

***तालिका नं.०.३: खानेपानीको स्रोत अनुसार घरपरिवार संख्या***

| वडा | जम्मा घरधुरी संख्या | खानेपानीको पहुँचको अवस्था | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मुहान | | खोला | | धारा | |
| | | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत |
| १ | २०१ | ८२ | ४०.८ | ५ | २.४८८ | ११४ | ५६.७२ |
| २ | २२१ | ३ | १.३५७ | ४ | १.८१ | २१४ | ९६.८३ |
| ३ | २२७ | ५ | २.२०३ | १६ | ७.०४८ | २०६ | ९०.७५ |
| ४ | १७० | ७ | ४.११८ | ५ | २.९४१ | १५८ | ९२.९४ |
| ५ | २९० | १ | ०.३४५ | २ | ०.६९ | २८७ | ९८.९७ |
| ६ | १८१ | २५ | १३.८१ | ५ | २.७६२ | १५१ | ८३.४३ |
| **जम्मा** | **१२९०** | **१२३** | **९.५३** | **३७** | **२.८७** | **११३०** | **८७.६** |

**स्रोत : गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७५**

## ४.६. घरमा बाल्ने बत्तीको स्रोत

यस अदानचुली गाउँपालिकाका स्थानीय वासिन्दाले घरमा वप्रयोग गर्ने बत्तिको स्रोतमा सोलार, बिजुली नै बढी छ । यसका अलावा आथिक रुपमा विपन परिवारले अहिलेपनि दियालो (झरो) र परम्परागत टुक्कीको पनि प्रयोग गर्दै आएका छन् । गाउँपालिकामा गरिएको घधुरी सर्भेक्षण अनुशार सोलार प्रयोग गर्नेको संख्या सबैभन्दा भढी ४३ दशमलव ७९ प्रतिशत छ भने दोस्रोमा बिजुली बाल्नेको संख्या बढी छ । जुन कुल जनसंख्याको ४४ दशमलव २ प्रतिशत छ । विभिन्न कारणले परम्परागत सल्लाको दियालो (झरो) बाल्नेको संख्या १० प्रतिशत छ भने टुकी बाल्नेको संख्या २ प्रतिशत देखिन्छ ।

साविकको कालिका गा.वि.स. स्थित १०० किलो वाडको कुकरफाल्ना साना जलविद्युत आयोजनाको कार्यक्षेत्र भएका यस गाउँपालिकाका ४, ५ र ६ का अधिकांश वस्ती र ३ का केही घरधुरीमा बत्तीकाो लाइन बिस्तार भै बिजुली बिस्तार भएको र साविकको श्रीगर गा.वि.स.को मकै स्थित .... वाडको ...... साना जलविद्युत आयोजनाले हालको २ र ३ वडाका केही घरमा बिजुली बलेकाले बिजली बाल्नेको संख्या दिनानुदिन बढ्दै गएको छ । यसका साथै साविकको श्रीनगर गा.वि.स.मा शुरु भएको १०० वाडकै छहराखेत साना जलविद्युत आयोजनाको निर्माण कार्य लगभग अन्तिम चरणमा पगेको

हुनाले निकट भविष्यमा यस गाउँपालिकाभरी नै बिजुलीको प्रयोग गर्नेको संख्या अधिक हुनेछ । यस सम्वन्धी विवरण तालिका नं. ...........५.९ मा प्रस्तुत गरिएको छ ।

तालिका नं.०.४: परिवारले बत्ती बाल्न अक्सर प्रयोग गर्ने साधन अनुसारको घरपरिवार संख्या

| वडा | जम्मा घरधुरी संख्या | इनधन प्रयोगको अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सोलार | | टुकी | | झरो | | बिजुली | |
| | | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत |
| १ | २०१ | १७५ | ८७.०६ | १८ | ८.९५ | ८ | ३.९८ | ० | ० |
| २ | २२१ | १७३ | ७८.२८ | ७ | ३.१६ | ४१ | १८.५५ | ० | ० |
| ३ | २२७ | १५८ | ६९.६० | ० | ० | ३१ | १३.६६ | ३८ | १६.७४ |
| ४ | १७० | २५ | १४.७० | २ | १.१७ | २६ | १५.२९ | ११७ | ६८.८२ |
| ५ | २९० | ५ | १.७२ | ० | ० | ९ | ३.१०३ | २७६ | ९५.१७ |
| ६ | १८१ | २९ | १६.०२ | ० | ० | १३ | ७.१८२ | १३९ | ७६.८ |
| जम्मा | १२९० | ५६५ | ४३.७९ | २७ | २.०९३ | १२८ | ९.९२ | ५७० | ४४.२ |

*स्रोत : घरधुरी सर्भेक्षण २०७५*

## ४.७. चर्पिको प्रयोगको अवस्था

हरेक घरमा चर्पि निर्माण गर्ने राष्ट्रिय लक्ष्य र सरसफाई सम्बन्धि राष्ट्रिय रणनीति अनुशार सरकारी तथा गैरसरकारी निकायको सहयोग एवम् सहकार्यमा यस गाउँपालिकाका अधिकांश घरमा चर्पिको निर्माण भएको देखिन्छ । साविकका वडाहुँदै गाविस र हालको गाउँपालिकालाई खुला दिसामुक्त क्षेत्र घोषणा अभियान अर्न्तगत २०६८ साल देखि २०७५ सालसम्म आउँदा राष्ट्रिय सरसफाई रणनीति अनुशार यस गाउँपालिकामा समेत चर्पि निर्माण गर्ने काम भएको छ ।

गाउँपालिकाका घरमा भएका चर्पिको अवस्थालाई हेर्ने हो भने वडा नम्बर १ का सबै घरमा चर्पिको निर्माण भएका छन् । १ नम्बरका कूल २ सय १ घरमध्यै सबैमा चर्पी निर्माण भएका छन् । यसैगरी २ सय २१ घरधुरी भएको वडानम्बर २ मा २ सय १७ घरमा चर्पी निर्माण भएका छन् भने ४ घरमा चर्पी निर्माण नभएको देखिन्छ ।

उता वडा नम्बर ३ मा २ सय १८, वडा नम्बर ४ मा १ सय ६५, वडा नम्बर ५ मा २ सय ७६ र वडा नम्बर ६ मा १ सय ७६ घरमा चर्पी छन भने क्रमश ९, ५ १४, ५ घरमा चर्पी छैनन् । स्थानीय तह र पालकामा कार्यरत गैरसरकारी संस्थाहरुसँगको सहकार्यमा सामाग्री वितरण गरेर चर्पी निर्माण भएका भएपनि पछि एकै घरका दाजुभाई छुट्टीने, घर सर्ने र विभिन्न कारणले चर्पी बिग्रीने समस्याले केही घर चर्पी बिहिन हुन पुगेका हुन् ।

पालिकाले सञ्चालन गर्ने खानेपानी तथा सरसफाई कार्यक्रम अर्न्तगत बाँकी घरमा समेत चर्पी निर्माण गरी पालिकाका सबै घरमा स्वच्छ खानेपानी तथा चर्पी निर्माणको कार्यलाई सवलिभूत पार्ने योजना अघि सारिएको छ । वडा अनुशार पालिकामा चर्पीको अवस्थालाई निम्न तालिकाबाट समेत प्रष्ट हुन सकिन्छ ।

*तालिका नं.०.५: चर्पीको प्रकार अनुसार घरपरिवार संख्या*

| चर्पि प्रयोगको अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा | जम्मा घरधुरी संख्या | चर्पि प्रयोग भएका घरसंख्या | प्रतिशत | चर्पि नहुनेको घर | प्रतिशत | केही थाहा नहुने | प्रतिशत |
| १ | २०१ | २०१ | १०० | | ० | ० | ० |
| २ | २२१ | २१७ | ९८.१९ | ४ | ३.९२ | ० | ० |
| ३ | २२७ | २१८ | ९६.०३ | ९ | ८.६४ | ० | ० |
| ४ | १७० | १६५ | ९७.०५ | ५ | ४.८५ | ० | ० |
| ५ | २९० | २७६ | ९५.१७ | १४ | १३.३२ | ० | ० |
| ६ | १८१ | १७६ | ९७.२३ | ५ | ४.८६ | ० | ० |
| जम्मा | १२९० | १२५३ | ९७.१३ | ३७ | २.८६ | ० | ० |

*स्रोत : घरधुरी सर्भेक्षण २०७५*

## ४.८. सञ्चारका साधनको प्रयोग सम्बन्धि अवस्था

भौगोलिक विषमता र यातायातको राष्ट्रिय पहुँच भन्दा निकै टाढा रहेको अदानचुली गाउँपालिका जसरी अन्य भौतिक पूर्वाधारको विकासका दृष्टिले पछि छ, त्यसको सयौंगुणा पछि सूचना र सञ्चारको पहुँचबाट टाढा छ । कुनै सूचना आदान प्रदानका लागि परम्परागत सूचना र सञ्चार प्रविधिमा केन्द्रिय यस पालिका विस्तारै आधुनिक सूचना तथा सञ्चारका माध्यमको प्रयोगमा अगाडी बढ्दै गएको छ ।

पालिकाका ६ वटै वडाको सूचनाका साधनहरुको प्रयोगलाई हेर्दा अहिले मोबाइल र स्थानीय एफएमको प्रयोग सबैभन्दा अग्र पंतिमा छ । साविकको कालिका गाविसका लमै ( हालको वठा नम्बर ६) र श्रीनगर गा.वि.स. (हालको वडा नम्बर ३) को नाच्नेडाँडामा नेपाल टेलिकमद्धारा राखिएका नमस्ते मोबाइलका टावरकोबाट जिएसएम मोबाईल सूचारु भएपश्चात यस पालिकामा अनपेक्षित रुपमा मोबाइल प्रयोगकर्ताको संख्यामा वृद्धी भएको देखिन्छ । गाउँपालिकामा भएका १ हजार २ सय ९० घरधुरी मध्ये १ हजार १ सय २९ अर्थात ८७ दशमलव ५२ प्रतिशतको घरमा मोवाइलको निर्विकल्पीक रुपमा सञ्चारको साधनका रुपमा प्रायोग भैरहेको छ ।

यसका अलावा ९९ प्रतिशत घरधुरीले आफ्नो सूचना लिने माध्यमका रुपमा अदानचुलीमै स्थापना भएको ग्रामिण सामुदायिक रेडियो श्रीनगरलाई नै प्रयोग गर्दै आएका छन् । गाउँमै राखिएका २ वटा मोवाइलका टावरबाट वृद्धी भएका मोबाइल र त्यसबाटै एफएम सुन्न सकिने व्यवस्थाले पनि रेडियोको प्रयोग यसरी वृद्धी भएको देखिन्छ । बिद्युतको अप्रर्याप्तता र भौगोलिक रुपमा कुनै केवल नहुनुलेपनि यहाँ टेलिभिजनका प्रयोगकर्ताको संस्था निकै नगण्यमात्रामा छन् । जुन कुन धरधुरी संख्याको २ दशमलव २४ प्रतिशत मात्रै छ । सूचना तथा सञ्चारका सामाग्रीको प्रयोगको पालिकाको अवस्थालाई तपसिलको तालिकाबाट थप प्रष्ट हुन सकिन्छ ।

## *तालिका नं.०.६: सूचना तथा सञ्चारका साधनको प्रयोग सम्बन्धि अवस्था*

**सञ्चारका साधनहरुको प्रयोगको अवस्था**

| वडा | जम्मा घरधुरी संख्या | मोबाईलको प्रयोग गर्ने घर | | रेडियो प्रयोग गर्ने | | टेलिभिजनको प्रयोग गर्ने | |
|---|---|---|---|---|---|---|---|
| | | घरधुरी संख्या | प्रतिशत | घरधुरी संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | २०१ | १९१ | ९५.०२ | १९९ | ९९ | ४ | १.९९ |
| २ | २२१ | २१२ | ९५.९३ | २१९ | ९९ | ५ | २.२६ |
| ३ | २२७ | १९२ | ८४.५८ | २२१ | ९७ | ३ | १.३२ |
| ४ | १७० | १५५ | ९१.१८ | १६९ | ९९ | ६ | ३.५२ |
| ५ | २९० | २१८ | ७५.१७ | २८७ | ९९ | ९ | ३.१० |
| ६ | १८१ | १६१ | ८८.९५ | १८० | ९९ | २ | १.१० |
| **जम्मा** | **१२९०** | **११२९** | **८७.५२** | **१२७५** | **९९** | **२९** | **२.२४** |

***स्रोत : घरधुरी सर्भेक्षण २०७५***

# खण्ड-६

# गाउँपालिकाको आर्थिक तथा रोजगारीको स्थिति

## ५.१. गाउँपालिकाको अर्थतन्त्रको संरचनात्मक स्वरुप

अदानचुलीगाउँपालिकाको समग्र अर्थतन्त्रको अवस्थाका बारेमा उल्लेख गर्दा कृषि, पशु, सिंचाई, मलखाद, उद्योग तथा खानी, व्यापार, पर्यटन तथा सेवा क्षेत्र आदिको चर्चा गर्न उपयुर्क्त भएकोले यस खण्डमा यिनीहरुकै बारेमा उल्लेख गरी यर्थाथ स्थिति झल्काउने प्रयास गरिएको छ ।

## ५.२. कृषि

यस खण्डको कृषि उपशिर्षक अन्तर्गत गाउँपालिकाको खेती योग्य जमिनको अवस्था लगायत पालिकामा उत्पादन हुने मुख्य बालिहरु, खेती गरिएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व, बाली समूह अनुसार खेती गरिएको क्षेत्रफल तथा उत्पादन, कृषि प्रविधि तथा कृषि सामग्रीको प्रयोग आदिको विश्लेषण प्रस्तुत गरिएको छ । कूल १५०.५६ वर्गमिटर क्षेत्रफल भएको अदानचुलीको भौगोलिक अवस्था र त्यसमा भएको जग्गाको वर्गिकरण सहित कृषिको संभावनाका बारेमा समेत यहाँ समावेश गरिएको छ ।

**तालिका नं.०.१: गाउँपालिकाको खेती योग्य जमिनको स्थिति सम्वन्धी विवरण**

| विवरण | क्षेत्रफल हेक्टरमा |
|---|---|
| गाउँपालिकाको कूल क्षेत्रफल (हे.) | १५०.५६ वर्गमिटर |
| कूल खेतीयोग्य जमिन (हे.) | |
| कूल खेती गरिएको जमिन (हे.) | |
| बर्षै भरी सिंचाई हुन बाँकी | ४२२ (८.४० प्रतिशत) |
| मौसमी | ६८२ (१३.५८ प्रतिशत) |

***स्रोतः गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७४ र जिल्ला कृषि विकास कार्यालय हुम्ला, २०७४***

दुर्गम हिमाली जिल्ला हुम्लाको तराईको उपमा पाएको दक्षिण क्षेत्रमा अवस्थित यस गाउँपालिकामा अवल र दोयम किसिमका जमिनहरु छैनन् । धानहर खेत र पाखोबारीहरुको सिम र चाहार किसिमका जमीनहरु मात्रै रहेका छन् । साविकका कालिका र श्रीनगरलाई समाहित गरेर नयाँ संरचना अनुशार निर्माण भएको यस गाउँपालिमा वडा र वस्ती अनुशारको जमिनको स्थितका बारेमा सम्बन्धित निकायबाट एकिन गर्ने काम नभए पनि पाखोबारीको बाहुल्यता छ । जुन विवरण तालिका नं. ६.२ मा उल्लेख गरिएको छ ।

***तालिका नं.०.२: जमिनको किसिम (रोपनीमा)***

| क्र.सं. | विवरण | सिम | | चाहार | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | कित्ता संख्या | क्षेत्रफल | कित्ता संख्या | क्षेत्रफल | कित्ता संख्या | क्षेत्रफल |
| १ | धानहर खेत | | | | | | |
| २ | पाखो बारी | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **जम्मा** | ३६३१ | १०९४ | १०६४९४ | १७८७१३.६ | ११०१२५ | १०६५४४.८ |

*स्रोत : जिल्ला नापी कार्यालय, हुम्ला, २०७१*

६ वडा भएको यस गाउँपालिका भू-उपयोगका हिसाबले समेत खासै फरक छैन् । प्रयाप्त सिंचाईको सुविधा नभएको यस गाउँपालिकामा आकाशे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता र त्यसमा बढ्दै गएको चरम खडेरीको प्रभावले वडा नम्बर १, २ र ३ को पाखो जग्गा बिस्तारै बाँझोपनमा परिणत हुँदै गएको छ । गाउँपालिकाका ९५ प्रतिशतभन्दा बढी स्थानीय वासिन्दाको मूख्य पेशा कृषि भएपनि पालिकाका वडा स्तरमा आफ्नो जग्गा आफैले कमाएको, अरुलाई कमाउन दिएको, अरुको जग्गा कमाएर निजी गरेको र भोगबन्दगीमा दिएको जग्गा सम्वन्धी विवरण निम्नानुसार प्रस्तुतत गरिएको छ ।

***तालिका नं.०.३: भूस्वामित्व अनुसार खेतीयोग्य जग्गाको विवरण***

| वडा नं. | वस्तीको नाम | आफ्नो जग्गा आफैंले कमाएको | | अरुलाई कमाउन दिएको | | अरुको जग्गा कमाएको | | भोगबन्दगीमा दिएको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल (हे.) | प्रतिशत | क्षेत्रफल (हे.) | प्रतिशत | क्षेत्रफल (हे.) | प्रतिशत | क्षेत्रफल (हे.) | प्रतिशत | क्षेत्रफल (हे.) | प्रतिशत |
| १ | कल्खे | | | | | | | | | | |
| २ | भण्डारी र बुढागाउँ | | | | | | | | | | |
| ३ | फडेरा रोकायागाउँ | | | | | | | | | | |
| ४ | रिल्म, बिगोठी र लौठी | | | | | | | | | | |
| ५ | काँखे, बारीगाउँ र कर्गैई | | | | | | | | | | |
| ६ | पाल्स र लमैं | | | | | | | | | | |
| **जम्मा** | | ९४३९.२६ | | २६४.८६ | ० | ० | ० | ० | ० | ९७०४.१२ | |

*स्रोत : जिल्ला नापी कार्यालय, हुम्ला, २०७५*

स्थानीय कृषिलाई व्यावसायिक तथा आत्म निर्भर बनाउन साविकको जिल्ला कृषि विकास कार्यालय तथा अन्य विभिन्न सरोकारवाला निकायमा कृषि समुह गठन भएका छन् । साविकको श्रीनगर कृषि सेवा केन्द्रको मातहतमा रहेका साविकको श्रीनगर र कालिका गा.वि.स. बाट २ वटा पुरुष कृषक समुहमा २२ जना कृषक, ८ वटा महिला कृषक समुहमार्फत १७२ जना महिला कृषकहरु समुहमा आवद्ध भएका छन् । साविकको जिल्ला कृषि विकास कार्यालयमा भएको रेकर्ड अनुशार ३८ वटा मिश्रीत कृषक समुह मार्फत ४४२ पुरुष र २३८ महिला कषिकहरु समुहमा आवद्ध भई विभिन्न शिर्षकमा सामुहिक कृषिको अभ्यास गरेका छन् । जसको विवरण निम्न तालिकाबाट प्रष्ट हुन सकिन्छ ।

***तालिका नं.०.४: सेवा केन्द्र अनुसार कृषक समूहको विवरण***

| क्र.सं. | सेवा केन्द्रको नाम, ठेगाना | कृषक समूहको विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष कृषक समूह | | महिला कृषक समूह | | मिश्रित कृषक समूह | | | कुल जम्मा | | |
| | | समूह संख्य | सदस्य संख्या | समूह संख्या | सदस्य संख्या | समूह संख्या | पुरुष सदस्य | महिला सदस्य | समूह संख्या | पुरुष सदस्य | महिला सदस्य |

| | | ा | | | | | संख्या | संख्या | | संख्या | संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि सेवा केन्द, श्रीनगर | २ | २२ | ८ | १७२ | ३८ | ४४२ | २३८ | ४८ | ४६४ | ४१० |
| | **कूल जम्मा** | २ | २२ | ८ | १७२ | ३८ | ४४२ | २३८ | ४८ | ४६४ | ४१० |

***स्रोत: कृषि ज्ञान केन्द्र हुम्ला, २०७५***

यसैगरी यस गाउँपालिकामा रहेका साविकको श्रीनगर कृषि सेवा केन्द्र मातहत हितकोष रकम वितरण गर्ने उद्देश्यले १८ पुरुष समूहहरु, ४८ महिला समूहहरु र २ सय ७८ वटा मिश्रित समूहहरुलाई कूल रु. ३ लाख ४४ हजार रकम आ.व. ०६८।०६९ सालमा वितरण गरिएको वितरण साविकको कृषि विकास कार्यालयमा भएको तत्थ्यांकमा उल्लेख गरिएको पाईन्छ ।

***तालिका नं.०.५: सेवा केन्द्र अनुसारहितकोष रकमको विवरण***

| क्र.सं. | सेवा केन्द्रको नाम, ठेगाना | हितकोष सम्वन्धी समुहहरु | | | कुल जम्मा रु हजारमा |
|---|---|---|---|---|---|
| | | पुरुष समूह | महिला समूह | मिश्रित समूह | |
| १. | कृषि सेवा केन्द, श्रीनगर | १८ | ४८ | २७८ | ३४४ |
| **कूल जम्मा** | | **११८** | **२१७** | **७५३** | **१०८८** |

***स्रोत: जिल्ला कृषि विकास कार्यालय हुम्ला, २०७१***

## ५.३. अन्नबालीको अवस्था

जिल्लाको तराई क्षेत्रका रुपमा चिनिएको यस अदानचुली गाउँपालिकामा अधिकांश अन्नबालीहरु फल्ने गर्दछन् । यहाँ फल्ने अन्नवालीहरुमा धान, मकै, कोदो, फापर, कागुनो, चिनो, जनालो, गहुँ, उवा र जौं आदि लगाउने गरिएको छ । खेतीगर्ने थुप्रै क्षेत्र भएपनि सिंचाईको अभावका कारण यहाँको उत्पादन वर्षामा नै निर्भर हुने गरेको छ । यस गाउँपालिकामा लगाउने जग्गाको क्षेत्रफल, उत्पादन टन, र उत्पादकत्व के.जी. प्रति हेक्टर सम्वन्धी विवरण तालिका नं. ६.७ मा उल्लेख गरिएको छ । जसअनुसार सबैभन्दा बढी १ हजार २ सय ८० हेक्टर जमिनमा कोदो खेती गरिएको छ भने सबैभन्दा कम १ सय १२ हेक्टर जग्गामा मकै र जौ खेती गरिएको छ ।

***तालिका नं.०.६: जिल्लामा अन्नबालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व (आ.व. २०६८/०६९)***

| अन्नबाली | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (कि.ग्रा/हे.) |
|---|---|---|---|
| धान | | | |
| मकै | | | |
| कोदो | | | |
| फापर | | | |
| गहुँ | | | |
| जौं | | | |

*स्रोत :*

## ५.४. नगदेबाली

यस गाउँपालिकामा खेती हुने मूख्य नगदे बालीमा आलु, प्याज, लसुन, खुर्सानी, बेसारको खेती गर्ने गरिएको छ । जसको खेती ४ हेक्टर क्षेत्रफलमा हुने गरेको छ भने अर्को नगदे तेलहन बाली यसभन्दा निकै कम क्षेत्रफलमा खेतशी गर्ने गरिएको छ । बढ्दो बजारीकरणको प्रभावले तरकारी र अन्य बालीको तुलनामा तेलहन बालीको आकार घट्दै गएको देखिन्छ । यस गाउँपालिकामा उत्पादन हुने मसालाजन्य बालीको उत्पादनको विवरण तालिका ... मा र दलहनबालीको उत्पादनको विवरण तालिका ... का एललेख गरिएको छ ।

***तालिका नं.०.७: मुख्य मसलाबालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व (आ.व. २०६८/०६९)***

| मसलाबाली | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (कि.ग्रा/हे.) |
|---|---|---|---|
| अलैंची | ० | ० | ० |
| अदुवा | ० | ० | ० |
| लसुन | १ | ०.५ | ४.१७ |
| बेसार | ० | ० | ० |
| खुर्सानी | २ | २ | ३.८६ |
| प्याज | १ | २ | ३.२१ |
| **जम्मा** | **४** | **४.५** | **४.७०** |

*स्रोत : GoN/MoAD/Agri-Business Promotion and Statistics Division, Statistics Section, Statistical Information on Nepalese Agriculture 2011/012, Table 2.12*

दलहन बालीमा भटमास, मास, मुसुरो मुख्य रुपमा रहेका छन् भने गहत खेती पनि हुने गरेको छ तर सानो केराउ, घाँस केराउ र अडहर खेती हुने गरेको देखिदैन । दलहन बाली लगाएको क्षेत्रफल जग्गा, उत्पादन मे.ट. मा र उत्पादकत्व के.जी. प्रति हेक्टर सम्वन्धी विवरण तालिका नं. ६.९ मा उल्लेख गरिएको छ ।

***तालिका नं.०.८: दलहन बालीको क्षेत्रफल, उत्पादन र उत्पादकत्व (आ.व. २०६८/०६९)***

| दलहनबाली | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (कि.ग्रा./हे.) |
|---|---|---|---|
| मुसुरो | ० | ० | ६७२ |
| सानो केराउ | ० | ० | ० |
| सिमी | ३ | ४ | ० |
| मास | २ | ३ | ७२० |
| घास केराउ | ० | ० | ० |
| गहत | २ | २ | ७३५ |
| भटमास | ३ | १.५ | १००० |
| अन्य | २ | ३.५ | ७१८ |
| **जम्मा** | **१२** | **१४** | **८०३** |

***स्रोत :***

तरकारी खेतीमा भाण्टा, बन्दा, काउली, मुला, गोलभेडा अन्य भन्दा धैरै क्षेत्रफल जग्गामा लगाउने गरेको पाईन्छ । त्यसैगरी मौशम अनुशारका अन्य जातका तरकारी खेती समेत लगाउने गरिएको यस गाउँपालिकामा पछिल्लो समय केराउ, भेडे खुर्सानी, लिफ, गाजर, गान्टेमूला जस्ता तराकारीको पनि खेत गिर्न शुरु गरिएको छ । यि जातका तरकारीको खेती गर्न भर्खर शुरु गरिएको भएपनि यती क्षेत्रफलमा खेती गरिएको छ भन्ने

तत्थ्यांक अहिलेसम्म आधिकारिक रुपमा कुनै निकायले पनि नलिएको हुनाले यसको तत्थ्यांकिय विवरण यसमा समावेश गरिएका छैन् ।

## ५.५. बालीमा लाग्ने मुख्य मुख्य रोग, किरा

यस पालिकामा धानवालीमा मुख्यतया: फौजी किरा र भण्डारमा पुतली जीवले सताउने, गहुँ बालीमा कालो पोके, घुन आदिले बिगार्ने गरेको पाइन्छ । विभिन्न बालीमा लाग्ने रोग, यसले उत्पादनमा पार्ने क्षति प्रतिशत र समस्याका लागि अपनाइएका उपायहरु सम्वन्धमा तालिका नं. ६.१४ मा उल्लेख गरिएको छ ।

*तालिका नं.०.९: विभिन्न बालीमा लाग्ने मुख्य मुख्य रोग, किरा र क्षतिको विवरण*

| क्र.सं. | बाली | किरा | क्षति % | रोग | क्षति % | भण्डारणमा सताउने जीव | विगतमा बालीमा किरा माहामारीको रुपमा लागेको अवस्था | समस्या समाधानका लागि अपनाएका उपायहरु |
|---|---|---|---|---|---|---|---|---|
| १ | धान | फौंजी किरा | १० | ब्लाष्ट | ५ | पुतली | फौजी किरा | |
| २ | गहुं | | | कालो पोके | १० | घून | | |
| ३ | मकै | लाही | ५ | डांठ कुहिने | ५ | घून | | |
| ४ | तरकारी | खुम्रे, फेद काट्ने, रातो कमिला | १० | डढुवा, बेर्ना कुहिने | १० | | खूम्रे, फेद कटूवा | राम्ररी कुहिएको गोवरमल प्रयोग गर्न सुझाव दिइएएको |
| ५ | स्याउ | भूवादार लाहि, गवारो, कत्ले किरा | ५ | बोक्रा चर्कने, फेद तथा जरा कुहिने | १० | | | |

*श्रोत: बार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक पुस्तिका २०७२/०७३, कृषि विकास कार्यालय, हुम्ला*

## ५.६. फलफुलको अवस्था खेतीको अवस्था

जमिनको सतहका हिसाबले निकै विविधतायुक्त यसपलिकामा फलफुलको पनि विविधता नै पाईन्छ । पालिकाका प्राय वडाहरुमा होचो जमिन देखि उचो जमिनमा फल्ने फलफुलहरु फल्ने गरेका छन् । पालकाका गेरुखानी, कोइलेख, पुर्दुकोट, लामपाटा, खलासेरा मेलचौर, पाम्स, कँखे, बारीगाउँ, करगै, पाल्स, ओखाडी, लमै जस्ता स्थानहरुमा स्याउ फल्ने गरेका छन् भने पालिकाका प्राय वस्तीहरुमा ओखरको निकै राम्रो संभावना छ । यसका अलावा भिई गाड, गल्फा गाड, गोरपाली, ढकानीकुना, कमै, तुम्च लगायतका वस्तीमा सुन्तला र कागतीको राम्रो उत्पादन हुने गरेको छ । फलफूल खेती सम्वन्धी विवरण तालिका नं. ६.१६ मा उल्लेख गरिएको छ ।

तालिका नं.०.१०: फलफूल बालीको स्थिति (आ.ब. २०६८/०६९)

| क्र.सं. | फलफूलको नाम | | उत्पादन हुने वस्ती र वडा | क्षेत्रफल (हे.) | लाग्ने रोगहरु | फलफूल पाक्ने समयमा आएको परिवर्तन |
|---|---|---|---|---|---|---|
| | हिउँदे | वर्षे | | | | |
| १ | स्याउ | | गेरुखानी, कोइलेख, पुर्दुकोट, लामपाटा, खलासेरा मेलचौर, पाम्स, काँखे, बारीगाउँ, करगै, पाल्स, ओखाडी, लमै | ५१० | पेपरी वार्क, पाउडरी मिल्डयू, गमोसिस | छिटो फुल्नू, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ओखर | | प्राय सबै बस्ती | ११२ | | |
| ३ | | सुन्तलाजात | भिई गाड, गल्फा गाड, गोरपाली, ढकानीकुना, कमै, तुम्च, आदि | ३५ | सिट्स क्यांकर | फल छिटो पाक्नू |

***श्रोत: बार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक पुस्तिका २०६८/०६९, कृषि विकास कार्यलय, हुम्ला***

## *५.७. सिंचाई*

जिल्लाको निकै सुख्खा क्षेत्रका रुपमा रहेको यस गाउँपालिकाको अधिकांश क्षेत्र सिचांईबाट बञ्चित छ । यहाँ पानीका मुहान निकै कम भएको हुनाले जमिनको क्षेत्रफल र माटोको उर्भरा अनुशार सिचाईको सुविधा निकै कम छ । पालिका मातहतको कर्म, तुम्च, गल्फागाड, भिई घाड, भिई छहरा, गोरपालि, ढकानिकुना, काँखे, बारिगाउँ जस्ता क्षेत्रमा सिचाईको ठूलो संभावना बोकेको भएपनि हाल आंशिक रुपमा मात्रै सिंचाईको सुविधा उपलब्ध भएको छ । यस पालिकाका संभावना भएका केही सिंचाईका योजनाहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ

***तालिका नं.०.११: नहरबाट सिंचाई हुने क्षेत्र सम्वन्धी विवरण***

| क्र.सं. | नहरको नाम | सिँचाई हुने क्षेत्रफल (हे.मा) | गा.वि.स. वडा नं. |
|---|---|---|---|
| १ | पाल्स सिंचाई योजना | ७७ | अदानचुली ६ |
| २ | गल्फागाड सिंचाई योजना | ६० | अदानचुली १–३ |
| ३ | चोपतडी सिंचाई योजना | १५ | अदानचुली २ |
| ४ | भिई घाड कुम्णा सिंचाई योजना | २० | अदानचुली १ –३ |
| **कूल जम्मा** | | **१७२** | |

***स्रोत: जिल्ला कृषि विकास कार्यालय हुम्ला, २०७१***

## ५.८. पशु पालन

विकट र हिमाली जिल्ला हुम्लाको केन्द्रदेखि निकै टाढाको दुरीमा रहेको अदानचुली गाउँपालिकामा खेती योग्य र सिंचाईको पहुँच भएको जमिनको मात्रा कम भएकाले स्थानीय वासिन्दाको जिविकोपार्जनको मुख्य पेशा कृषि भएपनि जीवन निर्वाहको प्रमूख श्रोत पशुपालन नै रहेको देखिन्छ । आकासे पानीको भरमा खेती गर्नुपर्ने बाध्यताका वावजुत खाद्यान्न तथा अन्यबालीको उत्पादन कम हुने भएपछि कृषि पेशामा आश्रित जनसंख्या पशुपालनबाट लाभान्वित देखिन्छ । पालिकामा भएका पशुपालन गर्ने कृषक परिवार मध्ये औषतमा पशु पालनमा संलग्नको संख्या बढी नैं छ । भौगोलिक रुपमा विकट रहेको र यातायातको सञ्जालमा नजोडिएको यो गाउँपालिकामा सरसामान ढुवानी गर्न देखि बाहिरबाट आयात गर्ने खाद्यान्न तथा अन्य बालीको ऋश क्षतमता समेत यही पशुपालनले नै थेगेको छ । उक्त स्रोत स्थानीय वासिन्दाको ठूलो आम्दानीको आधारका रुपमा स्थापितसमेत भएको छ ।

यस पालिकामा पशु व्यवशायमा संलग्न किसानहरुको समूहहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ। यस तालिकामा आ.व. २०७३/०७४ को विवरण प्रस्तुत गरिएको छ । प्रस्तुत विवरण अनुसार पुरुष समूह, महिला समूह तथा मिश्रित समूह गरी तीन प्रकारका समूहहरु रहेका छन् ।

***तालिका नं.०.१२: पशुपालन सम्बन्धी विवरण***

| **क.सं.** | **विवरण** | | **आर्थिक वर्ष** |
|---|---|---|---|
| | | | **२०७३/७४** |
| १. | पशुपालन व्यवसायमा संलग्न समूह | क. पुरुष | ५ |
| | | ख. महिला | १२ |
| | | ग. मिश्रित | ३९ |
| | | **जम्मा** | **५६** |
| २. | समूहहरुको जम्मा कृषक परिवार | | २६०० |
| ३. | समूहहरुको हित कोष रकम (रु. हजार) | | ८४८५ |

***श्रोत : घरधुरी सर्वेक्षण २०७४ तथा जिल्ला पशु सेवा कार्यालय, हुम्ला, २०७४***

स्थानीयको जिविकोपार्जको भरपर्दो पेशका रुपमा स्थापित भएको पशुपालन अर्न्तगत यस गाउँपालिकामा अहिले ९ थरिका पशुपंक्षिहरु पालन गर्ने गरिएको पाइन्छ । जो अहिले स्थानीय र उन्नत गरी दुई प्रजातिका रहेका छन् । पालिकाको पशु शाखामा एकिन पशुको संख्यात्मक विववरण नभएपनि पालिकामा गरिएको घरधुरी सर्भेक्षण अनुशार गाईको संख्या २३८० छ भने गोरुको संख्या १८२२ रहेको छ । यस पालिकामा भैसीको संख्या ४४७ छ भने बाखा ९९०७, भेडा १७७१, खच्चड १०७, घोडा १६८, कुखुरा २९९१ रहेका छन् । ६ वटै वडामा भएका पशुवस्तुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.०.१३: घरमा पालिएका पशुहरुको विवरण**

| **वडा नम्बर** | **पालिएका घरपालुवा पशुवस्तुको विववरण** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **गाई** | **गोरु** | **भैसी** | **बाखा** | **भेडा** | **खच्चड** | **घोडा** | **कुखुरा** |
| १ | ४४९ | ३८२ | १४ | २६६४ | २ | २४ | २७ | ४३७ |
| २ | ४२२ | ४११ | ४३ | ११४५ | १०० | १७ | १६ | ८४५ |
| ३ | ४७६ | ३९६ | ६४ | १२२१ | ४ | ५८ | ५७ | ८४४ |
| ४ | २९१ | १४७ | ७४ | ११०० | १५७ | ० | १९ | २४४ |
| ५ | ५३० | ३०९ | १७६ | ३१०३ | ११३६ | ५ | ३३ | ३८६ |
| ६ | २१२ | १७७ | ७६ | ६७४ | ३७२ | ३ | १६ | २३५ |
| **जम्मा** | **२३८०** | **१८२२** | **४४७** | **९९०७** | **१७७१** | **१०७** | **१६८** | **२९९१** |

***स्रोत : घरधुरी सर्वेक्षण २०७५***

## ५.९. पशुपालनको पकेट क्षेत्र

परम्परागत पशुपालनको इतिहाँस तथा उपलब्ध हवापानीका हिसाबले अदानचुली गाउँपालिका पश पालिनको समेत पकेट क्षेत्रका रुपमा रहेको छ । पशु पालन

व्यावासायलाई व्यवस्थित गर्दैआवश्इक पशु प्राविधिकको सेवा उपलब्ध गराउने हो भने यस क्षेत्रको पशुपालन क्षेत्रले ठूलो आर्थिक मेरुदण्डका रुपमा काम गर्ने देखिन्छ । गाउँपालिकाको हावापानी र उपलबध पशुवस्तुको पालनका हिसाबले निम्न वडाहरु तपसिल बमोजिमका पशुहरुको पकेट क्षेत्रका रुपमा लिन सकिन्छ । जसलाई तपसिलको तालिकाले प्रष्ट पारेको छ ।

***तालिका नं.०.१४: पशु सम्बन्धी पकेट क्षेत्रहरुको विवरण***

| क्र.सं. | पकेटको किसिम | पकेट संख्या | पकेट क्षेत्र अन्तर्गत पर्ने वडा र वस्तीहरु |
|---|---|---|---|
| १ | गाई | १ | पालिकाका ६ बटै वडाहरु |
| २ | भैंसी | ७ | पालिकाका ६ बटै वडाहरु |
| ३ | बाख्रा | १० | पालिकाका ६ बटै वडाहरु |
| ४ | बंगुर | १२ | पालिकाका ६ बटै वडाहरुमा संभावना भएपनि हाल कुनैपनि वडामाबंगुरपालन गरिएको छैन् । |
| ५ | कुखुरा | १ | वडा नं. १, २, ३ र ४ |
| ६ | खरायो | | पालिकाका ६ बटै वडाहरु |
| ७ | भेडा | | वडा नं. ४,५ र ६ |
| **जम्मा** | | ४६ | |

***स्रोत : घरधुरी सर्भेक्षण २०७४ र जिल्ला पशु सेवा कार्यालय, हुम्ला, २०७४***

## ५.१०. पशु आहार तथा रोग

यस गाउँपालिकामा पशुहरुका लागि आवश्यक पशु आहारको प्रर्याप्त व्यवस्था नभएपनि परम्परागत रुपमा उत्पादन हुँदै आएको घाँस उपलब्ध हुदै आएको छ । पशु आहारका रुपमा प्रयोग गरिने खेतबारीको घाँस र वन जंगलमा हुने घाँस नै पशुहरुको आहारका रुपमा प्रयोग गर्ने गरिएको छ । यस गाउँपालिकामा उपलब्ध पशु आहारहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका नं.०.१५: पालिकामा पशु आहारामा उपयोगी कृषि उपज पदार्थको उत्पादन स्थिति***

| क्र.सं. | कृषि उपउत्पादन | उत्पादकत्व प्रति हे. मे.ट. | कुल उत्पादन (मे.ट.) |
|---|---|---|---|
| १. | पराल | २.५ | - |
| २. | मकै ढोड | १.५ | - |
| ३. | गहुँको छ्वाली | .६५ | - |
| ४. | चिनो | .७ | - |
| ५. | कागुनो | | |
| | | | |

***स्रोत : घरधुरी सर्वेक्षण २०७४ तथा जिल्ला पशु सेवा कार्यालय, हुम्ला, २०७४***

जिल्लाको तराई क्षेत्र अर्थात दक्षिण क्षेत्रमा रहेको यस गाउँपालिकाका कृषकले परम्परागत निर्वाहमुखि ढङ्गले पालिएका पशुहरु विभिन्न प्रकारका रोगहरुबाट प्रभावित हुने गरेका छन् । अधिकांश पशुवस्तु घरायसी निर्वाह तथा सामान ढुवानी गर्ने साधनका रुपमा पालिदै आएका पशुहरुमा मूख्यत ५ प्रकारका रोगहरु लाग्ने गरेको देखिन्छ

। त्यस मध्ये केही रोगहरु कर्णाली वरिपरी र हुम्लाको दक्षिण भेगमा मात्र पाइन्छ, भने केही रोगहरु हुम्ला जिल्ला भरिकै पशुवस्तुहरुलाई नै लागेको पाइन्छ । जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका नं.०.१६: पशु रोगहरुको विवरण***

| क.सं. | रोगको नाम | पशुरोग प्रभावित क्षेत्र | प्रभावित हुनसक्ने पशुपंक्षी |
|---|---|---|---|
| १. | भ्यागुते | कर्णली वरिपरि तथा हुम्ला जिल्लाको दक्षिण भेक | गाई, गोरु, भैंसी, राँगो, भेंडा र बाख्रा |
| २. | चरचरे | | गाई, गोरु, भैंसी, राँगो, भेंडा र बाख्रा |
| ३. | आन्तरिक तथा वाह्य परजिवी | हुम्ला जिल्लाभर जिल्लाभर | गाई, गोरु, भैंसी, राँगो, भेंडा, बाख्रा, घोडा, खच्चर, गधा, जुमा र झोपा |
| ४. | निमोनिया | | गाई, गोरु, भैंसी, राँगो, भेंडा, बाख्रा, घोडा, खच्चर, गधा, जुमा र झोपा |
| ५. | शुल | | घोडा, खच्चर, गधा |

***स्रोत : जिल्ला पशु सेवा कार्यालय, हुम्ला, २०७४ तथा गाउँपालिका सर्वेक्षण २०७४***

## ५.११. पशु रोगबाट बच्न अपनाइएका उपाय

यस अदानचुली पाउँपालिकाको सबै वडा र वस्तीहरुमा भएका पशुहरुको पशु स्वास्थ्य उपचारका लागि साविकको जिल्ला पशु सेवा कार्यालय, गाउँपालिकाको पशु सेवा शाखा देखि गाउँपालिकामा कार्यरत विभिन्न गैरसरकारी निकायबाट औषधी उपचार तथा भ्याक्सीन उपलब्ध गराउने काम भएको छ ।

***तालिका नं.०.१७: पशु स्वास्थ्यमा सुधार गर्न अपनाइएका उपायहरु***

| क. सं. | सेवा पुऱ्याउने इकाइहरु | भ्याक्सिनेसन सेवाको संख्या | | कृत्रिम गर्भाधानको संख्या | |
|---|---|---|---|---|---|
| | | २०७३/०७४ | २०७४/७५ | २०७३/०७४ | २०७४/७५ |
| १. | साविकको जिल्ला पशु सेवा कार्यालय | | | ० | ० |
| २. | पशु सेवा केन्द्र/उपकेन्द्र | | | ० | ० |
| ३. | निजी प्रयासबाट | | | ० | ० |
| ४. | ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | | | ० | ० |
| जम्मा | | | | ० | ० |

***स्रोत : जिल्ला पशु सेवा कार्यालय, हुम्ला, २०७४***

## ५.१२. चरण क्षेत्रको अवस्था

यस गाउँपालिकामा पशु पालनको लागि अत्यावश्यक चरण क्षेत्रको समेत राम्रो व्यवस्था छ । व्यावसायिक रुपमा भएपनि परम्परागत तथा घरायसी गर्जो टार्न र समान ढुवानी गर्न पालिदै आएका पशुवस्तुहरुका लागि चरन क्षेत्रको आधुनिक तबरले व्यवस्थापन नभएको भएपनि मौशम अनुशारका चरन क्षेत्रका रुपमा प्रयोग हुदै आएका परम्परागत खर्कलाई यस गाउँपालिकाको चरण क्षेत्रका रुपमा लिइने गरिएको छ । जसको विवरण निम्न तालिकाबाट प्रष्ट पारिएको छ ।

तालिका नं.०.१८: प्रमुख चरन क्षेत्र

| क्र.सं. | चरन क्षेत्र/खर्कको नाम | चरन क्षेत्र भएको वडा | चरन क्षेत्रको अन्दाजी क्षेत्रफल हे. |
|---|---|---|---|
| १. | मेहेल | अदानचुली १ श्रीनगर | ११४ |

| क्र.सं. | चरन क्षेत्र/खर्कको नाम | चरन क्षेत्र भएको वडा | चरन क्षेत्रको अन्दाजी क्षेत्रफल हे. |
|---|---|---|---|
| २. | पिपलखर्क | अदानचुली १ श्रीनगर | १३० |
| ३. | बाँजपताल | अदानचुली १ श्रीनगर | १८० |
| ४. | कानी | अदानचुली १ श्रीनगर | |
| ५. | दोमुख | अदानचुली १ श्रीनगर | |
| ६. | छाल | अदानचुली १ श्रीनगर | |
| ७. | सिरुपाटा | अदानचुली १ श्रीनगर | |
| ८. | तिम्ल्यानी | अदानचुली १ श्रीनगर | |
| ९. | मुजेठ्या | अदानचुली १ श्रीनगर | |
| १०. | दानसिङ्ग चौर | अदानचुली १ श्रीनगर | |
| ११. | काला पलेउटा | अदानचुली १ श्रीनगर | |
| १२. | तिम्ल्यानी | अदानचुली १ श्रीनगर | |
| १३. | गोरु ओढार | अदानचुली १ श्रीनगर | |
| १४. | दलदला | अदानचुली ५ कालिका | १७० |
| १५. | झुलखर्क | अदानचुली  कालिका | १५० |
| १६. | दुन्नास | अदानचुली ५ कालिका | १९० |
| १७. | स्याङमाया | अदानचुली  कालिका | २०० |
| १८. | बयाले | अदानचुली  कालिका | १२० |
| १९. | ढिडा | अदानचुली ५ कालिका | |
| २०. | पाती चौर तथा महतारा चौर | अदानचुली ४ बिगोठी | |
| २१. | बुराँसकाँध | अदानचुली ३ मकै | |
| २२. | चुलीसैना | अदानचुली ३ मकै | |
| २३. | | | |
| २४. | | | |
| २५. | | | |

*स्रोत : जिल्ला पशु सेवा कार्यालय, हुम्ला, २०७१*

## ५.१३. मासुजन्य उत्पादन

पशु पालनबाट स्थानीय कृषकले विभिन्न पशुजन्य उत्पादनबाट समेत लाभ लिएका छन् । समग्र जिल्लामै प्रमुख पशुजन्य उत्पादनका रुपमा लिइने दूध, दही, घ्यू, मासु, ऊन र छाला नै यस अदानचुली गाउँपालिकाको पशुजन्य उत्पादनका रुपमा रहेका छन् ।

**तालिका नं.०.१९: पशुजन्य पदार्थको उत्पादन (उत्पादन मे.ट.मा र संख्यामा)**

| क्र.सं. | पशुजन्य पदार्थ | | उत्पादन स्थिति (आ.व.) | | वृद्धि/ह्रास (%) |
|---|---|---|---|---|---|
| | | | २०७३/०७४ | २०७४/७५ | |
| १. | दुध | गाई | ३१५.५ | ३१५.९ | ०.१३ |
| | | भैंसी | ७५.२ | ७६.१ | १.२ |
| | | जम्मा | ३९०.७ | ३९२ | ०.३३ |
| २. | मासु | राँगो | ८.०५ | ८.६ | ६.८३ |
| | | खसी/बोका | १२८.२६ | १२४.४४ | ०.३३ |
| | | भेडा/थुमा | १००.७९ | १०६.०१ | ०.२८ |

| क्र.सं. | पशुजन्य पदार्थ | | उत्पादन स्थिति (आ.व.) | | वृद्धि/ह्रास (%) |
|---|---|---|---|---|---|
| | | | २०७३/०७४ | २०७४/७५ | |
| | | बंगुर | ६.२ | ६.५ | ४.८४ |
| | | कुखुरा/हाँस | ४.७६ | ५.२५ | १०.२९ |
| | | खरायो | | ०.२२ | |
| | | माछा | - | - | - |
| | | जम्मा | ६३८.७६ | ६४३.०२ | २२.९ |
| ३. | कुखुराको फुल उत्पादन (हजार गोटा) | | ११९४८ | १२५७५ | ५.२५ |
| ४. | भेंडा/च्यांग्राको ऊन उत्पादन (मे.ट.) | | १३.५ | १३.५७ | ०.५२ |
| ५. | छाला उत्पादन (बाखा/भैंसी)(गोटा) | | ११५२५ | ११७२१ | १.७ |

***स्रोत : जिल्ला पशु सेवा कार्यालय, हुम्ला, २०७१***

## ५.१४. पशु तथा पशुजन्य पर्दाथको आयात निर्यातको अवस्था

संख्यात्मक रुपमा धेरै पशुवस्तु पालन गरिने क्षेत्रका रुपमा यो अदानचुली गाउँपालका रहेको भएपनि मासुजन्य पर्दाथ बाहेक खासै अन्य पशुजन्य पर्दाथको निर्यात हुने गरेको छैन् । यस गाउँपालिकामा बाहिरबाट भेडा, बाखा, गाई, गोरु, घोडा, भैंसी, गधा, खच्चरहरु, ऊन (भेडाको रौं), बग्राल (बाखाको रौ) कै आयात हुने गरेको छ भने गाउँपालिकाबाट समेत सोही प्रकारका पशुजन्य पर्दाथको निर्यात हुने गरेको छ । पशुजन्य उत्पादनको आयात निर्यातको विवरण एकिन नभएपनि घरधुरी सर्वेक्षण र जिल्ला पशु विकास कार्यालयमा भएको विवरण अनुसार पशुजन्य उत्पादनको आयात निर्यातको अवस्थालाई तपसिलको तालिकाबाट जानकारी पाउन सकिन्छ ।

***तालिका नं.०.२०: पशु र पशु जन्य पदार्थको निकासी पैठारी***

| क्र.सं. | पशुको किसिम/पशु जन्य पदार्थको नाम | इकाई | निर्यात परिमाण | आयात परिमाण |
|---|---|---|---|---|
| १. | बोका, खसी, बाखा, भेंडा, च्याङ्ग्रा | संख्या | ५२९ | ७१५ |
| २. | घोडा, खच्चर, गधा | संख्या | २१ | ५१ |
| ३. | छाला ठूलो पशु | गोटा | ० | ० |
| ४. | छाला सानो पशु | गोटा | ० | ० |
| ५. | ऊन तथा उनजन्य वस्तु (भेंडा र बाखा) | क्विण्टल | ११ | ९ |
| ६. | ध्यू गाई, भैंसी | लिटर | २० | ० |
| ७. | राडी पाखी | संख्या | ५ | ९ |

***स्रोत : साविकको जल्ला पशु सेवा कार्यालय तथा पालिका घरधुरी सर्वेक्षण २०७४***

## ५.१५. पालिकाको अर्थतन्त्रको विशिष्टीकरण

प्राकृतिक स्रोत साधनले सम्पन्न भए पनि यो पालिका अझै पनि विपन्नता, खाद्य संकट, रोग र अशिक्षाबाट ग्रसित छ । यस जिल्लामा उपलब्ध अपार प्राकृतिक र मानविय स्रोतको परिचालन गन सके अदानचुली गाउँपालिका र पालिकाबासीको समग्र स्थितिमा गुणात्मक रुपले फड्को मार्ने मात्र नभई यसले देश विकासमा पनि ठूलो योगदान पुर्‍याउन सक्ने संभावना रहेको छ ।

यस पालिकाको उत्तरी क्षेत्रमा संसारमा नै दुर्लभ वनस्पति र जडिबुटीहरु उपलब्ध छन् । चीनको स्वायत्त प्रदेश तिब्बतमा अवस्थित प्राकृतिक र धार्मिक रुपले प्रसिद्ध मानसरोवर यात्रा र प्राकृतिक बरदानका रुपमा रहेको रारा तालको स्थल मार्गमा पर्ने मार्गमा रेहका कारण पनि यस पालिकामा पर्यटन विकासको प्रचुर सम्भावना देखिन्छ । धार्मिक पर्यटनका साथै पर्वतारोहण, ट्रेकिङ्ग, साहसिक पर्यटन, उच्च भू-भाग पैदल यात्रा, र्‍याफ्टिङ्ग, ग्रामीण तथा साँस्कृतिक पर्यटन, अध्ययन तथा अनुसन्धानमूलक पर्यटनको पनि संभावना यस पालिकामा रहेको छ ।

## ५.१६. आर्थिक अन्तरसम्बन्ध

### आयात तथा निर्यातका वस्तु तथा सेवाहरु

यो पालिका जलश्रोत, वनजङ्गल, पशुधनमा धनी रहेको छ । यहाँ मुख्यत खाद्यान्न, लत्ताकपडा, दैनिक उपभोगका वस्तुहरु जस्तै नुनतेल, चिनी, चिया, साबुन, भाँडावर्तन, औषधी, निर्माण सामग्रीहरु जस्तै सिमेन्ट, छड्, पाईप, जस्तापाता, किला, कृषि सामग्रीहरु मुख्य रुपमा आयात हुन्छ । यसका साथै मौशम अनुसार निर्यात हुने वस्तुहरु फरक रहेता पनि प्रमुख रुपमा जडिबुटी, मह, आलु, सिमी, स्याउ, ओखर, चुक, राडी, ल्यु, कम्बल, घ्यू, खुर्सानी, डाँलेचुक बाहिर निर्यात हुने गरेको देखिन्छ । यस पालिकाबाट निर्यात हुने वस्तुहरु भन्दा आयात हुने वस्तुहरु बढी मात्रामा रहेको छ । यस पालिकामा स्थानीय कृषिजन्य, पशुजन्य, जडिवुटीजन्य र फलफूलजन्य उपजको निर्यातबाट आउने आम्दानिको धेरै प्रतिशत खाद्य र खाद्यान्न सामग्रीमा खर्च हुने देखिन्छ । खाद्यमा आत्मनिर्भर हुन सक्ने हो भने यस पालिकाको विकासमा ठूलो योगदान पुग्ने देखिन्छ । पालिकामा भएका वडाहरुबाट आयात तथा निर्यात हुने वस्तु तथा सेवाहरुको विवरण तालिका नं. ६.३८ मा प्रस्तुत गरिएको छ ।

*तालिका नं.०.२१: आयात तथा निर्यात हुने वस्तु तथा सेवाहरु*

| क्र.सं. | गाविसको नाम | खरीद गरिने मुख्य सेवा तथा वस्तुहरु | बिक्री गरिने मुख्य सेवा र वस्तुहरु | नजिकको बजार |
|---|---|---|---|---|
| १ | कल्खे | दैनिक उपभोग्य वस्तुहरु | मास, सिमी, लसुन, प्याज, मह, घ्यू, रातो चामल | गल्फा, पैमा, कवाडी, कोल्टी |
| २ | भण्डारीगाउँ, बुढागाउँ र सायबाडा | दैनिक उपभोग्य वस्तुहरु | केरा, मास, सिमी, लसुन, प्याज, मह, घ्यू, रातो चामल | |
| ३ | फडेरागाउँ र रोकायाबाडा | दैनिक उपभोग्य वस्तुहरु | सुन्तला, केरा, मास सिमी, लसुन, प्याज, मह, घ्यू, रातो चामल | |
| ४ | लौठी, पाम्स, रिल्म र बिगोठी | दैनिक उपभोग्य वस्तुहरु | आलु, मास सिमी, लसुन, प्याज, मह, घ्यू, रातो चामल | |
| ५ | काँखे, बारिगाउँ र करगैं | दैनिक उपभोग्य वस्तुहरु | आलु, मास सिमी, लसुन, प्याज, मह, घ्यू, रातो चामल | |
| ६ | पाल्स र लमै | दैनिक उपभोग्य वस्तुहरु | आलु, मास सिमी, लसुन, मह, घ्यू, रातो चामल | |

***स्रोत : घर धुरी सर्भेक्षण २०७५***

## ५.१७. घरपरिवारको आयस्तर तथा गरिबीको स्थिति

गाउँपालिकाको गरिबीको दर, गरिबीको विषमता र गरिबीको गहनता सम्बन्धी विवरण तालिका नं. ६.३९ मा उल्लेख गरिएको छ । विवरण अनुसार यस अदानचुली गाउँपालिकाको निरपेक्ष गरिवीको दर ५६.०२ रहेको छ भने गरिबहरुको जनसंख्या ४७४५ रहेको छ ।

***तालिका नं. ०.२२: जिल्लाको गरिबीको दर, गरिबीको विषमता र गरिबीको गहनता, २०६८***

| क्र.सं. | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरुको संख्या |
|---|---|---|---|---|
| १ | ५६.०२ (१०.२९) | १६.६२(४.८३) | ६.६६(२.४३) | २७९६२ |

***नोट : कोष्ठक ( ) भित्र रहेको अंक सम्बन्धित सूचकको भ्रमांश (प्रतिशत) लाई जनाउँछ ।***

***स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७० आषाढ, नेपाला गरिबीको लघुक्षेत्र अनुमान २०६८ (संक्षिप्त नतिजा), अनुसूची १***

तत्थ्यांक अनुशार यस पालिकाको गरिबीको दर र गरीबहरुको संख्या निकै उच्च छ । जहाँको गरिबीको दर ७२.०३ रहेको छ ।

तालिका नं.०.२३: इलाका अनुसार गरिबीको दर र गरीबहरुको संख्या २०६८

| इलाका नं. | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरुको संख्या |
|---|---|---|---|---|
| ८ | ७२.०३(९.६२) | २३.६९(५.७४) | १०.०६(३.१९) | ६६०१ |

***नोट : कोष्ठक ( ) भित्र रहेको अंक सम्बन्धित सूचकको भ्रमांश (प्रतिशत) लाई जनाउँछ ।***

***स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७० आषाढ, नेपाला गरिबीको लघुक्षेत्र अनुमान २०६८ (संक्षिप्त नतिजा), अनुसूची ३***

## ५.१८. स्थानीय स्तरमा खाद्य सुरक्षाको अवस्था

खेतीपातीका लागि प्रतिकुल भौगोलिक अवस्था तथा जलवायु परिवर्तनका् बढ्दो प्रभावका कारण हिमाली क्षेत्रमा रहेको अदानचुली गाउँपालिका भएको न्यून खेतियोग्य जमिनमा पनि  उत्पादकत्वको कमी रहेको छ । जनसंख्याको तुलनामा खेतियोग्य जमिन न्यून हुनु तथा उत्पादकत्व ज्यादै कम हुनाको कारण यहाँका स्थानीयबासीहरुले आफ्नो उत्पादनबाट १२ महिना खान खान पुग्ने अवस्था छैन । यसको लागि नेपाल सरकारले २०३१ साल देखि श्रीनगर खाद्य डिपो स्थापना गरेर नेपाल खाद्य संस्थान मार्फत अनुदानमा खाद्यान्न उपलब्ध गराउँदै आएको छ । समग्र हुम्ला जिल्लाको खाद्य उपलव्धता र आवश्यकताको स्थिति सम्वन्धी विवरण तालिका नं. ६.४२ मा प्रस्तुत गरिएको  छ ।

तालिका नं.०.२४: खाद्य उपलब्धता र आवश्यकताको स्थिति (आ.व. २०६८/०६९)

| **खाद्य उत्पादन (मे.ट.)** | | | | | | | **आवश्यकता (मे.ट.)** | **संचिति** |
|---|---|---|---|---|---|---|---|---|
| धान | मकै | कोदो | गहुँ | जौं | फापर | जम्मा | | |
| ४६७ | ८८ | ९८४ | २१९ | ० | ४८७ | २२४४ | ९९९२ | -७७४८ |

*स्रोत :GoN/MoAD/Agri-Business Promotion and Statistics Division, Statistics Section, Statistical Information on Nepalese Agriculture 2011/012, Table 11.8*

तालिका नं.०.२५: जिल्लाको खाद्य आत्मनिर्भरताको अवस्था सम्बन्धी विवरण (आ.ब. २०६८/०६९)

| क्र.सं. | प्रमुख खाद्यान्न बालीको नाम | क्षेत्रफल (हे) | कुल उत्पादन (मे.ट.) | विउमा प्रयोग | | भण्डारणमा हुने नोक्सानी | | पशु पंक्षिको दानामा प्रयोग | | अखाद्यमा प्रयोग | | बांकीक खाद्यान्न मे.ट. | निचोड दर | | प्रशोधन क्षति (जर्ति) | | कुल उपभोगयोग्य खाद्यवस्तुको परिमाण (मे.ट.) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दर (के.जी.र हे) | परिमाण (मे.ट.) | प्रतिशत | परिमाण (मे.ट.) | प्रतिशत | परिमाण (मे.ट.) | प्रतिशत | परिमाण (मे.ट.) | | प्रतिशत | परिमाण (मे.ट.) | प्रतिशत | परिमाण (मे.ट.) | |
| १ | धान | ५७० | ८३५ | ५० | २८.५ | १० | ८३.५० | ०.० | ०.० | ०.० | ०.० | ७२३.०० | ६३.० | ४५५.४९ | १.७५ | ७.९७ | ४५३.७४ |
| २ | गहुं | १०१५ | ९४५ | १०० | १०२ | १० | ९४.५० | ०.० | ०.० | ०.० | ०.० | ७४९.०० | ९६.० | ७१९.०४ | १ | ७.१९ | ७१८.०४ |
| ३ | मकै | ११३ | १७५ | २० | २.२६ | १० | १७.५० | ०.० | ०.० | ०.० | ०.० | १५५.२४ | ९७.० | १५०.५८ | १ | १.५१ | १४९.५८ |
| ४ | कोदो | १२८० | ११६५ | २० | २५.६ | १० | ११६.५० | ०.० | ०.० | ०.० | ०.० | १०२२.९० | ९३.० | ९५१.३० | ० | ०.०० | ९५१.३० |
| ५ | उवा | ६७६ | ५७४ | १०० | ६७.६ | १० | ५७.४० | ०.० | ०.० | ०.० | ०.० | ४४९.०० | ९६.० | ४३१.०४ | ० | ०.०० | ४३१.०४ |
| ६ | जौ | ६८५ | ७९२ | ४० | २७.४ | १० | ७९.२० | ०.० | ०.० | ०.० | ०.० | ६८५.४० | ३२.० | २१९.३३ | ० | ०.०० | २१९.३३ |
| ७ | फापर | ६७० | ६३७ | ६० | ४०.२ | १० | ६३.७० | ०.० | ०.० | ०.० | ०.० | ५३३.१० | ५५.० | २९३.२१ | ० | ०.०० | २९३.२१ |
| ८ | चिनो | २९२ | २४१ | २० | ५.८४ | १० | २४.१० | ०.० | ०.० | ०.० | ०.० | २११.०६ | ९०.० | १८९.९५ | ० | ०.०० | १८९.९५ |
| ९ | कागुनो | ७४ | ६७ | २० | १.४८ | १० | ६.७० | ०.० | ०.० | ०.० | ०.० | ५८.८२ | ८५.० | ५०.०० | ० | ०.०० | ५०.०० |
| **जम्मा** | | **५३७५** | **५४३१** | | **३००** | | **५४३** | **०** | **०** | **०** | **०** | **४५८८** | | **३४५९.९** | | **१६.७** | **३४५६.२** |

**पुनश्चः**

| | |
|---|---|
| जिल्लाको कुल जनसंख्या : | ५०८५८ |
| आवश्यक उपभोग्य खाद्यवस्तू मे. ट. (प्रति बर्ष, प्रतिब्यक्ति १९१।६२ के.जी.को) | ९७४५।४० |
| जिल्लाको उत्पादित उपभोग्य खाद्यवस्तूको परिमाण (मे.ट.) | ३४५६।२ |
| खाद्यान्न न्युनताको स्थिती (मे.ट.) | ६२८९।२ |

स्रोत: जिल्ला कृषि विकास कार्यालय, हुम्ला, २०७१

## ५.१९. श्रमशक्ति तथा रोजगारी स्थिति

स्थानीयको मूख्य पेशका रुपमा कृषिलाई अँगालेको अदानचुलीका स्थानीय वासिन्दाको श्रम गर्ने माध्यम पनि कृषि नै हो । जसमा गाउँपालिकाभरका ७१९२ अर्थात ८४ दशमलव ९ प्रतिशत जनसंख्या संलग्न छ । यसैगरी ज्यालदारीमा काम गरेर आफ्नो जिविका निर्वाह गर्नेको संख्या ३७० अर्थात ४ दशमलव ३६ प्रतिशत रहेको छ । कुल जनसंख्याको ३ दशमलव १ प्रतिशत घरायसी काममा संलग्न देखिन्छन भने अध्ययन कार्यमा अदानचुलीको ५ दशमलव ५३ प्रतिशत जनसंख्या संलग्न छ । यसैगरी अन्य रोजगार र श्रम गर्ने कार्यमा २ दशमलव १८ प्रतिशत जनसंख्या संलग्न रहेको देखिन्छ । जसलाई वडागत रुपमा तपसिलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

*तालिका नं.०.२६ : वडा अनुशार श्रम र रोजगारीको अवस्था*

| वडा नं. | जम्मा | कृषि | | ज्यालादारी | | घरायसी काम | | अध्ययन | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| १ | १६२४ | १३९२ | ८५.७१ | ७५ | ४.६१ | ६० | ३.६९ | ७८ | ४.८० | १९ | १.१६ |
| २ | १४६० | १२५१ | ८५.६८ | ६२ | ४.२४ | ३१ | २.१२ | १०७ | ७.३२ | ९ | ०.६१ |
| ३ | १५३८ | १३१३ | ८५.३७ | ३९ | २.५३ | ४९ | ३.१८ | ६१ | ३.९६ | ७६ | ४.९४ |
| ४ | १०४४ | ८६१ | ८२.४७ | ७१ | ६.८० | ३१ | २.९६ | ५८ | ५.५५ | २३ | २.२० |
| ५ | १७७७ | १५०५ | ८४.६९ | ७९ | ४.४४ | ५३ | २.९८ | १०३ | ५.७९ | ३७ | २.०८ |
| ६ | १०२८ | ८७० | ८४.६३ | ४४ | ४.२८ | ३१ | ३.०१ | ६२ | ६.०३ | २१ | २.०४ |
| **जम्मा** | **८४७१** | **७१९२** | **८४.९** | **३७०** | **४.३६** | **२५५** | **३.०१** | **४६९** | **५.५३** | **१८५** | **२.१८** |

***स्रोत : घर धुरी सर्भेक्षण २०७५***

## ५.२०. वैदेशिक रोजगारको अवस्था

परम्परागत काममै व्यस्त देखिएका यस पालिकाका वासिन्दाको वैदेशिक रोजगारीमा पहुँच निकै कम छ । कृषि, पशुपालन, ज्याला मजदुरी र मौशम अनुशार छिमेकी मुलुक भारतमा काम गर्न जाने प्रचलन रहेको यस पलिकामा अन्इ तेस्रो मुलुकमा रोजगारीको सिलसिलामा जानेको संख्या निकै नगञ्य मात्रामा छ । वैदेशिक रोजगारीमा जान आवश्यक एकमुष्ट लगानी र जाने संयन्त्रका बारेमा जानकारी नहुनु जस्ता समस्याले यस पालिकाबाट तेस्रो देश (भारत बाहेक) मा वैदेशिक रोजगारीका लागि जान नसकिएको देखिन्छ ।

पछिल्लो समयमा उच्च शिक्षा लगायतका अन्य कामका सिलसिलामा नेपालगञ्ज, सुर्खेत र काठमाडौंसँगको सम्बन्ध बिस्तार हुँदै गएपछि हरेक वडाबाट १।२ जनाको संख्यामा वैदेशिक रोजगारीमा जाने शुरुवात भएपछि अहिलेसम्म यसको एकिन विवरण भने संकलन भएको छैन् ।

## ५.२१. उद्योग तथा खानी क्षेत्रको स्थिति

भौगोकिल अवस्थितीका हिसाबले यस पालिका उद्योग तथा खानीहरुको निकै ठूलो संभावना भएको क्षेत्रमा पर्दछ । यहाँ भएका खानिहरुको खोजविन र अध्ययन हुन नसक्दा एकिन विवरण यहाँ प्रस्तुत गर्न नसकिएपनि अदानचुली गाउँपालिका र सर्केगाड गाउँपालिकाको उनापानीको गुँसा लेखमा भएको क्वार्ज (बहुमूल्य ढुङ्गा खानी) को खानी, चुन ढुंगा, अन्य खनिज पर्दाथको राम्रो संभावना बोकेको क्षेत्रका रुपमा यस पालिकालाई लिन सकिन्छ ।

कृषि, पशु, फलफूल तथा जडिवुटी जन्य उपजका प्रशस्तै उद्योगहरुको संभावना भएपनि हालसम्म औपचारिक रुपमा १।२ वटा साना उद्दोग र कुटिर बाहेक अन्य उल्लेख्य उद्दोगको समेत स्थापना हुन सकिरहेको छैन् । सडक यातायातको पहुँचमा समाहित नभएको यस पालिका पैदल र हवाई यातायातकै भर पर्नु परेका कारण पनि यहाका उद्दोगहरु फष्टाउन नसकेको वास्तविकतालाई कसैले नकार्न सक्दैन । यातायातको समस्याले उद्दोगकालागि आवश्यक पर्ने कच्चा पर्दाथहरुको उपलब्धता हुन नसक्नु पनि यहाँके प्रवल संभावना भएको उद्दोग र खानीहरुको स्थापना उल्लेख्य रुपमा फष्टाउन नसकेको हो ।

यस पालिकामा आर्थिक वर्ष २०७४/७५ सम्ममा दर्ता तथा नविकरण भएका लघु तथा घरेलु उद्योग सम्बन्धी विवरण तपलि बमोजिमको तालिकामा उल्लेख गरिएको छ । यहाँ दर्ता भएका उद्योगहरु खासगरी कृषि, वन र सेवा मूलक रहेका छन् ।

**तालिका नं.०.२७: अदानचुली गाउँपालिकामा लघु तथा घरेलु उद्योग सम्बन्धी विवरण**

| क्र. सं. | उद्योगको प्रकृति | २०६५/६६ | | | २०६६/६७ | | | २०६७/६८ | | | २०६८/६९ | | | २०६९/७० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दर्ता | नविक. | खारेज | दर्ता | नविक. | खारेज | दर्ता | नविक. | खारेज | दर्ता | नविक. | खारेज | दर्ता | नविक. | खारेज |
| १ | कृषिजन्य उत्पादन मुलक | २ | २ | | २ | २ | | २ | | | ४ | ४ | | १२६ | ३ | |
| २ | वन उद्योग उत्पादन मुलक | ६ | ६ | | | १ | | | | | | २ | | १४ | २ | |
| ३ | खानी उद्योग | | | | | | | | | | | | | | | |
| ४ | उर्जामूलक | | | | | | | | | | | | | | | |
| ५ | पर्यटन | ४ | | | ५ | | | ३ | | | ४ | | | २० | ३ | |
| ६ | सेवामूलक | २७ | ६८ | | २० | २१ | | ३ | २ | | ११ | २३ | | १२ | ५० | |
| ७ | अन्य उद्योग | १ | | | १ | | | १ | | | १ | | | १ | | |
| | जम्मा | ४० | ७६ | | २८ | २४ | | ८ | २ | | २० | २९ | | १७८ | ५८ | |

*स्रोत : घरेलु तथा साना उद्योग कार्यालय, हुम्ला, २०७५*

## ५.२२. पर्यटन क्षेत्रको स्थिति

यस परिच्छेद अन्तर्गत, अदानचुली गाउँपालिकामा रहेका बजार केन्द्रहरु, यहाँ मनाइने प्रमुख चाडपर्व, मेला, भेषभुषा, रीतिरिवाज, मुल्य, मान्यता र विश्वास, वैबाहिक पद्दति र चलन, प्रमुख धार्मिक तथा साँस्कृतिक महत्वका मन्दिर र गुम्बा, पर्यटन विकास र पर्यटकीय आकर्षण तथा महत्वपूर्ण गन्तव्यस्थलहरुका बारे विश्लेषण र प्रस्तुत गरिएको छ ।

### क) व्यापारको लागि बजार सेवा पहुँचको स्थिति

भौगोलिक विकटता, यातायातको पुर्वाधारको कमी जस्ता कारणले यस गाउँपालिकामा व्यापार व्यवसाय भएका बजारहरु धेरै कम रहेका छन् । अन्य गाउँपालिका भन्दा केही घनावस्तीका रुपमा देखिएपनि विकासका उपलब्धताका हिसाले अँझै बस्ती छरिएकै छन् । गाउँपालिकाको वस्तुगत विवरण (प्रोफाइल) तयारीका लागि गरिएको घरधुरी सर्वेक्षण, वस्ती तथा वडास्तरको तथ्याङ्क संकलनका क्रममा उपलब्ध सूचना अनुसार वडा नम्बर २ र ३ बजारको पहुँचमा रहेका वडा भएपनि अन्य वडाहरु स्थानीय बजार भन्दा केही टाढै छन् ।

बजारमा पहुँचको स्थिति हेर्दा यस पालिकाका ५६.४ प्रतिशत परिवारहरु १ देखि ४ घण्टाको दुरीमा बजार पुग्न सक्ने अवस्थामा छन् । यसैगरी ११ प्रतिशत परिवारहरु सामान्य किनबेचको सेवाको लागि बजार पुग्न १५ देखि २५ मिनेटको दुरी हिड्नु पर्ने अवस्था छ भने ३४ प्रतिशत घरलाई १० मिनेट भन्दा कम समय स्थानीयबजार पुग्न लाग्छ । यस गाउँपालिकाको स्थानीय बजारका रुपमा श्रीनगर बजारलाई लिईन्छ । जहाँ आधारभूत दैनिक उपभोग्य सामागग्री मात्रै पाइन्छ । यसभन्दा बढी सामाग्रीको किनमेल गर्न कवाडी, कोल्टी, मार्तडी, सिमकोट, गमगढी जस्ता बजार जानु पर्ने बाध्यता यहाँका वासिन्दालाई छ । बजारको पहुँचको स्थिति सम्बन्धी विवरण तालिका नं. ६.५२मा प्रस्तुत गरिएको छ ।

***तालिका नं.०.२८: प्रमुख बजार केन्द्रहरु र विनिमयहुने वस्तुहरु***

| क्र.सं. | बजार केन्द्र | बजारले ढाकेको गाविसहरु | लाभान्वित घरधुरी | जनसंख्या | कारोवार हुने वस्तु तथा सेवाहरु |
|---|---|---|---|---|---|
| १ | श्रीनगर (गल्फा) | श्रीनगर, कालिका | ११२१ | ७११६ | दैनिक उपभोग, निर्माण सामाग्री, फेन्सी, औषधि आदि |
| २ | पैमा | मदना, कालिका, श्रीनगर, जैर | १७९० | १०८१२ | दैनिक उपभोग,निर्माण सामाग्री, फेन्सी, औषधी आदि |
| ३ | कवाडी | मैला, मदना, कालिका, श्रीनगर | २५३१ | १५२३० | दैनिक उपभोग, निर्माण सामाग्री, फेन्सी, औषधी आदि |

***स्रोत : जिल्ला कृषि विकास कार्यालय, हुम्ला, २०७०***

### ख) पर्यटन क्षेत्रको विकास

पर्यटनको दृष्टिकोणले हुम्ला जिल्ला तिव्वतको मानसरोवर यात्राको लागि सजिलो मात्रै होइन पर्यटकलाई निकै लोभ्याउने (स्थल र हवाई) मार्गका रुपमा हुम्ला

जिल्लाकोद्धारलाई लिन सकिन्छ । हवाई मार्गका रुपमा अहिलेपनि वर्षेनी (हुनेखाने वर्गका मात्रै) १२ हजारभन्दा बढी भारतिय तिर्थालुहरु कैलास दर्शन गर्ने गर्दछन् भने यदी कर्णाली कोरिडोरको बाटो पुग्ने हो भने लाखौको संख्यामा मध्यम वर्गिय भारतिय तिर्थालुले आफ्नै सवारी साधन ल्याएर कैलास दर्शन गर्ने संभावना यहाँ छ । कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगर सुर्खेत देखि सुदूरपश्चिम प्रदेशको धनगढी देखिका सबै पर्यटकिय क्षेत्रको अवलोकन गर्दै कैलास मानसरोवरसम्म जाने यो मार्ग भाषिक साँस्कृतीक र जैविकि विविधताका दृष्टिकोणले पनि निकै महत्वपूर्ण हुनेछ ।

यसका अलावा यस गाउँपालिकामा भएका नौमुले, अदानचुली, दोमुख, थान, जस्ता धार्मि एवम् पर्यटकिय क्षेहरुलाई व्यवस्थित गर्दै रारा र कैलास मानसरोवर जाने मार्गलाई व्यवस्थित मात्रै गर्ने हो भने यसबाट आन्तरिक तथा बाह्य पर्यटकहरुबाट मनग्य आम्दानी गर्न सक्ने देखिन्छ ।

## ग) वित्तीय सेवाको अवस्था

भौगोलिक रुपमा विकट यस अदानचुली गाउँपालिकाको वित्तिय पहुँच पनि निकै कम छ । संघिय लोकतान्त्रीक गणतन्त्रात्मक देश नेपालको नयाँ संरचना अनुशार तिन तहका सरकारको उपस्थिती भएपश्चात यो वर्ष देशि वित्तिय कारोबार गर्न जनता बैंक लिमिटडको स्थापना भएको छ ।

शुरुका वर्षहरुमा कुनैपनि प्रकारको वित्तिय कारोबार गर्न ३।४ दिनको पैदल हिडेर हुम्ला सदरमुकाम सिमकोट देखि बाजुराको कोल्टी र मुगुको गमगढी पुग्नु पर्ने बाध्यताबाट यो वर्ष देखि भने यस पालिकाका वासिन्दाले मुक्ती पाएका छन् । अहिले गाउँपालिकामार्फत स्थानीय नागरिकले प्राप्त गर्ने हरेक प्रकारका सेवा सुविधा समेत बैंक मार्फत गरेका मात्रै छैन्न । यसले गाउँपालिकामा भएका सबै कार्यालयलाई वित्तिय अनुशासन समेत कायम गर्नमा समेत सहयोग गरेको छ ।

## घ) सहकारीको विवरण

सरकारले अघि सारेको तिन खम्बे अर्थ नीतिको एकमहत्वपूर्ण क्षेत्र सहकारी संस्थापनि हुन् । गाउँमा छरिएर रहेको पुँजिलाई एकिकृत गर्दै सामुहिक विकासमा लाग्ने सहकारी संस्थाको योगदान समाज विकासमा निकै ठूलो हुन्छ । तर सहकारी संस्था दर्ताको झण्जटिलो व्यवस्था, सहकारी दर्ता गर्न लाग्ने समय र लागत लगायतका समस्याले यस गाउँपालिकामा अपेक्षित रुपमा सहकारी संस्थाको दर्ता पनि भएको देखिदैन् । छिटफुट रुपमा सहकारी डिभिजन कार्याय सुर्खेत, जुम्ला र अन्य महिला विकास कार्यालय, कृषि विकास कार्यालय र गैरसरकारी संस्था जस्ता विकासे कार्यालयहरुको पहलमा केही सिमित सहकारी संस्थाहरु मात्रै यस पालिकाबाट दर्ता भएका छन् । यस पालिकामा दर्ता भएका सहकारी संस्था र तिनको क्षेत्र सम्बन्धि विवरण तपसिल बमोजिमको तालिकाबाट प्रष्ट हुन सकिन्छ ।

तालिका नं.०.२९: सहकारी सम्वन्धी विवरण

| क्र.सं. | सहकारीको किसिम | जम्मा |
|---|---|---|
| १ | बचत तथा ऋण सहकारी सस्था | २ |
| २ | कृषि सहकारी संस्था | ४ |
| ३ | जडिवुटी सहकारी संस्था | १ |
| ४ | विद्युत सहकारी संस्था | १ |
| | **जम्मा** | ८ |

***स्रोतः- अदानचुली गाउँपालिकाको कार्यालय २०७५***

# खण्ड-७

# भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१. सडक यातायात

हालसम्म राष्ट्रिय सडक सञ्जालमा नजोडिएको हुम्ला जिल्ला भित्रको अदानचुली गाउँपालिका पनि सडक सञ्जालबाट निकै टाढा छ। जिल्ला सदरमुकामलाई हिल्सा-सिमकोट सडकद्वारा चिन तर्फ जोड्ने काम भएको भए झैं यस गाउँपालिकामा कर्णाली कोरिडोरले छुने आशा छ । जिल्लाभरीमा हालसम्म झण्डै १२५ कि.मि. कच्ची सडक मात्र निर्माण भएको छ भने यस पालिकाको क्षेत्रमा जम्मा ११ किलोमिटर ट्र्याक खोल्ने काम भएको छ । हुम्ला जिल्ला भरीमा १७२.८२ कि.मि. बराबरका विभिन्न १७ वटा जिल्ला सडकहरु निर्माण गर्ने गरी प्रस्ताव तयार गरिएकोमा यस पालिकामा दुई वटा सडकहरु पर्दछन । जसमा ग्रामिण पहुँच कार्यक्रमले ११ किलोमिटर सडक निर्माण गरेको छ भने कर्णाली कोरीडोर सडकको छाल देखि बालुकुनासम्मको ..... किलोमिटर मध्य ....किलोमिटर सडक खन्नेकाम अहिले भैरहेको छ । पालिकाको सडक सञ्जाल सम्वन्धी विवरण निम्न तालिकामा समावेश गरिएको छ ।

*तालिका नं.०.१: जिल्लाको भौतिक पूर्वाधारको तुलानात्मक अवस्था*

| विवरण | २०५८को स्थिति कि.मि. | २०६८ को स्थिति कि.मि. | २०७० सम्मको स्थितिकि.मि. | २०७० सम्मको स्थितिकि.मि. | परिवर्तन (अन्तर) |
|---|---|---|---|---|---|
| **मोटरबाटो ( किलो मिटरमा)** | | | | | |
| कालोपत्रे | ० | | | | |
| ग्राभेल | ० | | | | |
| कच्ची / मौसमी | | | | | |
| क) कवाडी सल्ली सल्ला | १० | २० | ३० | ४० | १० |
| ख) हिल्सा सिमकोट | २३ | ४० | ५२ | ९५ | १२ |
| ग) लिमी लाप्चा | ० | २० | ७५ | | ५५ |
| घ) चंखेली सिमकोट | | ० | १२ | | १२ |
| मोटरबाटो पुगेका पालिकाको सङ्ख्या | २ | २ | २ | | |
| पक्की पुल (वटा) | ० | ० | १ | | |
| बसपार्क | ० | ० | ० | | |
| यात्रु प्रतिक्षालय | १ | १ | १ | | १ |
| हवाई मैदान | १ | १ | १ | | १ |

*स्रोत: जिल्ला समन्वय समिति, हुम्ला, २०७५*

*तालिका नं.०.२: गाउँपालिकाकमा भएका जिल्ला स्तरका सडक सञ्जाल सम्वन्धी विवरण*

| सडकको नाम | कुल लम्बाई (कि.मि.) | हालको लम्बाइ | नयाँ निर्माण | पुलको आवश्यकता | सडकमा पर्ने गाविस तथा |
|---|---|---|---|---|---|

| | | (कि.मि.) | नयाँ | कुल लम्बाई (कि.मि.) | नयाँ सडक | हाल भएको सडक | वस्तीहरु |
|---|---|---|---|---|---|---|---|
| मदना –कालिका सडक | ७.५८ | | ७.५८ | ७.५८ | | | मदना र कालिका |
| गल्फगाड –कालिका सडक | १०.३१ | | १०.३१ | १०.३१ | | | कालिका श्रीनगर |
| **कुल लम्बाई** | १७२.८२ | | १७२.८२ | १७२.८२ | ६०.०० | - | |

***स्रोतः जिल्ला सडक सञ्जाल, हुम्ला, २०७१***

हुम्ला जिल्लामा गाँउ सडक सञ्जाल विस्तारका लागि कुल २०२.९९ किलो मिटर सडक निर्माण गर्ने योजना तत्कालिन जिलला विकास कार्यालय जिल्ला सडक सञ्जाल गुरु योजना मार्फत तयार गरेको छ। जिल्ला सडक र गाँउ सडक गरी कुल ३७५.८१ किलो मिटर सडक निर्माण गर्ने योजना हुम्ला जिल्लाको जिल्ला सडक सञ्जाल कार्यक्रममा समावेश गरेको छ। यसमध्ये यस अदानुचली गाउँपालिकामा पर्ने सडकहरुको विवरण निम्न तालिकामा समावेश गरिएको छ ।

***तालिका नं.०.३: गाउँ सडक सञ्जाल***

| सडकको नाम | कुल लम्बाई (किमी) | हालको लम्बाइ (कि.मि.) | निर्माण | | पुल आवश्यकता | | सडक भएर जाने गाविस तथा वस्तीहरु |
|---|---|---|---|---|---|---|---|
| | | | नयाँ | लम्बाई ( किमी) | नयाँ सडकमा | हाल भैरहेको सडकमा | |
| पैमा–मैला–बडेचौर–मसुर सडक | ३३.५० | | ३३.५० | ३३.५० | | | मैला र कालिका |
| मैला–श्रीपाटा–श्रीनगर सडक | १५.३० | | १५.३० | १५.३० | | | मैला, मदना र श्रीनगर |
| सर्किदेउ–उनापानी–गुन्सा–मकै सडक | १२.५० | | १२.५० | १२.५० | | | सर्किदेउ, जैर र श्रीनगर |

***स्रोतः जिल्ला यातायात गुरु योजना, हुम्ला, २०७१***

## ६.१.१ गोरेटो/घोडेटो वाटो

यस पालिकामा घोडेटो र गोरेटो बाटाहरु पनि डाडाँकाडा र भीर पहराहरुको कारण निर्माण गर्न ज्यादै खर्चिलो भएकोले सवै ठाँउमा घोडेटो वाटो बन्न सकेको छैन। पालिकामा कार्यरत गैह्र सरकारी संस्था र साविकको जिल्ला विकास समिति, गाउँविकास समिति र अन्य विभिन्न विकास साझेदार निकायबाट प्राप्त अनुदानबाट घोडेटो तथा गोरेटो बाटाहरु मर्मत तथा निर्माण कार्य केही भएको छ भने अहिलेपनि यस गाउँपालिकाले आफू मातहतका वडा मार्फत समेत यस्ता कार्यहरु गर्दै आएको छ।

## ६.१.२. झोलुङ्गे पुलको विवरण

यहाँको भौगोलिक भू-वनौट ज्यादै भिरालो भएको हुँदा धेरै ठाउँमा झोलुङ्गे पुल र ट्रस व्रीजको टड्कारो आवश्यकता रहेको छ। भौगोलिक वनौटले गर्दा सामान ढुवानी गर्न कठिन र ज्यादै महङ्गो हुने हुँदा आवश्यकता अनुसार निर्माण हुन सकेको छैन भने

केही पुलहरु क्षेती ग्रस्त पारिएकोले झनै जनताहरुलाई आवत जावत गर्न कठिनाई भएको छ । यस पालिकामा विभिन्न अवस्थामा रहेका २७ वटा झोलुङ्गे पुल र ट्रस ब्रीज रहेको देखिन्छ । यस सम्बन्धी विवरण तालिका नं. ७.४मा प्रस्तुत गरिएको छ ।

तालिका नं.०.४: हालसम्म निर्मित झोलुङ्गे पुल तथा ट्रस ब्रीजको विवरण

| क्र. सं. | पुलको नाम/स्थान | पुल पर्ने सडक खण्ड तथा बाटो | पुलको किसिम (पक्कि, कच्ची, झोलुङ्गे,) | पुलले सेवा दिने स्थान तथा वडाहरु | निर्माणकर्ता निकाय | पुलको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जीर्ण | मध्यम | राम्रो |
| १ | कुकुरफाल्ना झो.पु. | श्रीनगर-सिमकोट | झो.पु. | ५ र ६ | नेपाल सरकार | | ✓ | |
| २ | गोरपाली झो.पु. | श्रीनगर-बिगोठी | झो.पु. | ४ र ६ | नेपाल सरकार | | ✓ | |
| ३ | गल्फागार्ड झो.पु. | कर्णाली कोरिडोर | झो.पु. | १,२,,४ लगायत सबै | नेपाल सरकार | | ✓ | |
| ४ | तिर्थासैन झो.पु. | कर्णाली कोरिडोर | | हुम्ला र मुगु | नेपाल सरकार | | ✓ | |
| ५ | कालागाड झो.पु. | श्रीनगर मनेलेख | झो.पु. | सबै वडाहरु | नेपाल सरकार | | ✓ | |
| ६ | भिईघाड झो.पु. | हुम्ला र मुगु | झो.पु. | हुम्ला र मुगु जिल्ला | | ✓ | ✓ | |
| ७ | पिपलमुडा झो.पु. | हुम्ला र मुगु | झो.पु. | हुम्ला र मुगु जिल्ला | | | ✓ | |
| ८ | फिनगौडा झो.पु. | हुम्ला र मुगु | झो.पु. | हुम्ला र मुगु जिल्ला | | ✓ | | |

***स्रोतः जिल्ला प्राविधिक कार्यालय, हुम्ला, २०७१***

## ६.२.हवाई यातायात

हुम्ला जिल्लाको लागि मुख्य यातायात साधन भनेको हवाई यातायात हो । सिमकोट विमानस्थलको निर्माण २०३४ सालमा भए देखि नियमित हवाई सेवा प्रदान भइरहेको छ । हाल आएर विमान स्थल कालो पत्रे भए यसको सेवा पहिले भन्दा बढि भरपर्दो र नियमित भएको छ । तर पनि विमान स्थल समुन्द्र सतहबाट करिव ९२४६ फिटको उचाईमा रहेकोले हिँउ पर्ने समयमा कहिले काहिँ विमान सेवा अवरुद्ध हुने गर्दछ । तर जिल्ला सदरमाकाम सिमकोट यस गाउँपालिका देखि निकै टाढा भएकाले यहाँका वासिन्दाका लागि यो हवाई मैदान भन्दा बाजुराको कोल्टीमा भएको कोल्टी विमानस्थल निकै उपयोगि भएको छ । यसबाट हाल नेपाल वायुसेवा निगम लगायत आधा दर्जन नीजि विमान कम्पनीहरु (तारा, गोमा, मकालु, सीता, काष्ठमण्डप र फिस्टेल एयर) ले नेपालगञ्ज र सुर्खेतबाट खाद्यान्न, निर्माण सामग्री, दैनिक उपभोग्य वस्तुहरुको ढुवानी र यात्रुहरुको आवत जावतमा सेवा प्रदान गरिरहेका छन् ।

नीजि तथा राष्ट्रिय ध्वजा बाहक विमान सेवा कम्पनीको एक तर्फी भाडा दर एकै भए पनि राष्ट्रिय ध्वजावाहक विमान सेवा नियमित नभएकोले नेपालगंज र सुर्खेतबाट नीजि विमानमा सिमकोट आउनु पर्दा दोव्वर भाडा तिर्नुपर्ने वाध्यता रहेको छ। नेपालगञ्जबाट सिमकोटसम्मको नेपाल वायुसेवा निगमको भाडा साढे पाँच हजार हजार रहेको छ भने नीजि विमान कम्पनीहरुले रु. १२ हजार ५ सयभन्दा पनि बढी भाडा लिने गरेका छन्। नेपाल वायुसेवा निगमको नियमित सेवा सञ्चालन हुन नसक्दा यात्रुहरु दोव्वर भाडा तिरेर यात्रा गर्न वाध्य छन्। त्यस्तै जिल्ला दररेट अनुसार नेपालगंजबाट हवाई जहाजमा सजिलो सामान ढुवानी गर्दा रु. १ सय ७० प्रति किलो र अप्ठ्यारो सामान ढुवानी गर्दा प्रति केजी रु. १ सय ७५ तोकिएको छ।

कालिका मदना खौलामा नयाँ विमानस्थलको लागि सम्भाव्यता अध्ययन आरम्भ गर्न नेपाल सरकारले कार्यक्रम ल्याएको छ। यस गाउँपालिका नजिकै पर्ने उक्त हवाई मैदानको निर्माणका लागि प्रारम्भीक सर्भे गर्ने काम शुरु भएको भएपनि यसमा जिल्लाका जनप्रतिनिधि र प्रमूख राजनीतिक दलहरुबिचको बेमेलका कारण अँझै के हुने हो भन्ने बारेमा अन्योल कायमै छ।

## ६.३ सञ्चार सुविधा

हुम्ला जिल्लामा विद्यमान विभिन्न सञ्चार सुविधाहरुका बारेमा यस उपशिर्षक अन्तरगत उल्लेख गरिएको छ।

### (क) हुलाक सेवा

हुलाक सेवा एक पुरानो संचार माध्यम हो। पहिले देखि हुलाक सेवालाई चुस्त र दुरुस्त राख्न जिल्ला हुलाक कार्यालय मातहत इलाका हुलाका कार्यालय यस गाउँपालिकामा स्थापना गरिएको छ। हुलाकी सेवा मार्फत सरकारी तथा व्यक्तिगत सामाग्री तथा चिठ्ठी पत्रको आउने र पठाउने कार्य भई रहेको छ। जिल्लाबाट प्रदान गरिने हुलाकी सेवा प्रत्येक गाविसमा इलाका र अतिरिक्त हुलाकको रुपमा व्यवस्था गरिएको छ। एक पालिका मार्फत अर्को पालिकासम्म सामाग्री लैजाने र ल्याउने कार्य हुलाकी र हल्काराहरुले गर्ने गर्दछन्। पहिला जस्तो हुलाकमा अहिले हुलाकी कामको चापलाई हवाई यातायात र विद्युतिय विकासले सहयोग पुऱ्याउनुको साथै हुलाकी काम निकै कम हुँदै गएको छ।

### (ख) टेलिफोन सेवा

टेलिफोन सेवाको सम्वन्धमा कुरा गर्दा पिएसटिएन सेवा सिमकोट बाहेक अन्यत्र पुग्न सकेको छैन। पिएसटिएनको जडित क्षमता ५०० भए पनि हाल सम्म जडान भएका टेलिफोन लाइनहरु सदरमुकाम सिमकोटमा मात्रै सिमति भएका छन्। यस पालिकामा सरकारको निती अनुशार भिस्याड लाइन साविकका गा.वि.स.मा पर्ने गरेर र कालिका र श्रीनगर गा.वि.स.मा एकएक लाइन सञ्चालनमा ल्याएको भएपनि त्यसले दिगो रुप धारण गर्न नसक्दा अहिले यो गाउँपालिका ल्याण्ड लाइन बिहिन बनेको छ।

गाउँपालिकाको नयाँ संरचना तयार नहुँदै साविकको श्रीनगर र कालिका गा.वि.स.ले आफ्नो क्षेत्रमा हाल यस पालिकामा सञ्चालरको काम जिएसएम मोबाइल सेवाले मात्रै थेगेको छ । गाउँपालकाको पसछिमडाँडा र लमैमा  स्थापना भएका जिएसयम टावर मार्फत मोबाइल सञ्चालनमा आएकाले यहाँको सञ्चारको काम तिनै मोबाइलबाट भैरहेको छ । यस गाउँपालिकामा कर्ति मोबाइलसञ्चालनमा छन् भन्ने एकिन तत्थ्यांक नभएपनि झण्डै ९० प्रतिशत घरमा मोबाइल भएकाले त्यसैबाट सञ्चारको काम भैरहेको छ ।

**(ग) आमसञ्चार**

अन्य विकार र पूर्वाधारका हिसाबले निकै पछिल्लो स्थानमा रहेको अदानचुली आमसञ्चारका हिसाबले भने अन्य पालिकाभन्दा निकै अघि छ । यहाँका वासिन्दालाई सुसूचित गर्नका लागि साविकको श्रीनगर गा.वि.स. ८ मा स्थापना भएको श्री भिई छहरा जैतुन खेती (जडिवुटी) सहकारी संस्थाको पहल र तत्कालिन श्रीनगर गा.वि.स.का सहयोगमा २०७३ सालमा ग्रामीण सामुदायिक रेडियो श्रीनगर एफएक १०२ मेघाहर्ज सञ्चलनमा छ ।

देशविदेशका खबरलाई स्थानीय स्तरमा ल्याउने रस्थानीय खबरलाई देशविदेमा विनिमय गर्ने माध्यमका रुपमा स्थापित भएको १०० वाड क्षमताको उक्त रेडियो पालिकाका जनतालाई सुसूचित गर्ने काममा कोषेढुंगा सावित भएको छ । यसका अलावा यस पालिकाका स्थानीयबाट सञ्चालन गरिएका कर्णाली डट कम, नमस्ते कर्णाली साप्ताहिक पत्रिका एवम् www.nepalbot.com र www.namastekarnali.com बाट नामक अनलाइनले समेत यहाँका गतिविधिलाई विश्वसामु पुऱ्याउने र शंसारका गतिविधिलाई स्थानीय वासिन्दा समक्ष ल्याउने काम गरेका छन् ।

## ६.४ विद्युत तथा नवीकरणीय उर्जा

यस गाउँपालिकाका वस्तीहरुलाई उज्यालो दिन २ वटा साना जलविद्युत योजनाहरु शुरु भएका छन् । साविकको कालिका गा.वि.स. मातहत शुरु भएको ११० किलो वाडको कुकुरफाल्ना साना जलविद्युत आयोजना सुचारु भै अहिलेपनि साविककको कालिका गाविसका अधिकांश वस्तीहरुमा लाइन बिस्तार भएको छ । भने साविकको श्रीगर गा.वि.स. मातहत शुरु भएको १०० किलोवाडको छहराखेत साना जलविद्युत आयोजना निर्माणको अन्तिम चरणका छ । यि दुई वटै आयोजनाको निर्माणले यस गाउँपालिकाका सबै वस्ती र घरधुरीमा विद्युत बिस्तार भै छिमेकी गाउँपालिकामा सम्म समेत लाइन बिस्तार हुने देखिन्छ । यसको विस्तृत विवरण निम्न तालिकामा समावेश गरिएको छ ।

तालिका नं.০.५: विद्युत सम्बन्धी विवरण

| क्र. सं | योजनाको नाम | योजना रहेको गाविस | क्षमता (किलोवाट) | लाभान्वित घर परिवार संख्या |
|---|---|---|---|---|
| ५ | कुकुर फाल्ना | अदानचुली ४ | ११० | ६३० |
| ६ | छराखेत साना जलविद्युत आयोजना | अदानचुली ३ | १०० | ८०० |
| जम्मा | | | २१० | १४३० |

***स्रोतः जिल्ला समन्वय समिति, हुम्ला, उर्जा शाखा, २०७१***

## ६.५ खानेपानी तथा सरसफाई

### ६.५.१ खानेपानी

अदानचुली गाउँपालिकाका सबै वडा र बस्तीहरुमा अक्सर गरेर खानेपानी तथा सरसफाईको पहुँच पुगेको क्षेत्रका रुपमा चिनिन्छ । जिल्लाको सुख्खा क्षेत्रका रुपमा साविकको श्रीनगर गा.वि.स.लाई लिइने गरिएपनि साविकका कालिका गा.वि.स.मा भएका पानीका मुहानको उपयोग गरेर श्रीनगर बृहत खानेपानी मार्फत अधिकांश क्षेत्रमा खानेपानीको पहुँचमा समाहित भएको छ । यस पालिकामा ८७ दशमलव ६ प्रतिशत वासिन्दा धाराको पानी खाने गरेका छन्  भने ९ दशमलव ५३ प्रतिशत प्रत्यक्ष मुहानको पानी प्रयोग गरिएका छन् । यस्तै २ दशमलव ८७ प्रतिशत वासिन्दा खोलाको पानी प्रयोग गर्दै आएका छन् । गाउँपालिकामा खानेपानीको प्रयोगको अवस्था सम्बन्धित वृस्तृत जानकारी तपसिल तालिकामा प्रस्तुत गरिएको छ ।

| वडा | जम्मा घरधुरी संख्या | खानेपानीको पहुँचको अवस्था | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मुहान | | खोला | | धारा | |
| | | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत |
| १ | २०१ | ८२ | ४०.८ | ५ | २.४८८ | ११४ | ५६.७२ |
| २ | २२१ | ३ | १.३५७ | ४ | १.८१ | २१४ | ९६.८३ |
| ३ | २२७ | ५ | २.२०३ | १६ | ७.०४८ | २०६ | ९०.७५ |
| ४ | १७० | ७ | ४.११८ | ५ | २.९४१ | १५८ | ९२.९४ |
| ५ | २९० | १ | ०.३४५ | २ | ०.६९ | २८७ | ९८.९७ |
| ६ | १८१ | २५ | १३.८१ | ५ | २.७६२ | १५१ | ८३.४३ |
| **जम्मा** | **१२९०** | **१२३** | **९.५३** | **३७** | **२.८७** | **११३०** | **८७.६** |

***स्रोत : घर धुरी सर्भेक्षण २०७५***

उक्त तालिका अनुशार यस गाउँपालिकामा व्यवस्थित खानेपानीको पहुँचबाट बञ्चित झण्डै १२ प्रतिशत घरधुरीलाई व्यवस्थित धाराको पानीको व्यवस्था गर्न पालिकाले साविकको श्रीनगरमा सैनग बृहत खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालन गरेको छ भने साविकको कालिका गा.वि.स.मा पनि पूर्ण सरसफाई तथा स्वच्छता कार्यक्रम सञ्चालन गर्दै जाने लक्ष्य राखेको छ ।

### ६.५.२. सरसफाई तथा चर्पिको अवस्था

भौगोलिक दुर्गमता सँगै चेतनाको अभावका कारण सरसफाईमा समेत केही पछि देखिएको यस गाउँपालिका सरकारले शुरु गरेको राष्ट्रिय सरसफाई रणनीति अनुशार पालिकाका अधिकांश घरधुरी आधारभूत सरसफाईको पहुँचमा छन् । देशलाई नै खुला दिसामुक्त क्षेत्रका रुपमा घोषणा गने लक्षय अनुशार यस पालिकाका सबै वडामा चर्पी निर्माण भई पालिका नै खुला दिसामुक्तः क्षेत्र घोषित भईसको छ । वडागत रुपमा वडानम्बर १ का सबै घरधुरीमा चर्पी निर्माण भएका छन् भने वडा नम्बर २ मा ३ दशमलव ९२ प्रशित, वडा नम्बर ३ मा ८ दशमलव ६४ प्रतिशत, वडा नम्बर ४ मा ४ दशमलव ८५, वडा नम्बर ५ मा १३ दशमलव ३२ प्रतिशत र वडा नम्बर ६ मा ४ दशमलव ८६ प्रतिशत घरमा चर्पी निर्माण नभएको देखिन्छ ।

एकै घरमा ३।४ वटा स्थानमा घर हुनु, प्राकितृ तथा अन्य विविध समस्याले निर्माण भएा चर्पी भत्कीनु तथा बिग्रीने गर्नाले पालिकाका केही घरमा चर्पी निर्माण नभएको देखिन्छ । त्यसलाई अव गाउँपालिकाले सञ्चालन गर्न थालेको पूर्णसरसफाई तथा स्वच्छता कार्यक्रम अन्तरगत  समाहित गर्दै गाउँपालिकालाई पूर्ण सरसफाईतर्फ उन्मुख गराईने छ ।

तालिका नं.०.६: गाउँपालिमा चर्पी निर्माणको अवस्था

| चर्पि प्रयोगको अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा | जम्मा घरधुरी संख्या | चर्पि प्रयोग भएका घरसंख्या | प्रतिशत | चर्पि नहुनेको घर | प्रतिशत | केही थाहा नहुने | प्रतिशत |
| १ | २०१ | २०१ | १०० | | ० | ० | ० |
| २ | २२१ | २१७ | ९८.१९ | ४ | ३.९२ | ० | ० |
| ३ | २२७ | २१८ | ९६.०३ | ९ | ८.६४ | ० | ० |
| ४ | १७० | १६५ | ९७.०५ | ५ | ४.८५ | ० | ० |
| ५ | २९० | २७६ | ९५.१७ | १४ | १३.३२ | ० | ० |
| ६ | १८१ | १७६ | ९७.२३ | ५ | ४.८६ | ० | ० |
| **जम्मा** | **१२९०** | **१२५३** | ९७.१३ | **३७** | २.८६ | **०** | ० |

***स्रोत घर धुरी सर्भेक्षण २०७५***

खुला दिसामुक्त क्षेत्र घोषणाको अवस्थालाई हेर्ने हो यस पालिकामा २०६८ साल मंसीर १९ गते देखि शुरु भई २०७५ सालसम्म विभिन्न वडा र साविकको गा.वि.स.लाई खुलादिसा मुक्त क्षेत्र घोषणा गर्ने काम भएको छ ।  सबैभन्दा शुरुमा साविकको श्रीनगर गा.वि.स. ८ कल्खे महतारागाउँलाई किर्डाक नेपाल र जिल्ला खानेपानी तथा सरससफाई समन्वय समितिले २०६८ साल मंसीर २८ गते खुला दिसामुक्त वडा घोषणा देखि शुरु भएको अभियान २०६९ साल माघ ३ गते साविकको कालिका गा.वि.स.लाई घोषणा गर्दै २०७४ मा श्रीनगर गा.वि.स.लाई नै खुला दिसामुक्त क्षेत्र घोषित गरेसँग यो गाउँपालिका खुलादिसामुक्त पालिकाका रुपमा घोषित भैसकेको छ ।

तालिका नं.०.७: जिल्लाको खुला दिसा मुक्त क्षेत्रको अवस्था

| क्र.स. | गा.बि.स. | घोषित मिति | चर्पी प्रयोग | | |
|---|---|---|---|---|---|
| | | | जम्मा घरधुरी | कच्ची चर्पी | पक्की चर्पी |
| १ | | | | | |
| २ | कालिका | ०६९।१०।०३ | ५५९ | | ५५९ |
| ६ | श्रीनगर गा.वि.स.लाई | ०७४ | | | |

***स्रोतः खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालय, हुम्ला आ.व. २०७०/७१***

## ६.६. सार्वजनिक भवनहरुको स्थिति

यस पालिकामा छुट्टै सार्वजनिक भवनहरु नभएपनि सामुदायिक विद्यालय, पालिकामा भएका सरकारी तथा अन्य सार्वजसनक संस्थाका कार्यालयका भवनहरु नै छन् । पालिकामा भएका २० वटा विद्यालय, ४ वटा स्वास्थ्य संस्था, १ हाट बजार, सहकारी संस्थाको भवन १, साविकका गाविस भवन २, प्रहरी चौकीको भवन १, कृषि विकास कार्यालयको भवन १, साना जलविद्युत आयोजनाको भवन १ र झण्डै तिन दर्जन विभिन्न देवताका मन्दिर रहेका छन् ।

गाउँपालिकाको नयाँ संचरना पश्चात खासै नयाँ सार्वजनिक भवनको निर्माण नभएपनि अब गाउँपालिका देखि ६ वटै वडापालिका र अन्य विभागिय कार्यालयहरुको समेत निर्माण गर्ने योजना पालिकाले लिएको छ ।

# खण्ड-८

# सामाजिक पूर्वाधार विकास

सामाजिक पूर्वाधार विकासमा यस अदानचुली गाउँपालिकाको शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन, समाजकल्याण तथा सामाजिक सुरक्षा, नागरिक सुरक्षा सेवा, महिला तथा बालबालिकाको विकासको स्थिति, उपेक्षित, उत्पिडित, दलित तथा जनजातीको स्थिति, अन्धा अपाङ्गता भएका ब्यक्तिहरुको अवस्था, तेश्रो लिङ्गीको स्थिति, स्थानीय स्तरमा मानव अधिकारको अवस्था लगायत जिल्लामा बालक्लवहरुको सख्या तथा सञ्जाल सम्वन्धी विवरणहरु प्रस्तुत गरिएको छ । यस खण्डमा उल्लेख गरिएका तथ्याङ्कहरुको विश्लेषण र अध्ययनले समग्र गाउँपालिकाको समाजिक पूर्वाधार विकास तथा सेवा सम्वन्धी अवस्थाको चित्रण गर्दछ ।

## ७.१ शिक्षा

एक्काइसौं शताब्दीको वैज्ञानिक युगमा  बालबालिकालाई विद्यालयमा प्रवेश गराउन र अवसर प्रदान गर्नु मात्र शिक्षाको लक्ष्य नभई शिक्षाले मानिसको लागि एक उत्पादनशील नागरिक भै बाँच्न सक्ने, कुनै कुराको विश्लेषण गरी निश्कर्षमा पुग्न सक्ने क्षमताको विकास गर्नु पर्दछ, जसको लागि शिक्षाको गुणस्तरीय पक्षलाई ध्यान दिनुपर्ने देखिन्छ । यसका लागि ६ वडा भएको यस अदानचुली गाउँपालिकामा प्रारम्भीक वालविकास केन्द्र देखि स्नातक तहसम्मको अध्ययन गर्ने क्याम्पसहरुको स्थापना भएका छन् ।

तालिका नं.०.१: गाउँपालिकाको शैक्षिक अवस्था

| क्र.सं. | शैक्षिक सूचकहरु | हुम्लाको अवस्था |
|---|---|---|
| १ | प्राथमिक तह देखि निमावि तहमा भएको विद्यार्थीको अनुपात, २०७१ | ३ |
| २ | निमावि देखि मावि तहको विद्यार्थी अनुपात, २०७१ | २ |
| ३ | मावि देखि उमावि तहको विद्यार्थी अनुपात, २०७१ | ४ |
| ४ | प्रति प्राथमिक विद्यालय विद्यार्थी अनुपात, २०७१ | ९१ |
| ५ | प्रति निमावि विद्यालय विद्यार्थी अनुपात, २०७१ | ६६ |
| ६ | प्रति मावि विद्यालय विद्यार्थी अनुपात, २०७१ | ८४ |
| ७ | प्रति सामुदयिक प्रावि विद्यालय शिक्षक अनुपात, २०७१ | २ |
| ८ | प्रति सामुदयिक निमावि शिक्षक अनुपात, २०७१ | १ |
| ९ | प्रति सामुदयिक मावि शिक्षक अनुपात, २०७१ | १ |
| १० | सामुदायिक प्रविमा विद्यार्थी शिक्षक अनुपात?२०७१ | ३९ |
| ११ | सामुदायिक निमाविमा विद्यार्थी शिक्षक अनुपात?२०७१ | ४५ |
| १२ | सामुदायिक माविमा विद्यार्थी शिक्षक अनुपात?२०७१ | ७७ |
| १३ | पूर्व बाल बिकास केन्द्रमा कुल भर्ना दर, २०७० | ६७.९ |
| १४ | पूर्व बाल विकास/पूर्व प्राथमिक कक्षाको अनभव भएका कक्षा एकमा भर्ना हुने विद्यार्थी, २०७० | ८९.२ |
| १५ | कक्षा एकमा भर्ना हुने कुल विद्यार्थी, २०७० | १८६.९ |

| क.सं. | शैक्षिक सूचकहरु | हुम्लाको अवस्था |
|---|---|---|
| १६ | कक्षा एकमा भर्ना खुद विद्यार्थी, २०७० | ९०.१ |
| १७ | प्रावि तहमा कुल भर्ना दर, २०७१ | १६७.६ |
| १८ | प्रावि तहमा खुद भर्ना दर, २०७० | ९५.९ |
| १९ | निमावि तहमा कुल भर्ना दर, २०७० | ७३.६ |
| २० | निमावि तहमा खुद भर्ना दर, २०७० | ५८.६ |
| २१ | मावि तहमा कुल भर्ना दर, २०७० | ३०.२ |
| २२ | मावि तहमा खुद भर्ना दर, २०७० | २७ |
| २३ | Transition Rate to Lower Sec. level, 2012 | ९६.५ |
| २४ | Transition Rate to Secondary level, 2012 | ९३.१ |
| २५ | कक्षा एकमा कक्षा बढोत्तरी दर, २०७० | ५६.७ |
| २६ | कक्षा (१–५) सम्मको कक्षा बढोत्तरी दर, २०७० | ६५.७ |
| २७ | कक्षा (६–८) सम्मको कक्षा बढोत्तरी दर, २०७० | ८९.९ |
| २८ | कक्षा (९–१०) सम्मको कक्षा बढोत्तरी दर, २०७० | ८९ |
| २९ | कक्षा एकमा कक्षा दाहोऱ्याउने दर, २०७० | ३६.२ |
| ३० | कक्षा (१–५) सम्ममा कक्षा दोहोऱ्याउने दर, २०७० | २२.५ |
| ३१ | कक्षा (६–८) सम्ममा कक्षा दोहोऱ्याउने दर, २०७० | ४.६ |
| ३२ | कक्षा (९–१०) सम्ममा कक्षा दोहोऱ्याउने दर, २०७० | ४.८ |
| ३३ | कक्षा एकमा कक्षा छाड्ने दर, २०७० | ७.१ |
| ३४ | कक्षा (१–५) सम्ममा कक्षा छाड्ने दर, २०७० | ११.८ |
| ३५ | कक्षा (६–८) सम्मको कक्षा छाड्ने दर, २०७० | ५.५ |
| ३६ | कक्षा (९–१०) सम्मको कक्षा छाड्ने दर, २०७० | ६.२ |
| ३७ | कक्षा ८ मा कक्षा उत्तिर्ण दर, २०७० | ९० |
| ३८ | एस. एल. सि. उत्तिर्ण दर, २०७० | ३० |
| ३९ | ५ वर्ष भन्दा माथिको कुल साक्षरता दर, २०६८ | ४७ |
| ४० | ५ वर्ष भन्दा माथिको मुरुष साक्षरता दर, २०६८ | ६२ |
| ४१ | ५ वर्ष भन्दा माथिको महिला साक्षरता दर, २०६८ | ३३ |
| ४२ | कक्षा १ देखि ५ सम्मको उपस्थिती दर, २०६८ | ८५.३ |
| ४३ | सरदर स्कूल खुलेको दिन, २०६९ | २२५ |
| ४४ | शिक्षण सिकाई भएको सरदर दिन, २०६९ | १८७ |
| ४५ | अतिरिक्त क्रियाकलाप भएको सरदर दिन, २०६९ | ३८ |

***स्रोतः जिल्ला शिक्षा विकास तथा समन्वय शाखा कार्यालय, हुम्ला, २०७५***

पालिकामा भएका २१ वटा शैक्षिक संस्थामध्ये १४ वटा आधारभुत विद्यालय छन् भने ५ वटा माध्यमिक विद्यालय १ उच्चच माध्यमिक विद्यालय र १ स्नातक तहको पढाई हुने क्याम्पस रहेको छ ।

तालिका नं.०.२: विद्यालय सम्वन्धी विवरण

| क.सं | तह | सामुदायिक | संस्थागत | जम्मा | गुरुकुल/ आश्रम | गुम्वा/विहार | मदरसा | वैकल्पिक तथा खुला विद्यालय | खुला तथा गृहणी विद्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाविके | | | | ० | ० | ० | ० | ० |
| २ | आधारभुत विद्यालय | १३ | १ | १४ | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | मावि | ५ | ० | ५ | ० | ० | ० | ० | १ |
| ४ | उमावि | १ | ० | १ | ० | ० | ० | ० | ० |
| ५ | क्याम्पस | १ | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा विद्यालय** | | | | | | | | | |

***स्रोतः शिक्षा शाखा अदानचुली गाउँपालिका, २०७५***

यस पालिकामा भएका विद्यालयमा विद्यार्थीको भएका विद्यार्थीको संख्या जिल्लाका अन्य विद्यालयको अनुपातमा बढी छ । गाउँपालिकाको सुर्योदय उच्च माध्यमिक विद्यालयमा सबै भन्दा बढी विद्यार्थी छन् । जहाँ ६७८ जना अध्ययनरत छन् । कक्षा ६ देखि १२ सम्मका विद्यार्थी अध्ययन गर्ने उक्त विद्यालय जिल्लाको दक्षिण क्षेत्रको लिड विद्यालयका रुपमा चिनिन्छ । यस पालिकामा भएका विद्यालय मध्ये सबैभन्दा कम विद्यार्थी कालदेव आधारभुत विद्यालय गोरपालीमा छन्  जहाँ ७१ जना मात्रै अध्ययनरत छन् ।

| **क्र.स.** | **विद्यालयको नाम** | **जम्मा विद्यार्थी संख्या** | **छात्रा** | | **छात्र** | | **दलित छात्रा** | | **दलित छात्र** | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** |
| १ | श्री जनकल्याण आधारभूत विद्यालय, माथिल्लो कल्खे | ३४७ | ११० | ३१.७ | १४५ | ४१.७८ | ३७ | १०.६६ | ५५ | १५.८५ |
| २ | श्री मण्डालनी प्रा. वि., तल्लो कल्खे | ९० | ४५ | ५० | ३९ | ४३.३३ | ३ | ३.३३ | ३ | ३.३३ |
| ३ | श्री पुद्दुकोट प्रा. वि., पुद्दुकोट | १०२ | ५५ | ५३.९२ | ४१ | ४०.१९ | २ | १.९६ | ४ | ३.९२ |
| ४ | श्री मस्टादेव प्रा. वि., महतारा गाँउ | १३९ | ६० | ४३.१६ | ६१ | ४३.८८ | ११ | ७.९१ | ७ | ५.०३ |
| ५ | श्री गल्फगाड प्रा. वि., गल्फागाड | ९५ | ४५ | ४७.३६ | ४३ | ४५.२६ | ४ | ४.२१ | ३ | ३.१५ |
| ६ | श्री थुममालिका प्रा. वि., मकै | २१२ | ७३ | ३४.४३ | ८१ | ३८.२० | ३२ | १५.०९ | २६ | १२.२६ |
| ७ | श्री छत्रपाल नि. मा. वि., फडेरा गाँउ | ४९३ | १६२ | ३२.८६ | १६५ | ३३.४६ | ८२ | १६.६ | ८४ | १७.०४ |
| ८ | श्री सुर्योदय उच्च मा. वि., गल्वा | ६७८ | २४५ | ३६.१३ | ३३६ | ४९.५५ | ३२ | ४.७१ | ६५ | ९.५८ |
| ९ | श्री गल्वा बहुमुखी क्याम्पस, गल्वा | ० | १ | #छ्न्स/०! | ० | #छ्न्स/०! | ० | #छ्न्स/०! | ० | #छ्न्स/०! |
| १० | श्री कालदेव प्रा.वि., गोरपाली डाँडा | ७१ | ३५ | ४९.२९ | ३० | ४२.२५ | ३ | ४.२२ | ३ | ४.२२ |
| ११ | श्री जनहित प्रा. वि., रिल्म | ११४ | ६४ | ५६.१४ | ४३ | ३७.७१ | ३ | २.६३ | ४ | ३.५० |
| १२ | श्री जनप्रिय आधारभूत विद्यालय, विगुठी | २०२ | १०६ | ५२.४७ | ९४ | ४६.५३ | १ | ०.४९ | १ | ०.४९ |
| १३ | श्री पाँगरपानी प्रा. वि., पाम्स | ९९ | ३४ | ३४.३४ | ३३ | ३३.३३ | १५ | १५.१५ | १७ | १७.१७ |
| १४ | श्री ज्ञानोदय मा. वि., लौठी | ४१२ | १६३ | ३९.५६ | १४९ | ३६.१६ | ४९ | ११.८९ | ५१ | १२.३८ |
| १५ | श्री हिमालचुली आधारभूत विद्यालय, करगेई | २७५ | १३० | ४७.२७ | ११८ | ४२.९० | १० | ३.६३ | १७ | ६.१८ |
| १६ | श्री काँखे प्रा. वि., काँखे | २८७ | ८७ | ३०.३१ | १११ | ३८.६७ | ४४ | १५.३३ | ४५ | १५.६८ |
| १७ | श्री सल्लाघारी मा. वि., बारिगाँउ | १३१ | ६२ | ४७.३२ | ५३ | ४०.४५ | १० | ७.६३३ | ६ | ४.५८ |
| १८ | श्री सुपाखेत प्रा. वि., बारिगाँउ | ७७ | ३७ | ४८.०५ | ३७ | ४८.०५ | २ | २.५९ | १ | १.२९ |
| १९ | श्री सर्किदेव प्रा. वि., लमई | २४६ | ६६ | २६.८२ | ५७ | २३.१७ | ६६ | २६.८२ | ५७ | २३.१७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | श्री कैलाशपुरी मा. वि., पाल्सा | ४२८ | १६३ | ३८.०८ | १७५ | ४०.८८ | ३३ | ७.७१ | ५७ | १३.३२ |
| | **जम्मा** | **४४९८** | **१७४२** | **३८.७२** | **१८११** | **४०.२६** | **४३९** | **९.७६** | **५०६** | **११.२५** |

***स्रोतः शिक्षा शाखा अदानचुली गाउँपालिका, २०७५***

कक्षागत आधारमा यस गाउँपालिकाका विद्यार्थीको संख्यालाई हेर्ने हो भने सबै भन्दा बढी कक्षा र शिशुमा नै बढी देखिन्छ । गाँपालिकाले गरेको घरधुरी सर्भेषणमा विद्यालयले दिएको तत्थ्यांक अनुशार ३५५३ विद्यार्थी भएको अदानचुलीमा सबै भन्दा बढी कक्षा १ मा ३१९ छात्र र २९० छात्रा गरी ६०९ विद्यार्थी अध्ययनरत छन् । यसैगरी दोस्रोमा प्रारम्भीक वाल विकास केन्द्रमा ६४ विद्यार्थी अध्ययनरत छन् । यस पालिकामा सबै भन्दा कम विद्यार्थी कक्षा १२ जम्मा १२० जना विद्यार्थी छन् । पालिकामा भएका कक्षगत आधारमा छात्र, छात्राको विवरण तपसिल तालिकामा उल्लेख गरिएको छ ।


| *विद्यालयको नाम, ठेगाना* | *वार्ड नं.* | *बाल विकास* | | *कक्षा १* | | *कक्षा २* | | *कक्षा ३* | | *कक्षा ४* | | *कक्षा ५* | | *कक्षा ६* | | *कक्षा ७* | | *कक्षा ८* | | *कक्षा ९* | | *कक्षा १०* | | *कक्षा ११* | | *कक्षा १२* | | *जम्मा* | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | *जम्मा* | | *जम्मा* | | *जम्मा* | | *जम्मा* | | *जम्मा* | | *जम्मा* | | *जम्मा* | | *जम्मा* | | *जम्मा* | | *जम्मा* | | *जम्मा* | | *जम्मा* | | *जम्मा* | | *छात्रा* | *छात्र* |
| | | *छात्रा* | *छात्र* | *छात्रा* | *छात्र* | *छात्रा* | *छात्र* | *छात्रा* | *छात्र* | *छात्रा* | *छात्र* | *छात्रा* | *छात्र* | *छात्रा* | *छात्र* | *छात्रा* | *छात्र* | *छात्रा* | *छात्र* | *छात्रा* | *छात्र* | *छात्रा* | *छात्र* | *छात्रा* | *छात्र* | *छात्रा* | *छात्र* | | |
| श्री जनकल्याण आधारभूत विद्यालय, माथिल्लो कल्खे | १ | २४ | ४० | ३२ | २७ | १२ | १८ | ९ | १७ | ५ | ८ | ५ | ७ | ४ | १२ | ५ | ९ | १४ | ७ | – | – | – | – | – | – | – | – | **११०** | **१४५** |
| श्री मण्डालनी प्रा. वि., तल्लो कल्खे | १ | ९ | ६ | २५ | १३ | १ | ५ | ३ | ३ | ३ | ७ | ४ | ५ | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | **४५** | **३९** |
| श्री पुद्दुकोट प्रा. वि., पुद्दुकोट | २ | १५ | १५ | १६ | ८ | ९ | ८ | ८ | ४ | ७ | ६ | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | **५५** | **४१** |
| श्री मस्टादेव प्रा. वि., महतारा गाँउ | २ | १२ | १९ | ४ | ९ | ११ | ९ | १२ | १० | ८ | ९ | १३ | ५ | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | **६०** | **६१** |
| श्री गल्फगााड प्रा. वि., गल्फागाड | २ | | | २२ | १७ | ५ | ९ | ८ | ५ | ६ | ७ | ४ | ५ | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | **४५** | **४३** |
| श्री थुममालिका प्रा. वि., मकै | २ | २६ | ३१ | १६ | १९ | ८ | १२ | ८ | ५ | ११ | ४ | ४ | १० | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | **७३** | **८१** |
| श्री छत्रपाल नि. मा. वि., फडेरा गाँउ | ३ | २७ | २६ | २८ | २१ | १३ | १७ | १९ | ११ | २१ | १७ | १५ | ११ | १३ | १९ | १४ | २४ | १२ | १९ | – | – | – | – | – | – | – | – | **१६२** | **१६५** |
| श्री सुर्योदय उच्च मा. वि., गल्वा | ३ | १७ | १८ | | | | | | | | | | | १६ | १८ | १६ | १८ | १३ | २३ | ४० | ५० | ४७ | ४२ | ५६ | ८७ | ४० | ८० | **२४५** | **३३६** |
| श्री गल्वा बहुमुखी क्याम्पस, गल्वा | ३ | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | **०** | **०** |
| श्री कालदेव प्रा.वि., गोरपाली डाँडा | ३ | | | १९ | २२ | ४ | ४ | ६ | | ५ | २ | १ | २ | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | **३५** | **३०** |
| श्री जनहित प्रा. वि., रिल्म | ४ | १६ | ११ | १५ | १४ | ७ | ७ | १२ | ४ | ११ | ५ | ३ | २ | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | **६४** | **४३** |
| श्री जनप्रिय आधारभूत विद्यालय, विगुठी | ४ | १९ | २१ | १८ | १६ | १३ | ५ | ११ | १२ | ९ | ११ | १० | ९ | १२ | ६ | ८ | ५ | ६ | ९ | – | – | – | – | – | – | – | – | **१०६** | **९४** |
| श्री पाँगरपानी प्रा. वि., पाम्स | ४ | १७ | १८ | ११ | ५ | ६ | १० | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | **३४** | **३३** |
| श्री ज्ञानोदय मा. वि., लौठी | ४ | १८ | १२ | १२ | १८ | २० | १७ | १२ | १३ | १८ | १३ | २२ | ११ | १८ | १६ | ९ | ४ | ७ | २० | ८ | १२ | १९ | १३ | – | – | – | – | **१६३** | **१४९** |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री हिमालचुली आधारभूत विद्यालय, करगेई | ५ | १३ | १० | २५ | २३ | १२ | १० | १३ | ११ | १३ | १२ | १४ | १४ | १५ | २० | १५ | १० | १० | ८ | – | – | – | – | – | – | – | – | १३० | ११८ |
| श्री काँखे प्रा. वि., काँखे | ५ | १३ | २० | २१ | ३१ | १३ | १८ | १६ | १९ | ११ | ९ | १३ | १४ | – | – | – | – | – | – | – | – | – | – | – | – | | | ८७ | १११ |
| श्री सल्लाघारी मा. वि., बारिगाँउ | ५ | – | – | – | – | – | – | – | – | – | – | – | – | ८ | १५ | १६ | १३ | ९ | १० | १५ | ५ | १४ | १० | – | – | – | – | ६२ | ५३ |
| श्री सुपाखेत प्रा. वि., बारिगाँउँ | ५ | ११ | ११ | ५ | ७ | ५ | ३ | ५ | ६ | ५ | ६ | ६ | ४ | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | ३७ | ३७ |
| श्री सर्किदेव प्रा. वि., लमई | ६ | १८ | १४ | १५ | ११ | १३ | १० | ५ | ५ | ८ | ८ | ७ | ९ | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | ६६ | ५७ |
| श्री कैलाशपुरी मा. वि., पाल्सा | ६ | १८ | १९ | ३५ | २९ | १७ | १६ | १५ | १० | ७ | ७ | १३ | १४ | १० | २३ | १२ | १० | ८ | ११ | १८ | १७ | १० | १९ | – | – | – | – | १६३ | १७५ |
| **जम्मा** | | २७३ | २९१ | ३१९ | २९० | १६९ | १७८ | १६२ | १३५ | १४८ | १३१ | १३४ | १२२ | ९६ | १२९ | ९५ | ९३ | ७९ | १०७ | ८१ | ८४ | ९० | ८४ | ५६ | ८७ | ४० | ८० | १७४२ | १८११ |
| **कुल जम्मा** | | *५६४* | | *६०९* | | *३४७* | | *२९७* | | *२७९* | | *२५६* | | *२२५* | | *१८८* | | *१८६* | | *१६५* | | *१७४* | | *१४३* | | *१२०* | | *३५५३* | |

***स्रोतः शिक्षा शाखा अदानचुली गाउँपालिका, २०७५***

माथि प्रस्तुत गरिएको तालिका अनुशार अँझै यस पालिकामा प्रारम्भीक वाल विकास केन्द्र देखि प्राथमिक तह हुँदै माध्यमिक तहसम्म पुगञ्जेल विद्यालय छोड्नेको दर अँझै बढी देखिन्छ । निर्वाहमूखि कृषि पद्धतीका कारण एकै घरमा गाईवस्तु देखि हरेक खेतीपाती गर्ने प्रवृतले वालवालिका घरको काम गर्न सक्ने भएपछि पढाईमा भन्दा घरायसी काम र गोठालो जाने प्रचलनले वालवालिकाको विद्यालय छुट्ने दर बढी देखिन्छ । अँझ भन्ने हो भने यो दर वालक भन्दा वालिकाको झन बढी छ ।

विवाह गरेर अर्काको घर जाने भन्ने पितृसतात्मक सोचले जगडिएको समाजमा छोरीलाई पढाई लेखाई भन्दा घरायसी काममा पोख्त बनाउनु पर्छ भन्ने मान्यताले पनि प्राथमिक तहमा सतप्रतिशत विद्यालय भर्ना भएका वालिका मायमिक तहसम्म पुग्दा मुष्किलले २० प्रतिशतले मात्रै औपचारिक विद्यालयको पढाई पुरा गर्ने गरेका छन् । यसलाई निमूल पार्न छोरा र छोरी बिचको विभेदालाई न्यूनिकरण गर्दै, अविभावकमा वालिका शिक्षाको महत्वलाई बोध गराउने जस्ता कायृक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ । यस पालिकामा भएका कक्षागत विद्यार्थीको लिंग र जातिगत संख्यालाई तपसिलको ग्राफबाट समेत थप प्रष्ट पारएको छ ।




## क) शिक्षक दरवन्दी विवरण

यस गाउँपालिकामा बाल विकास केन्द्र देखि उमावि सम्ममा कुल ५६ स्वीकृत दरवन्दी रहेका छन् । जसमा ४८ जना शिक्षक र ४ जना शिक्षिका रहेका छन् ।


गाउँपालिकाका विद्यालयमा कार्यरत शिक्षक मध्ये ८ जना राहत कोटाका शिक्षक छन् भने ४९ जना निजितर्फका शिक्षक, २२ जना वालशिक्षा तर्फका शिक्षक कार्यरत छन् । पालिकामा भएका विद्यालय अनुशार शिक्षकको विस्तृत विवरण तलको तालिमा प्रस्तुत गरिएको छ ।

***तालिका नं.०.३: विद्यालयमा शिक्षक दरवन्दी***

| क.स. | विद्यालयको नामा | स्वीकृत दरबन्दी | कार्यरत शिक्षक संख्या दरवन्दी अनुसार | | कार्यरत अन्य शिक्षक शिक्षिकाको विवरण | | | महिला शिक्षक संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | शिक्षक | शिक्षिका | राहत कोटा | नीजि / स्वमं सेवक | बाल शिक्षक/ शिक्षिका | पूर्व प्रा. र आधारभूत | मध्यामिक |
| १ | श्री जनकल्याण आधारभूत विद्यालय, माथिल्लो कल्खे | ३ | २ | १ | १ | ४ | १ | १ | ० |
| २ | श्री मण्डालनी प्रा. वि., तल्लो कल्खे | २ | २ | ० | १ | १ | १ | १ | ० |
| ३ | श्री पुद्दुकोट प्रा. वि., पुद्दुकोट | ० | ० | ० | १ | २ | १ | १ | ० |
| ४ | श्री मस्टादेव प्रा. वि., महतारा गाँउ | ३ | ३ | ० | ० | ३ | १ | १ | ० |
| ५ | श्री गल्फगाड प्रा. वि., गल्फागाड | २ | २ | ० | ० | ३ | ० | १ | ० |
| ६ | श्री थुममालिका प्रा. वि., मकै | ३ | ३ | ० | ० | १ | २ | १ | ० |
| ७ | श्री छत्रपाल नि. मा. वि., फडेरा गाँउ | ४ | ३ | १ | १ | ३ | २ | ४ | ० |
| ८ | श्री सुर्योदय उच्च मा. वि., गल्वा | १३ | १२ | ० | १ | ० | १ | ० | ० |
| ९ | श्री गल्वा बहुमुखी क्याम्पस, गल्वा | | | | | | | | |
| १० | श्री कालदेव प्रा.वि., गोरपाली डाँडा | २ | २ | ० | ० | ० | ० | ० | ० |
| ११ | श्री जनहित प्रा. वि., रिल्म | ० | ० | ० | १ | ३ | १ | १ | ० |
| १२ | श्री जनप्रिय आधारभूत विद्यालय, विगुठी | २ | २ | ० | १ | ३ | १ | २ | ० |
| १३ | श्री पाँगरपानी प्रा. वि., पाम्स | ० | ० | ० | ० | १ | १ | १ | ० |
| १४ | श्री ज्ञानोदय मा. वि., लौठी | ४ | २ | १ | १ | ६ | १ | ३ | ० |
| १५ | श्री हिमालचुली आधारभूत विद्यालय, करगेई | ३ | १ | ० | ० | ४ | ३ | ३ | ० |
| १६ | श्री काँखे प्रा. वि., काँखे | २ | २ | ० | ० | २ | १ | १ | ० |
| १७ | श्री सल्लाघारी मा. वि., बारिगाँउ | ३ | ३ | ० | ० | ३ | ० | ० | ० |
| १८ | श्री सुपाखेत प्रा. वि., बारिगाँउ | २ | २ | ० | ० | ३ | २ | ३ | ० |
| १९ | श्री सर्किदेव प्रा. वि., लमई (स्थापना २०५१) | २ | २ | ० | ० | ३ | १ | ० | ० |
| २० | श्री कैलाशपुरी मा. वि., पाल्सा | ६ | ५ | १ | ० | ४ | २ | २ | ० |
| **जम्मा** | | **५६** | **४८** | **४** | **८** | **४९** | **२२** | **२६** | **०** |

***स्रोत: शिक्षा शाखा अदानचुली गाउँपालिका, २०७५***

अदानचुली गाउँपालिकामा भएका शिक्षकको दरबन्दीको अवस्थालाई तलको चार्टमा समेत प्रस्तुत गरिएको छ ।




## ख) विद्यार्थीको सिकाइ उपलव्धी

विद्यालयमा विद्यार्थीको सिकाई उपलव्धिमा हालको अवस्थाबाट गुणात्मक पक्षमा बृद्धि गर्न यस अदानचुली गाउँपालिकाको लागि आवश्यक शिक्षक दरवन्दिको खाँचो रहेको छ । गाउँपालिकामा भएका विद्यार्थी सिकाई निम्न अनुशार रहेको छ ।

तालिका नं.०.४: विद्यार्थी सिकाई उपलव्धी सम्वन्धी विवरण

| कक्षा | छात्रा | छात्र | सरदर सिकाई.उपलव्धी |
|---|---|---|---|
| कक्षा १ | ५८.९४ | ४०.१ | ३९.३७ |
| कक्षा २ | ३९.६९ | ४२.७७ | ४१.३२ |
| कक्षा ३ | ३९.५२ | ४२.७९ | ४१.०७ |
| कक्षा ४ | ४१.१८ | ४०.१५ | ४०.६७ |
| कक्षा ५ | ३९.७१ | ४१.०९ | ४०.३५ |
| प्राथमिक तहको औषत सि उ स्कोर | ४३.८१ | ४१.३८ | ४०.६५ |
| कक्षा ६ | ३८.५ | ४३.०२ | ३९.९३ |
| कक्षा ७ | ३५.४७ | ३९.८१ | ३७.०४ |
| कक्षा ८ | ३९.३३ | ४२.१३ | ४३.४२ |
| निमावि तहको औषत सि उ स्कोर | ३७.७७ | ४१.६५ | ४०.१३ |
| कक्षा ९ | ३९.१ | ४२.६८ | ४०.७४ |
| कक्षा १० | ३९.९५ | ४३.५ | ३९.२९ |
| मावि तहको औषत सि उ स्कोर | ३९.५३ | ४३.०९ | ४०.०२ |

***स्रोत: जिल्ला शिक्षा विकास तथा समन्वय इकाई , हुम्ला, २०७५***

## ग) साक्षरता अवस्था

कुनै पनि देशको शैक्षिक विकास र स्थितिको उच्चतम तहको मापनको सूचक त्यस देशको साक्षरता प्रतिशत हो । यस अदानचुली गाउँपालिकाको कुल साक्षरता ५२ दशमलव १५ प्रतिशत रहेको छ । नेपालको सबैभन्दा कम साक्षरता भएको जिल्ला हुम्लाको दक्षिण क्षेत्रमा रहेको यस गाउँपालिका जिल्लाका अन्य गाउँपालिका भन्दा केही बढी शाक्षर भएको पालिका हा । यहाँका ५ वर्ष भन्दा माथिको कुल जनसंख्या मध्ये २१६१ पुरुष्न र १४०२ महिला शाक्षर छन् भने १२९० पुरुष र १९७८ महिला निराक्षर छन् । यस सम्वन्धी विवरण तालिका नं. ८.१७ मा उल्लेख गरिएको छ ।

**तालिका नं.०.५: कुल साक्षरताको अवस्था (२०७०)**

| क्र.स. | पक्ष | अदानचुली गाउँपालिकाको शाक्षर र निराक्षरको अवस्था | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा संख्या | शाक्षर | | निराक्षर | |
| | | | साक्षर | प्रतिशत | निराक्षर | प्रतिशत |
| १ | पुरुष | ३४५१ | २१६१ | ३१.६३५ | १२९० | १८.९ |
| २ | महिला | ३३८० | १४०२ | २०.५२४ | १९७८ | २९ |
| कुल जम्मा | | ६८३१ | ३५६३ | ५२.१५ | ३२६८ | ४७.८ |

***स्रोत: शिक्षा शाखा अदानचुली गाउँपालिका, २०७५***

गाउँपालिकाको वडागत आधारमा शाक्षरताको अवस्थालाई हेर्ने हो भने वडा नम्बर ४ मा सबै भन्दा कम ३२ दशमलव ४७ प्रतिशत शाक्षरता छ भने सबै भन्दा बढी शाक्षर भएको वडा ६ हो । जहाँ ५० दशमलव ३८ प्रतिशत छ । यसको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

***तालिका नं.०.६: वडागत आधारमा साक्षरताको अवस्था***

| वडा नं. | कुल जनसंख्या | ५ वर्ष भन्दा तलको जनसंख्या | ५ वर्ष भन्दा माथिको जनसंख्या | शाक्षर | | | | निराक्षर | | कुल शाक्षर | | कुल निराक्षर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पढ्न र लेख्न सक्ने संख्या | प्रतिशत | पढ्न मात्र सक्ने संख्या | प्रतिशत | पढ्ने र लेख्न नसक्ने संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १६२४ | ३२२ | १३०२ | ५९३ | ३६.५१ | २१ | १.२९ | ६८८ | ४२.३६ | ६१४ | ३७.८० | ६८८ | ४२.३६ |
| २ | १४६० | २५१ | १२०९ | ६०१ | ४१.१६ | ३७ | २.५३ | ५७१ | ३९.१० | ६३८ | ४३.६९ | ५७१ | ३९.१० |
| ३ | १५३८ | २५७ | १२८१ | ६१९ | ४०.२४ | ४१ | २.६६ | ६२१ | ४०.३७ | ६६० | ४२.९१ | ६२१ | ४०.३७ |
| ४ | १०४४ | २५८ | ७८६ | ३०७ | २९.४० | ३२ | ३.०६ | ४४७ | ४२.८१ | ३३९ | ३२.४७ | ४४७ | ४२.८१ |
| ५ | १७७७ | ३३६ | १४४१ | ७४३ | ४१.८१ | ५१ | २.८७ | ६४७ | ३६.४० | ७९४ | ४४.६८ | ६४७ | ३६.४० |
| ६ | १०२८ | २१६ | ८१२ | ४७९ | ४६.५९ | ३९ | ३.७९ | २९४ | २८.५९ | ५१८ | ५०.३८ | २९४ | २८.५९ |
| *जम्मा* | ८४७१ | १६४० | ६८३१ | ३३४२ | ३९.४५ | २२१ | २.६० | ३२६८ | ३८.५७ | ३५६३ | ४२.०६ | ३२६८ | ३८.५७ |

***स्रोत: शिक्षा शाखा अदानचुली गाउँपालिका, २०७५***

### ७.२ स्वास्थ्य

### (क) स्वास्थ्य सेवा सुविधा र स्वास्थ्य स्थिति

नेपाल सरकारको "राष्ट्रिय स्वास्थ्य नीति २०७१" मागुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा खास गरी पिछडिएको वर्ग र समुदायको पहुँच बढाई नेपाली जनताको स्वास्थ्यमा व्यापक सुधार गरी स्वास्थ्य जनशक्ति तयार गरी देशको समग्र आर्थिक विकासमा योगदान गर्ने भनी उल्लेख भएको छ ।

नेपाल सरकारले निःशुल्क स्वास्थ्य सेवामार्फत आमजनतामा आधारभुत स्वास्थ्य सेवा पुऱ्याउदै आएको छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्रदत्त कार्यक्रमहरु यस जिल्ला स्वास्थ्य कार्यालय मार्फत प्रवर्धनात्मक (Promotive) प्रतिकारात्मक (Preventive), उपचारात्मक (Curative) र पुर्नब्यबस्थापकिय (Rehabilitative) सेवाहरु निःशुल्क रुपमा प्रबाह हुँदै आइरहेको छ । यस गाउँपालिका अर्न्तगत १ इलाका स्वास्थ्य चौकी १ स्वास्थ्य चौकी, २ स्वास्थ्य क्लीनिक रहेका छन् । यस गाउँपालिका मातहत  ३ गाउँघर क्लिनिक  र ६ वटै वडामा गरेर १८ जना महिला स्वास्थ्य स्वयम् सेविका समेत रहेका छन् ।

त्यस्तै गरी नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम मातृ तथा नवजात शिशु स्याहार कार्यक्रम यस पालिकामा समेत प्रभाबकारी तवरले संचालन भईरहेको छ । हाल यस पालिकामा रहेका श्रीनगर इलाका स्वास्थ्य चौकी र कालिका इाका स्वास्थ्य चौकीमा २४ घण्टे प्रसूती केन्द्रहरु (BC) स्थापना भई सेवा प्रदान गरिरहेका छन । त्यस्तै समुदाय स्तरमा गर्भबती आमालाई अत्याबशेक गर्भबती सेवाको पहुँच बढाउन, गर्भबती अबस्थामा जटिलताको समयमै पहिचान गरि आबश्यक ब्यबस्थापन तथा प्रेषण प्रणाली सुदृढिकरण तथा आकस्मीक प्रसुती कोषको सहि सदुपयोग गरि गर्भबती अबस्थाका तिन ढिलाई बाट आमा तथा नवशिशुको मृत्युबाट बचाउनका लागी २ वटा प्रसुती केन्द्र पनि स्थापना भएका छन् । अदानचुली गाउँपालिकाबाट प्रदान हुँदै आएको स्वास्थ्य सेवा सम्बन्धी विवरण तालिका नं ८.३० मा प्रस्तुत गरिएको छ ।

तालिका नं.०.७: पालिकाको स्वास्थ्य चौकी तथा स्वास्थ्य क्लिनिकबाट प्रदान गरिएको सेवा सम्वन्धी विवरण

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | प्रसुती केन्द्र | गाउँघर क्लिनिक संख्या | खोप क्लिनिक संख्या | म.स्वा.स्व.से. संख्या |
|---|---|---|---|---|---|
| १ | श्रीनगर स्वास्थ्यचौकी | √ | ३ | ३ | ९ |
| २ | कालिका स्वास्थ्यचौकी | √ | ३ | ३ | ९ |
| ३ | स्वाथ्य क्लिनिक श्रीगर ८ कल्खे (हाल अदानचुली १) | | | १ | ३ |
| ४ | स्वाथ्य क्लिनिक श्रीगर १ कमै ( हाल अदानचुली २) | | | १ | ३ |

*स्रोत: स्वास्थ्य शाखा अदानचुली गाउँपालिका २०७५*

गाउँपालिका कार्यालय अर्न्तगतका स्वास्थ्य संस्थामा हाल रहेको जनशक्तीको अवस्था तालिकालाई नं. ८.३८ मा उल्लेख गरिएको छ । गाउँपालिकाको स्वास्थ्य शाखा अर्न्तगत हाल प्राविधिक र प्रशासनिक गरी जम्मा ..... स्विकृत दरबन्दी मध्ये ..... जनाको पदपुर्ती भएको छ भने ..... जना रिक्त (जम्मा दरबन्दीको ७१.३ प्रतिशत) रिक्त रहेको छ ।

तालिका नं.०.८ : जिल्ला स्वास्थ्य कार्यालयमा मानव संसाधनको अवस्था

| सि.नं. | पद | स्वास्थ्य संस्था | | | | | | | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जि.स्वा.का. | | | स्वास्थ्य चौकी | | | उप स्वा.चौ. | | | | | |
| | | स्विकृत | पुर्ती | रिक्त | स्विकृत | पुर्ती | रिक्त | स्विकृत | पुर्ती | रिक्त | स्विकृत | पुर्ती | रिक्त |
| ८ | हे.अ.। सि.अ.हे.ब. | २ | २ | ० | १४ | ४ | १० | ० | ० | ० | १६ | ६ | १० |
| ९ | ल्या.टे. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | स्टाफ नर्स | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | ना.सु. | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० |
| १२ | लेखापाल | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| १३ | खरिदार | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० |
| १४ | को.चे.अ. | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० |
| १५ | अ.हे.ब. | ० | ० | ० | १८ | १८ | ० | १२ | ११ | १ | ३० | २९ | १ |
| १६ | अ.न.मी. | १ | १ | ० | ८ | ८ | ० | ० | ० | ० | ९ | ९ | ० |
| १७ | ल्या.अ. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १८ | डा.रु.अ. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १९ | का.स. | ४ | २ | २ | १४ | १४ | ० | १२ | १० | २ | ३० | २६ | ४ |
| २० | पदनाम अ.हे.ब. | ० | ० | ० | १४ | ६ | ८ | १२ | ५ | ७ | २६ | ११ | १५ |
| २१ | पदनाम अ.न.मी. | ० | ० | ० | ४ | १ | ३ | १२ | ९ | ३ | १६ | १० | ६ |
| जम्मा जनशक्ती अवस्था | | १६ | ११ | ५ | ७२ | ५१ | २१ | ४८ | ३५ | १३ | १३६ | ९७ | ३९ |

*स्रोत: स्वास्थ्य शाखा अदानचुली गाउँपालिका २०७५*

## गाउँपालिकामा लाग्ने प्रमुख १० रोगहरुको विवरण

यस गाउँपालिकामा भएका स्वास्थ्य संस्थाहरुमा बार्षिक रुपमा आउने बिरामीको जम्मा संख्या मध्य सबैभन्दा बढि विरामी हुने रोगहरु र तिनबाट प्रभावित हुनेहरुको संख्या र प्रतिशत तल तालिका नं. ८.५२ मा प्रस्तुत गरिएको छ ।

तालिका नं.०.९: प्रमुख दश रोगहरु र प्रभावित संख्या

| आर्थिक वर्ष | प्रमुख रोग | रोगीको संख्या | प्रतिशत | ओपिडीमा आउने कूल विरामी संख्या |
|---|---|---|---|---|
| ०७३/०७४ | Gastritis (APD) | | | |
| | Intestinal Worms | | | |
| | Headache | | | |
| | URTI | | | |
| | Amoebic Dysentry | | | |
| | Conjunctivitis | | | |
| | Acute Gastro Interitis | | | |
| | ARI/LRTI | | | |
| | Scabies | | | |
| | Abdominal Pain | | | |

| आर्थिक वर्ष | प्रमुख रोग | रोगीको संख्या | प्रतिशत | ओपिडीमा आउने कूल विरामी संख्या |
|---|---|---|---|---|
| ०७२/०७३ | Intestinal Worms | | | |
| | Gastritis | | | |
| | Headache | | | |
| | URTI | | | |
| | Amoebic Dysentry | | | |
| | Abdominal Pain | | | |
| | LRTI | | | |
| | Conjunctivitis | | | |
| | Bacillary Dysentry | | | |
| | Acute Gastro Enteritis | | | |

***स्रोत :स्वास्थ्य शाखा अदानचुली गाउँपालिकाको र्यालय, हुम्ला***

## ७.३ खेलकुद तथा मनोरञ्जन

खेलकुद मानविय जीवनको एक अभिन्न अंग हो । तर हुम्ला जिल्लामै खेल क्षेत्र त्यति व्यवस्थित रुपमा अघि बढ्न नसकेको सन्दर्भैबाट यस गाउँपालिका समेत अछुतो छैन् । गाउँपालिका स्तरिय खेल मैदानको अभाव खेलाडीहरुको विशिष्टीकृत लगनसिलताको अभावजस्ता समस्याका कारण खेल क्षेत्रले गति लिन सकिरहेको छैन् । यही अवस्थालाई मध्यनजर गर्दै अदानचुली गाउँपालिकाले आ.व. २०७५।०७६ को वार्षिक कार्यक्रमबाट हरेक वर्ष वालिका स्तरिय खेलकुददको वृद्धि र विकासका लागि हरेक वर्ष गाउँपालिका अध्यक्ष कप प्रतियोगिताको आयोजना गर्ने कार्यक्रमलाई नीतिगत रुपमै पारित गरेको छ । यसले पालिकाको खेल क्षेत्रको संभाव्यता अध्ययन गरेर थप विकास गर्ने तर्फ कार्यक्रमहरु सञ्चालन गर्ने योजना अघि सारेको छ ।

## ७.४ समाज कल्याण तथा सामाजिक सुरक्षा

समाज कल्याण तथा सामाजिक सुरक्षा सम्वन्धमा निम्नानुसार रहेको छ ।

### (क) बालबालिकाहरुका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था

यस गाउँपालिकामा आ.ब. २०७४/७५ का लागि .........हजार ...... सय ...... जना बालिका र ......हजार .....सय ................... गरी कुल ........... हजार .............जना बालबालिकाहरुलाई मासिक रु. २ सयका दरले सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने विवरण तालिका नं. ८.५९ मा उल्लेख गरिएको छ । जस अनुसार आ.व. ०७४।०७५ मा यस गाउँपालिामा बालबालिकाहरुको लागि नेपाल सरकारले कुल रु....... करोड ......लाख ....... हजार ........ सय रकम उपलव्ध गराएको थियो ।

तालिका नं..आ.ब. २०७४/७५ का लागि बालबालिकालाई उपलव्ध गराईने भत्ताको विवरण

| क्र.स. | वडा नं. | बालिकाको संख्या | बालकको संख्या | जम्मा संख्या | मासिक पाउने रकम | महिना | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | १ | | | | | | |
| २ | २ | | | | | | |
| ३ | ३ | | | | | | |
| ४ | ४ | | | | | | |
| ५ | ५ | | | | | | |
| ६ | ६ | | | | | | |
| **जम्मा** | | | | | | | |

***स्रोत : अदानचुली गाउँपालिका हुम्ला, २०७५***

## (ख) जेष्ठ नागरिक र एकल महिलाहरुको लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था

यस पालिकामा आ.ब. २०७४/७५ का लागि कुल ...... हजार ....... सय ........जना जेष्ठ नागरिकहरुका लागि मासिक रु. ५ सयका दरले सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने विवरण तालिका नं. ८.६१ मा उल्लेख गरिएको छ । जसअनुसार चालु आर्थिक बर्षमा पालिकामा भएका जेष्ठ नागरिकहरुका लागि नेपाल सरकारले कुल रु. .....करोड ......लाख ....... हजार रकम उपलव्ध गराएको थियो । त्यसैगरी कुल .....सय ...... जना एकल महिलाहरुलाई मासिक रु. ५ सयका दरले एक वर्षका लागि कुल रु. ...... लाख ...... हजार रकम नेपाल सरकारले उपलव्ध गराएको देखिन्छ ।

तालिका नं.०.१०: जेष्ठ नागरिक र एकल महिलाहरुको संख्या र सामाजिक सुरक्षा भत्ताको विवरण

| क्र.स. | वडा नं. | जेष्टनागिरकहरुको संख्या र खुद पाउने रकम रु. | | | | | | एकल महिला तर्फ जम्मा संख्या र खुद पाउने रकम रु. | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला संख्या | पुरुष संख्या | कुल संख्या | रकम रु. | महिना | आवश्यक रकम रु. | महिला संख्या | कुल संख्या | रकम रु. | महिना | आवश्यक रकम रु. |
| १ | १ | | | | | | | | | | | |
| २ | २ | | | | | | | | | | | |
| ३ | ३ | | | | | | | | | | | |
| ४ | ४ | | | | | | | | | | | |
| ५ | ५ | | | | | | | | | | | |
| ६ | ६ | | | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | | | | |

स्रोत : ***अदानचुली गाउँपालिका हुम्ला, २०७५***

## (ग) पूर्ण तथा असहाय अपाङ्गता भएको ब्यक्तिहरुको सामाजिक सुरक्षा भत्ताको व्यवस्था

हुम्ला जिल्लामा आ.ब. २०७४/७५ का लागि ...... जना पूर्ण अपाङ्गता भएको ब्यक्तिहरुको लागि मासिक रु. १ हजार दरले कुल ...... लाख ..... हजार र ...... जना असहाय अपाङ्गता भएका ब्यक्तिहरुका लागि मासिक रु. ३ सयका दरले कुल रु. ...... लाख

....... सय सामाजिक सुरक्षा रकम नेपाल सरकारले उपलब्ध गराएको देखिन्छ (तालिका नं. ८.६२)।

तालिका नं.०.११:पूर्ण तथा असहाय अपाङ्गता भएको ब्यक्तिहरुको सामाजिक सुरक्षा सम्वन्धी विवरण

| क.स. | गा.वि.स.को नाम | पूर्ण अपाङ्गता भएका ब्यक्तिहरु र सामाजिक सुरक्षा भत्ता रकम रु. | | | | | | असाय अपाङ्गता भएका ब्यक्तिहरु र सामाजिक सुरक्षा भत्ता रकम रु. | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला संख्या | पुरुष संख्या | संख्या | रकम रु. | महिना | आवश्यक रकम रु. | महिला संख्या | पुरुष संख्या | संख्या | रकम रु. | महिना | आवश्यक रकम रु. |
| २२ | १ | | | | | | | | | | | | |
| २३ | २ | | | | | | | | | | | | |
| २४ | ३ | | | | | | | | | | | | |
| २५ | ४ | | | | | | | | | | | | |
| २६ | ५ | | | | | | | | | | | | |
| २७ | ६ | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | |

***स्रोत : अदानचुली गाउँपालिका हुम्ला, २०७५***

## ७.५. नागरिक सुरक्षा सेवा

गाउँपालिकाभरीका नागरिकहरुको शान्ति सुरक्षाको प्रबन्धको लागि गल्फागाड इलाका प्रहरी चौकीलाई यस अदानचुली गाउँपालिकालाई थप सुदृढ बनाउँदै लगेको छ । पालिकाको वस्ती माथि रहने र प्रहरी चौकी वस्ती नभएको स्थानमा भएको वास्तविकतालार्य आत्मसाथ गर्दै यस गाउँपालिकाले पालिकामा भएका राजनीति दल, नागरिक समाज र अन्य सरोकारवाला निकायसँगको परमर्शमा पटक पटक प्रधानमन्त्री कार्यालय देखि गृहमन्त्रालय सँगको डेलिगेसनमा गल्फागाडमा भएको इलाका प्रहरी चौकी मातहत रहने गरी श्रीनगरमा अस्थायी प्रहरी चौकीका रुपमा सुरक्षाकर्मीलाई राख्ने व्यवस्था गरेको छ ।

साविकको श्रीनगर गा.वि.स.को कार्यालय भवनमा राखिएको श्रीनगर अस्थायी प्रहरी चौकीले हाल गाउँपालिकासँगको सल्लाहमा पालिकाका ६ वटै वडाहरुमा निरन्तर गस्ती र शान्ति सुरक्षाका गतिविधि सञ्चालन गर्दै आएको छ । तर बाक्लो वस्ती र बढ्दै गएका सामाजिक सद्भाव बिथोलिने गितिविधि तथा सडक सञ्जालमा गाउँपालिका जोडिदै जाने कुराले अस्थायी प्रहरी चौकीले मात्रै नथेग्ने भएपछि पालिकाले जिल्ला प्रहरी कार्यालय र सम्बन्धित निकायसँग पटकपटक सुरक्षा निकायको उपस्थिती बढाउने कुरामा पहल गर्दै नागरिकको शान्तिसुरक्षाको प्रत्याभूति दिलोउन लागि परेको छ ।

## ७.६ महिला तथा वालवालिकाको विकास स्थिति

विभिन्न निकायहरुको आर्थिक सहयोगमा महिला तथा बालबालिका सम्बन्धि कार्यक्रम समेत यस गाउँपालिकामा सञ्चालन हुँदै आएका छन् । साविकको कालिका र श्रीनगर गा.वि.स.को एकिकृत भूगोल नै यस अदानचुली गाउँपालिका भएकोले तत्कालिन

महिला तथा वालवालिकाको कार्यालय मातहत गठन भएका महिला समुहको विवरण तालिका नं.८.६६ मा दिइएको छ ।

तालिका नं.०.१२: यस पालिकामा गठित महिला समुहहरु

| सि.नं. | गाविसको नाम | समूहमा जातिगत सहभागीताको विवरण | | | | | | जम्मा महिला समूह सदस्य संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | बाहुन | ठकुरी | क्षेत्री | जनजाति | दलित | अन्य | |
| १ | श्रीनगर | - | - | १४० | - | - | | १४० |
| २ | कालिका | १० | - | - | ३० | २० | | ६० |
| | **जम्मा** | १० | | १४० | ३० | २० | | २०० |

***स्रोत : साविकको महिला तथा बालबालिका कार्यालय, हुम्ला, २०७५***

## ७.७ अपाङ्गता भएका व्यक्तिहरुको अवस्था

यस गाउँपालिकामा कुल २५० जना फरक क्षमता भएका व्यक्तीहरु रहेका छन् । गाउँपालिकाले गरेको घरधुरी सर्भेक्षण २०७५ अनुशार १०२ जना महिला र १४८ जना पुरुषको संख्या फरक क्षमता भएका व्यक्ती अर्न्तगत छ । फरक क्षमता भएकाहरुको वडागत अवस्थालाई तालिका नं. ८.६९ मा उल्लेख गरिएको छ ।

तालिका नं.०.१३: फरक क्षमता भएकाहरुको वडागत विवरण

| वडा | कुल जनसंख्या | फरक क्षमता भएकाहरुको संख्या | | | फरक क्षमता भएकाहरुको प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | १६२४ | ४२ | ४६ | ८८ | ५.४१९ |
| २ | १४६० | 9 | 25 | ३४ | २.३२९ |
| ३ | १५३८ | १७ | २८ | ४५ | २.९२६ |
| ४ | १०४४ | १४ | १७ | ३१ | २.९६९ |
| ५ | १७७७ | १४ | २३ | ३७ | २.०८२ |
| ६ | १०२८ | 6 | 9 | १५ | १.४५९ |
| **जम्मा** | **८४७१** | **१०२** | **१४८** | **२५०** | **२.९५** |

***स्रोतः घरधुरी सर्भेषण २०७५***

यसैगरी राष्ट्रिय जनसंख्या तथा घरधुरी गणना २०११ अनुशार साविकका कालिका र श्रीनगर गा.वि.स. मिलेर बनेको यस गाउँपालिकामा भएका अपांगताको किसिमलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.०.१४: अपाङ्गता र लैङ्गिक आधारमा जनसंख्या विवरण**

| गाविस/लिङ्ग | जम्मा जनसंख्या | अपाङ्गगता नभएको जनसंख्या | अपाङ्गताको किसिम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | शारिरीक | अन्धोपन/ कमजोर दृष्टि | बहिरो/ कम सुन्ने | बहिरो अन्धो | बोल्नमा कठिनाई | मानसिक अशक्तता | बौद्धिक अशक्तता | बहु अपाङ्गता |
| **कालिका** | ३१५८ | २९७८ | ८१ | १६ | ५८ | १ | १४ | १ | ३ | ६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १५७४ | १४७३ | ४४ | ७ | ३१ | १ | ११ | १ | ३ | ३ |
| महिला | १५८४ | १५०५ | ३७ | ९ | २७ | ० | ३ | ० | ० | ३ |
| **श्रीनगर** | ३९५८ | ३८६० | ६० | ७ | १४ | १ | ९ | २ | १ | ४ |
| पुरुष | १९६९ | १९११ | ३४ | ३ | ८ | १ | ८ | १ | १ | २ |
| महिला | १९८९ | १९४९ | २६ | ४ | ६ | ० | १ | १ | ० | २ |
| ***जम्मा*** | *३९५८* | *३८६०* | *६०* | *७* | *१४* | *१* | *९* | *२* | *१* | *४* |
| ***पुरुष*** | *३५४३* | *३३८४* | *७८* | *१०* | *३९* | *२* | *१९* | *२* | *४* | *५* |
| ***महिला*** | *३५७३* | *३४५४* | *६३* | *१३* | *३३* | *०* | *४* | *१* | *०* | *५* |

*स्रोत :Central Bureau of Statistics, March 2014, National Population and Housing Census 2011, Table 2.5*

# खण्ड-९
# वन तथा वातावरण

## ८.१ वन क्षेत्रको स्थिति

अदानचुली गाउँपालिका प्राकृतिक श्रोत विशेष गरी, जङ्गल, जमिन (भू–दृष्य), जलश्रोतको हिसाबले निकै धनी पालिका मध्यमा पर्दछ । यस क्षेत्रमा काठ दाउराको लागि प्रयोग गरिने ठूलापाते रुख देखि सल्लोको जङ्गल पाइन्छ । यसका अलावा पालिमा भएको जंगल क्षेत्रमा देवदार, बहुमुल्य लौठ सल्ला, सुगन्धित धुपी, लालिगुराँस, उत्तिस, भोजपत्र, खस्रु, बोझ, खरिक र बहुमुल्य जडिबुटीहरु पाइन्छ । यसका साथै यहाँ कोणधारी जंगल, डालेचुक लगायतका बुट्यान र झाडिदार विरुवा, ठूला-ठूला खर्क र चरन क्षेत्र रहेका छन् । यहाँका मानिसहरु तातो र खाना पकाउने लगायका कामका लागि चाहिने दाउरा र जीविकोपार्जन तथा मुख्य आयश्रोतको रुपमा रहेको पशुपालनको लागि पनि वन जङ्गलमा निर्भर रहेका छन् । पशुपालन र जडिबुटी यहाँका मानिसहरुको जीवन निर्वाह गर्ने एक प्रमुख श्रोतहरुहन् । यस कारण यहाँ वनको अति दोहोन भइरहेको छ ।

जिल्ला वन कार्यालय हुम्लाबाट उपलब्ध विवरण अनुसार हुम्ला जिल्लाको कुल क्षेत्रफल मध्ये १३ प्रतिशत क्षेत्रफलमा वनजङ्गल रहेको छ भने चरन क्षेत्र २५ प्रतिशत रहेको छ । यस प्रकार वनले ढाकेको र चरणक्षेत्र समेत कुल मिलाएर ३८ प्रति भू-भाग वन क्षेत्र पर्दछ । वन कार्यालयमा गाउँपालिकाको नयाँ संरचना अनुशार वन क्षेत्रको विवरण सम्बन्धि तत्थ्यांक अद्यावधी नभएको हुँदा हाल जिललाकै वन क्षेत्रलाई यसमा समावेश गरिएको छ । समग्र हुम्ला जिल्लाको वन क्षेत्रको स्थितिबारेमा तालिका नं. ९.१ मा उल्लेख गरिएको छ ।

**तालिका नं.०.१५: हुम्ला जिल्लाको वन क्षेत्रको स्थिति**

| क्र.सं. | विवरण | इकाई | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|---|
| १ | वन जंगलले ढाँकेको क्षेत्रफल | हेक्टर | ७४७८३.४ | १३.२२ |
| २ | चरण | हेक्टर | १४१४४९.४ | २५.०१ |

*स्रोतः जिल्लाको वस्तुस्थिति विवरण, हुम्ला, २०७४*

## ८.२ वन प्रशासनतथा वन व्यवस्थापन

हुम्ला जिल्लामा भएका सिमकोट, यारी, सर्केगाड र श्रीनगर गरी चार स्थानमा भएका इलाका वन कार्यालय मध्ये श्रीनगर इकालका वन कार्यालय मातहत अदानचुली गाउँपालिका रहेको छ । साविकका ५ वटा गा.वि.स.हरुमा ार्यक्षेत्र बनाएको यो इलाका वन कार्यालय अहिले अदानचुली र ताँजकोट गाउँपालिका पुरै र सर्केघाढ गाउँपालिकाको १ नम्बर वडालाई समेटेको देखिन्छ ।

यस पालिकामा न श्रोतको उचित व्यवस्थापन र स्थानीय समुदायको परिचालनका लागि सरकारी, गैसस र सामुदायिक क्षेत्रबाट केही प्रयास भएता पनि सो प्रभावकारी हुन

सकेको छैन । स्थानीय समुदायको सक्रिय पहल र सहभागितामा वनको उचित व्यवस्थापनको लागि समुदायमा आधारित व्यवस्थापनको अवधारणा बमोजिम सामुदायिक तथा कबुलियती व्यवस्थापनलाई वन व्यवस्थापन, वनजन्य पैदावरको उत्पादन र आयश्रोतको रुपमा विकास गर्ने नीति सरकारले लिएको छ। यसै बमोजिम सामुदायिक वन तथ कबुलियती वन कार्यक्रम सञ्चालनमा भइरहेको छ । तर यसको कभरेज र प्रभावकारीता वनश्रोतको बढ्दो दोहनको तुलनामा ज्यादै कम दरमा विस्तार भैरहेको छ । यस तर्फ सरकार, वडा देखि गाउँपालिका, गैसस र स्थानीय समुदाय गंभिर हुन आवश्यक छ ।

दाउरा, उद्योगको कच्चा पदार्थको रुपमा काठ तथा अन्य पैदावरहरुको अति दोहन, बहुमुल्य जडिबुटीको जथाभावी संलकलन र व्यापारले स्थानीय र समग्र वातावरणमा नकारात्मक प्रभाव देखिन थालेको छ । यसका लाीग लघु जल विद्युत, सुधारिएको चुल्हो, सौर्य उर्जा, सामुदायिक तथा कबुलियती र सरकारी वनको वैज्ञानिक व्यवस्थापन र जडिबुटीको वैज्ञानिक व्यवस्थापनमा जोड दिन आवश्यक छ । यसका लागि सम्बन्धित निकाय मार्फत, उपर्युक्त प्रविधि, ज्ञान र प्राविधिक सहयोग र स्थानीय ज्ञान, सीप र श्रोत तथा मानवीय संसाधनको परिचालनको प्रयास भैरहेको छ । वन व्यवस्थापन सम्बन्धि कार्यक्रमको विवेचना तालिका नं. ९.४ मा गरिएको छ ।

तालिका नं.०.१६: वन व्यवस्थापन अनुसारको वन सम्बन्धी विवरण

| वनको किसिम | संख्या | वनको क्षेत्रफल (हे.) | लाभन्वित घरधुरी संख्या | समेटिएका वडा संख्या | उपभोक्ता संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा |
| सामुदायिक | ५ | १२१८.६७ | ४७० | | २९२८ | ३१०८ | ६०३६ |
| कबुलियती | १० | १३३.५९ | १७४ | | ६४९ | ६२८ | १२७७ |
| राष्ट्रिय वन | ० | | | | | | |
| नीजि वन | ० | ० | ० | | ० | ० | ० |
| धार्मिक वन | ० | ० | ० | | ० | ० | ० |
| **जम्मा** | **१५** | **१३५२।२६** | **६४४** | **०** | **३५७७** | **३७३६** | **७३१३** |

*स्रोतः जिल्ला वन कार्यालय हुम्ला, २०७१*

## ८.३. १. सामुदायिक वन व्यवस्थापन

अदानचुली गाउँपालिकामा कुल ५ वटा सामुदायिकहरु रहेका छन् । सामुदायिक बनले करिब १ हजार २ सय १८ दशमलव ६७ हेक्टर क्षेत्रफल ओगटेको छ । सामुदायिक वन साविकका कालिका र श्रीगरगा.वि.समै रहेका छन् भने हालका ३ वडा मात्रै समावेश छन् । जहाँ २ हजार ९ सय २८ महिला र ३ हजार १ सय ८ पुरुष गरी कुल ६ हजार ३६ जना उपभोक्ता समुहमा आवद्ध रहेका छन् । यस सम्वन्धी विवरण तालिका नं. ९.५ मा उल्लेख गरिएको छ ।

तालिका नं.०.१७: वन व्यवस्थापनको अवस्था

| क.स. | सामुदायिक | ठेगाना | क्षेत्रफल (हे.) | हस्तान्तरण मिति | उपभोक्ता संख्या | घुधरी | समुहको कोड नं |
|---|---|---|---|---|---|---|---|

| | वनको नाम | | | | महिला | पुरुष | जम्मा | संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | दोपासे सा.वन | मदना ४ देखि ९, कालिका १ र २ | १८२ | ०९-०६-५८ | ४६२ | ४८० | ९४२ | २५० | HUM/SR/01/02 |
| २ | मेह चौर | श्रीनगर ४ | ४७ | ०३-१२-६४ | १२६५ | १४०० | २६६५ | ७२ | HUM/SR/04/01 |
| ३ | घ्यूकर्कले | कालिका ४ | ४७५.६७ | ०६-०६-५७ | १६५ | १७० | ३३५ | १३४ | HUM/SR/02/01 |
| ४ | मदना कल्खे | श्रीनगर ६,७, ८ | २१.५ | ३०-०३-७१ | ५७४ | ५८७ | ११६१ | १५० | HUM/SR/04/02 |
| ५ | भाल्ने | कालिका ४ | ४९२.५ | २०७३/०३/३२ | ४६२ | ४७१ | ९३३ | १३४ | HUM/SR/02/02 |
| जम्मा | | | १२१८.६७ | | २९२८ | ३१०८ | ६०३६ | ७४० | |

***स्रोत: जिल्ला वन कार्यालय हुम्ला, २०७१***

## ८.३.२. कवुलियती वन विकास

यस अदानचुली गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत हस्तान्तरित कवुलियत वनको संख्या जम्मा १० रहेको छ । साविकका् श्रीनगर र कालिका गा.वि.स. गरेर १ सय ३३ दशमलव ५९ हेक्टर क्षेत्रफल क्षेत्रफलमा कबुलियती बन रहेको छ । १० वटा कवुलियत बनबाट १ सय ७४ घरपरिवारका १ हजार २ सय ७ जना स्थानीय वासिन्दा लाभान्वित भएका छन् । यस सम्वन्धी विवरण तालिका नं. ९.७ मा उल्लेख गरिएको छ ।

तालिका नं.०.१८: कबुलियती बन सम्वन्धी विवरण

| क्र.स. | हस्तान्तरित कवुलियत वनको नाम | ठेगाना | क्षेत्रफल ( हे.) | पछिल्लो नविकरण मिति | उपभोक्ता संख्या | | | घुधरी संख्या | लाभाम्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | | |
| १ | वुमीडाँडा | श्रीनगर ५ | ११.७ | २०७२/०३/३१/ | ४८ | ५३ | १०१ | १५ | १०१ |
| २ | खामरुख | श्रीनगर ९ | १२.४३ | २०७२/०३/३१/ | ५१ | ५५ | १०६ | १५ | १०६ |
| ३ | कफाडी | श्रीगर ९ | १०.४४ | २०७२/०३/३१/ | ७० | ५९ | १२९ | १९ | १२९ |
| ४ | भैसीकटेरा | श्रीनगर ९ | १३.६ | ३१-०३-७२ | ६१ | ६१ | १२२ | १५ | १२२ |
| ५ | पाल्तेचिप्लेढुंगा | कालिका ४ | १७.१४ | २०७३/०३/३१/ | ७७ | ८२ | १५९ | १९ | १५९ |
| ६ | राहरी | कालिका १ र २ | १७.१४. | २०७३/०३/३१/ | ८८ | ८५ | १७३ | २१ | १७३ |
| ७ | दोपासे | कालिका १ र २ | २० | २०७३/०३/३१/ | ६७ | ६२ | १२९ | १९ | १२९ |
| ८ | थुप्पाथल | कालिका ३ | १७.१४ | २०७३/०३/३१/ | ५७ | ५२ | १०९ | २१ | १०९ |
| ९ | थाई चाँदेखोला | श्रीनगर १ देखि ५ | १४ | २०७३/०३/३१/ | ६५ | ५७ | १२२ | १४ | १२२ |
| १० | सर्किदेव | श्रीनगर ५ | १७.१४ | २०७३/०३/३१/ | ६५ | ६२ | १२७ | १६ | १२७ |
| जम्मा | | | १३३.५९ | | ६४९ | ६२८ | १२७७ | १७४ | १२७७ |

***स्रोत: जिल्ला  वन कार्यालय, हुम्ला, २०६६***

## ८.४ जडिबुटी व्यवस्थापन

जिल्लाको होचो र उच्च हिमाली क्षेत्रमा पाइने अमूल्य जडिवुटीहरुले गर्दा यो गाउँपालिका जैविकि विविधता र जडिवुटीका हिसाबले धनी पालिकाको सूचिमा पर्दछ । यस क्षेत्रफलमा जिल्लामा पाइने मुख्य जडिबुटीहरुमा जटामासी, अत्तिस, कटुकी,

सुगन्धवाल, गुच्चीच्याउ, भुत्केस, सतुवा, पदमचाल, चिराईतो, सिलाजित, पाँचऔले, विष, बोझो, याक्चागुम्बा, पाखनवेद आदि हुन। जडिबुटी व्यवस्थापन अन्तर्गत जडिबुटीको जीवनचक्र, यसको भागहरु, फसल लिने समय, संकलन तथा खेती, प्रसोधन, व्यापार पर्दछ। जडिबुटीको स्रोत पनि यस पालिकाको हुम्लाबासीको आम्दानीको एक महत्वपूर्ण श्रोतका रुपमा स्थापित भएको छ।

### ८.४.१ जडिबुटी खेती

छ वटा वडा भएको यस गाउँपालिकामा भुत्ले जटामसी, अत्तिस र अन्य किसिमका जडिवुटीहरुको उत्पादन हुने गरेको छ। व्यावसायिक जडिवुटीको खेतीमा यस गाउँपालिकाका निकै थोरै घरपरिवारले शुरुवात गरेको भएपनि यसतर्फ थुप्रै कृषकहरु इच्छुक रहेका छन्। यस पालिकामा जडिवुटी खेती गर्नेको विवरण तपसिलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं.०.१९: अदानचुली गाउँपालिकामा जडिबुटी खेतीको स्थिति

| गाविसको नाम | आफ्नो जग्गामा जडिबुटी खेती गर्ने परिवार | खेती गरिएको जग्गाको क्षेत्रफल (रोपनी) | | | | | जडिबुटी खेतीबाट वार्षिक आन्दानी (रु.) |
|---|---|---|---|---|---|---|---|
| | | अत्तिश | भुत्ले/ जटामसी | सुगन्धवाल | अन्य | जम्मा | |
| कालिका | १ | १ | ० | ० | ० | ० | २००० |
| श्रीनगर | ३ | ३ | ० | १ | ० | ७ | ५२००० |

***स्रोतः डिभिजन जिल्ला वन कार्यालय हुम्ला, २०७५***

## ८.५ जैविक विविधता, वनस्पती, वन्यजन्तु तथा चराचुरुङ्गी

यहाँका नागरिकको जीविकोपार्जनको प्रमुख माध्यम पशुपालन, जडिबुटी तथा काठ दाउरा, मह आदीको आधार वन नै हो। भौगोलिक बनावट, हावापानीको विविधताका कारण यहाँको वन, वनस्पती र चराचुरुङ्गीमा पनि विविधता रहेको छ। पालिकाका उच्च हिमाली क्षेत्र, हिमाली क्षेत्र देखि मध्य पहाडी क्षेत्र र नदी किनार तथा वेशीहरुमा क्रमशः शितोष्ण समशितोष्ण र उष्ण हावापानी र सोही अनुसारको वनस्पती, वन्यजन्तु र चराचुरुङ्गीहरु पाइन्छ। यस यस पालिकामा पाईने वनहरुमा बढि मात्रामा सल्लाको वन हो भने अन्य वन पनि पाइन्छ। पालिकाको तल्लो क्षेत्रमा तल्लो भेगमा खोटे सल्ला (Pine forest) को जंगल रहेको छ भने कर्णाली नदीको किनारमा उत्तिस, वेत, वाँझ, ओखर, चुली, पाँगर, खाँबु, ढैटेल, रिगो आदिको मिश्रित वन रहेको पाइन्छ। यहाँका वनजंगल र पाटनहरुमा विभिन्न किसिमका महत्वपूर्ण जडिवुटी पाईन्छन।

यहाँ धुपी, देवदार, ठिंग्रे सल्ला, भोज पत्र, लौठ सल्ला लगायत पालिकाको उच्च क्षेत्र र शितोष्ण हावापानी अनुसारको रुख विरुवा तथा अन्य वनस्पतीहरु तथा जडिबुटीमा गुच्ची च्याउ, पाँचऔले पाइन्छ। वन्यजन्तुहरुमा हिउँ चितुवा, कस्तुरी, झारल नावर आदि पाइन्छ। यसै गरी समशितोष्ण हावापानी भएका हिमालको तल्लो भागमा, गोब्रे सल्ला, ओखर, भोजपत्र, पापै सल्ला, ओखर, चुली जस्ता रुखहरु जटामसी अत्तिश, पदमचाल, पाँचऔले, डाँलेचुक, विष जस्ता वहुमुल्य जडिबुटीहरु, कस्तुरी, घोरल, भालु, बाघ र नावर

जस्ता वन्यजन्तुहरु र डाँफे, कालिज, फँग्रास जस्ता चराचुरुङ्गी पाइन्छ । यसका साथै नदी किनारका वेशी र खोंचहरुमा खोटे सल्ला, बाँझ, खसु, उत्तिस जस्ता वनस्पतीहरु, जटामसी, पदमचाल, समायो जस्ता जडिबुटी तथा चितुवा, भालु, गुना, घोरल, रतुवा जस्ता वन्यजन्तु, च्याखुरा, कालिज, फँग्रास, ढुकुर, भ्याकुर जस्ता चराचुरुङ्गीहरु पाइन्छ । यस कारण यो पालिका भौगोलिक र जलवायुको विविधता भए जस्तै जैविक विविधतामा धनि पालिका हो । साविकका कालिका र श्रीनगर गाविसगत जैविक विविधता सम्वन्धी विवरण तालिका नं. ९.१३ मा प्रस्तुत गरिएको छ ।

तालिका नं.०.२०: जैविक विविधता तथा वन, वनस्पती, वन्यजन्तु तथा चराचुरुङ्गीको विवरण

| **गा.वि.स.को नाम** | **मुख्य जङ्गलको नाम** | **प्राथमिकताक्रम अनुसार पाइने मुख्य** | | |
|---|---|---|---|---|
| | | **रुखविरुवा तथा वनस्पतीहरु** | **वन्यजस्तुहरु** | **जङ्गली चराचुरुङ्गी** |
| कालिका | • फफरासी लेक<br>• मदनालेक<br>• नौमुले | सल्ला, धुपी, बैस, देवदार, गोब्रे सल्लो, लौठ सल्ला, धुपी | १. भालु, २. कस्तुरी, ३. स्याल, ४. बाघ, ५. घोरल, ६. झारल, ८. बँदेल, ९, दुम्सी, १०. मृग | १. डाँफे, २. कालिज, ३. च्याखुरा, ४.ढुकुर, ५. काग, ६. चिल, ७. भ्याकुर, ८. |
| श्रीनगर | • कोइलेक वन | सल्ला, धुपी, लौठेसल्ला, बाँझ | घोरल, कस्तुरी, बादर, भालु, चितुवा | डाँफे, कालिज, फँग्रास, चियाड, च्याखुरा |

***स्रोतः डिभिजन जिल्ला वन कार्यालय हुम्ला, २०७५***

यस पालिकामा बन्यजन्तुहरुको मुख्य प्रजातीहरुमा घोरल, हिँउ चितुवा, स्याल, नागर, झारल, बाँदर, भालु, मृग, दुम्सी, कस्तुरी र बँदेलहरु पाइन्छन् । ती बन्यजन्तुहरुको संख्या कति छ भन्ने बारेमा कुनै तथ्याङ्क उपलव्ध हुन सकेन । खासगरी चोरी सिकारी र जलवायु परिवर्तनका कारण हिँउ चितुवा, कस्तुरी, बँदेल र भालुहरु जोखिममा रहेका प्रजातीहरुमा रहेका छन् । यस सम्वन्धी विवरण तालिका नं. ९.१४ मा उल्लेख गरिएको छ ।

तालिका नं.०.२१: पालिकामा उपलब्ध बन्यजन्तु सम्वन्धी विवण

| **क.स** | **मुख्य प्रजातीहरु** | **अनुमानित संख्या** | **जोखिममा रहेका प्रजातीहरु** | **जोखिममा पर्नका कारणहरु** |
|---|---|---|---|---|
| **१** | घोरल, हिँउ चितुवा, स्याल, नाउर, झारल, बाँदर, भालु, मृग, दुम्सी, कस्तुरी, बँदेल | उल्लेख गर्न नसकिएको | हिँउ चितुवा,कस्तुरी, बँदेल, भालु | चोरी सिकारीका साथै जलबायु परिवर्तनको असरले गर्दा |

***स्रोतः डिभिजन जिल्ला वन कार्यालय हुम्ला, २०७५***

डाँफे, कालिज, काग, च्याखुरा, ढुकुर, चिल, गिद्ध, भ्याकुर, चियाड र फँग्रास समेत पालिकामा उपलव्ध हुने मुख्य चराचुरुंगीहरुका प्रजातीहरु हुन । यी चराचुरुंगीहरुको संख्या यकिन हुन सकेको छैन । जलवायु परिवर्तनका कारण डाँफे, कालिज र गिद्ध जोखिमा रहेका प्रजातीहरु हुन । यससम्वन्धी विवरण तालिका नं. ९.१५ मा उल्लेख गरिएको छ ।

तालिका नं.०.२२: पालिकामा उपलब्ध चराचुरुंगीहरु

| **क.स** | **मुख्य प्रजातीहरु** | **अनुमानित** | **जोखिममा रहेका** | **जोखिममा पर्नका** |
|---|---|---|---|---|

| | | संख्या | प्रजातीहरु | कारणहरु |
|---|---|---|---|---|
| १ | डाँफे, कालिज, काग, च्याखुरा, ढुकुर, चिल, गिद्ध, भ्याकुर, चियाड, फँग्रास, भँगेरा, हिमचरी | उल्लेख गर्न नसकिएका | डाँफे, कालिज, गिद्ध | जलबायु परिवर्तनका असरको कारणले गर्दा |

***स्रोत: डिभिजन जिल्ला वन कार्यालय हुम्ला, २०७५***

## ८.६ जलश्रोत

जलश्रोतमा नेपालकै धनि जिल्लाको रुपमा रहेको हुम्ला जिल्लाको दक्षिणमा रहेको अदानचुली गाउँपालिका जलस्रोतमा समेत धनी पालिका रुपमा रहेको छ । नेपालको सबभन्दा लामो नदी कर्णाली तिब्बतबाट यारी नाका भएर प्रबेश गरी यस गाउँपालिका हुन्दै बगेको छ । यसको साथै यहाँ गल्फगाड खेला, विभिन्न प्राकृतिक रुपले रमणीय र साँस्कृतिक रुपले महत्वपूर्ण तालतलैया तथा झरनाहरु रहेका छन् । यस उपर्शिषक अन्तर्गत पालिकाको जलश्रोत स्थिति मुख्य गरेर नदीनाला, तालतलैया, दह र झरनाबारे प्रस्तुत गरिएको छ ।

## ८.६.१ नदीनालाहरु

यस गाउँपालिकामा कर्णाली नदीसँगै गल्फागाड, कमै खोला रहेका छन् । यहाँ पानीका स्रोतका हिसाबले अन्य पालिका भन्दा केही कम भएपनि सानातिना पानीका भने थुप्रै स्रोत रहेका छन् । जसले पालिकामा खानेपानी तथा सिचाईको काम गरिरहेका छन् । यस पालिकामा भएको नदीको अवस्थालाई तलको तालिमा उल्लेख गरिएको छ । हुम्ला जिल्लाका चर्चामा आएका प्रमुख नदीहरुको विवरण तालिका नं. ९.१६ मा प्रस्तुत गरिएको छ ।

तालिका नं.०.२३: प्रमुख नदीनाला तथा खोलाहरुको जलाधार क्षेत्र र वहाव क्षमता

| क्र.स. | हुम्ला जिल्लाका प्रमुख नदीनालाको नाम | जलाधार क्षेत्र (वर्ग कि.मि.) | नदीखोलाको लम्बाई (कि.मि.) | नदीखोलाको बहाव क्षमता (१० क्यूसेक भन्दा बढी) | |
|---|---|---|---|---|---|
| | | | | न्यूनतम | अधिकतम |
| १ | हुम्ला कर्णाली नदी | ५८३८ | ८८.०० | २४.०७ | ७२९ |
| ११ | गल्फा खोला | १०६ | १८.०० | ०.७६ | ४४ |
| **जम्मा** | | **९७९१** | **४९४.७०** | **०.१३** | **७२९** |

*स्रोत: जिल्ला समन्वय उर्जा शाखा हुम्ला, २०७५*

मुख्य गरेर लघु जल विद्युत उत्पादन, सिंचाई, खानेपानी र घट्ट सञ्चालनमा प्रयोगमा आउने नदी तथा खोलाहरु यस पालिकामा निकै थोरै मात्र छन् । औषतमा साविकको एक गाविस बराबर तिन खोला रहेको तत्थ्य जिल्लासँग भएपनि यस पालिकामा भने तुलनात्मक रुपमा केही कम देखिन्छ । यस पालिकामा चर्चामा आएका र यसको प्रयोगको बारेमा प्राविधिक संभाव्यता समेत भएका तथा नभएका नदी, खोलानालाहरुको विवरण तालिका नं. ९.१७ मा प्रस्तुत गरिएको छ ।

तालिका नं.०.२४: पालिका अर्न्तगतका मुख्य खोला, ताल र सिमसार क्षेत्र र लाभान्वित गाविसहरु

| क्र.सं. | नदी खोलाको नाम | जिल्ला भित्र पर्ने लम्बाई (कि.मि.) | वहाव क्षमता (क्यूसेक/घट्ट) | उपयोगको विवरण (संख्या) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सिंचाई | खानेपानी | विद्युत | घट्ट |
| १ | कालागाड कुकुर फाल्ना | ३५ | १५ | १५ | | | २४ |
| २ | घट्टे खोला | १० | २ | १ | २ | | ५ |
| ३ | तुम्च खोला | ५ | २ | २ | १ | | १ |
| ४ | धौलापानी खोला | ३ | १ | २ | ३ | | |
| ५ | गोल्फाघाट | २० | १४ | १ | १ | | १५ |
| ६ | मकैखोला | १२ | ३ | १ | १ | | १५ |
| ७ | दोभानखोला | १२ | २ | १ | १ | | ५ |

*स्रोत: जिल्ला समन्वय उर्जा शाखा हुम्ला, २०७५*

## ८.६.२. प्रमुख ताल, तलैया तथा झरनाहरु

जिल्लाको तराई क्षेत्रका रुपमा रहेको अदानचुलीको उत्तरी क्षेत्र नौमुले, मदना लेक लगायतका क्षेत्रमा थुप्रै ताल तलैयाहरु छन् । यसको विस्त संभाव्यता अध्ययन हुन नसकेकाले यहाँका ताल तलैया र झरनाहरुको चर्चा नभएको भएपनि धार्मिक रुपमा निकै प्रख्यात ताल तलैया र झरनाहरुको कमी यस पालिकामा पर्ना कमी छैन् । साविकको कालिका गा.वि.स.को माथिल्लो क्षेत्र, श्रीनगर र मदना गा.वि.स.को सिमा क्षेत्रमा सिमेत केही ताल तलैयाहरु रहेका छन् । यसका अलावा कल्खे छहरा, मालिकाकोट छहरा, भिई छहरा, जस्ता छहरा र झरनाहरुलाई व्यवस्थित गर्दै यहाँको भौतिक पूर्वाधारलाई अँझ पर्यटक मेत्री बनाउने हो भने यहाँ आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न सकिन्छ ।

## ८.७. भू-संरक्षण तथा प्रकोप

जिल्लाको सुख्खा क्षेत्रका रुपमा रहको यस पालिकाको भौगोलिक अवस्थिति उच्च भिरालोपना, अग्ला हिमाल र अनगिन्ति नदीनाला, खोचहरुका कारण भू-क्षय र प्रकोपको संभावना यस प्रशस्त रहेका छन् । भिरालो जमिनमा रहेका रुखहरुको कटान, गाई वस्तुको अति चरिचरण तथा डढेलोको कारण यहाँको धेरै भू-भागमा भू-क्षय र पहिरोको उच्च जोखिममा छ । तै पनि कम बर्षा हुने र धेरै भू-भाग कडा चट्टान र रुख विरुवाले ढाकेको हुँदा भू-क्षयको प्रकोप र नदी कटानको समस्या ज्यादै तिब्र भने छैन । हुम्ला कर्णालीले तुम्च देखि दोमुखसम्मका विभिन्न क्षेत्रमा गरेको कटान देखि गल्फागाड खोलाले कुकुरफाल्ना देखि मसानघाडसम्म गरेको कटानले थुप्रै उर्भर खेतीयोग्य जमिनको कटान गरेको छ । यसको अल्पकालिन र दिर्घकालिन रोकथामका लागि सरकारका विभिन्न तह र तप्कासँग मिलेर पालिकाले आवश्यक पहल गर्दै गएको छ ।

## ८.८. जलवायु परिवर्तन र विपद् व्यवस्थापन

जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्वन्धी केही तथ्य यहाँ उल्लेख गर्ने प्रयास गरिएको छ ।

### ८.८.१ जलवायु परिवर्तन

विश्वव्यापी जलवायु परिवर्तनको असरबाट अदानचुली गाउँपालिका पनि अछुतो रहेको छैन् । जलवायु परिवर्तनकै कारण थुप्रै पानीका मुहान सुख्दै गएका छन्  भने कुट्की डालेचुक, पदमचाल र अत्तिस जस्ता महत्वपूर्ण वनस्पतीहरु लोप हुदै गएका छन् । हिमतालहरु र पानीका स्रोतहरु सुक्दै जाने अवस्थामा रहेका छन् । त्यसैगरी स्वास्थ्यका क्षेत्रमा पनि आँखा र छालाका रोगहरुले यहाँका नागरिकलाई समय समयमा सताउने गरेको छ । यस सम्वन्धी केही विवरण तालिका नं. ९.२१ मा उल्लेख गरिएको छ ।

तालिका नं.०.२५: जलवायु परिवर्तनको प्रभाव

| गाविस | लोप हुन लागेका वनस्पतीहरु, | लोप हुन लागेका जीवजन्तुहरु | तालतलैयाको अवस्था | पानीकाश्रोतहरु (सुकेको) | स्वास्थ्यमा परेका प्रभावहरु | शिक्षामा परेका प्रभावहरु | पोषण | भौतिक पूर्वाधार |
|---|---|---|---|---|---|---|---|---|
| | कुट्की डालेचुक, पदमचाल, अत्तिस | | पानीका मुहान तथा हिमतालहरु सुक्दै जाने अवस्था | सुक्दै जाने अवस्था | आँखा तथा छाला सम्बन्धी | | | |

*स्रोत: जिल्ला समन्वय उर्जा शाखा हुम्ला, २०७५*

खासगरी जलवायु परिवर्तनका कारण पानीको सतह बढ्दै गएको, तापक्रम बढ्ने क्रम रहेको, बर्षा कम हुने गरेको र कृषि उत्पादन घट्दै गएको अवस्था छ .(तालिका नं. ९.२२) ।

तालिका नं.०.२६: जलवायु परिवर्तणका लागि अनुभव गरिएका सूचकहरु

| गाविस | पानीको  सत्तह | | तापकम | | वर्षा | | कृषि उत्पादन | |
|---|---|---|---|---|---|---|---|---|
| | घटदो | वढदो | घटदो | वढदो | घटदो | वढदो | घटदो | वढदो |
| समग्रतामा | | ✓ | | ✓ | ✓ | | ✓ | |

***स्रोत: डिभिजन जिल्ला वन कार्यालय हुम्ला, २०७५***

### ८.८.२. प्रकोपको सन्दर्भ र विष्लेषण

नेपालको विकट हिमाली जिल्ला हुम्लाको दक्षिणपुर्वमा अवस्थित अदानचुली गाउँपालिका विकट क्षेत्रका रुपमा चिनिन्छ । यहाँको आधाभन्दा बढी जमिन भिरालो छ, तरपनि खाद्य संकटका कारणत्यस्तो भिरालो जमिनमा समेत खेती गर्नुपर्ने बाध्यता स्थानीय वासिन्दालाई छ । यहाँका अधिकांश क्षेत्रमा पहिरो जाने, ढुङ्गा खस्ने र आगलागी जस्ता विपतको उच्च जोखिममा छन् ।  गाउँपालिकाको गल्फागाढ खोलाको किनारमा पर्ने ( डाहाल, थपालि, गोरपालि, गल्फागाढ आदी) वस्तीहरु र हुम्ला कर्णालीको छेउछाउका ( मकै, रैसेडी, ठिलखेत, मोहरा भिईछहरा आदी) वस्तीहरु पहिरो र बाढीमा परेर बगाउने

जोखिममा छन् । यावत खाले जोखिमले यहाँका स्थानीय वासिन्दाले विभिन्न समयमा ठूलो धनजनको क्षती बेहोर्नु परेको छ ।

वेला बखतमा घट्ने विपतका घटनाले कहिले बारीमा लगाएको बाली नष्ट हुने, बाली लगाएका बारी बगाउने त कहिले पशुवस्तुको क्षती भएका प्रसस्तै अनुभव यस गाउँपालिकाका स्थानीय वासिन्दाले गरेका छन् । यहाँको विषम हावापानी, विविधखाले भूवनोट, अव्यवस्थित वस्ती बसाल्ने र चर्को खडेरीले  वर्षेनी यो क्षेत्रमा महामारी, बाढीपहिरो, आगलागी, खडेरी जस्ता विविधखाले विपतको चपेटा पर्ने गरेको छ । पछिल्लो समय जलवायू पविर्तनका कारण बढ्दो असरबाट सृजित अतिवृष्टी, अनावृष्टी जस्ता समस्याले वेलाबखत यहाँका वासिन्दाले विकराल सस्याको सामना गर्नु परिरहेको छ ।

यहाँका सबै घरहरु परापुर्व कालदेखि नै खोटोयुक्त सल्लाको काठले बन्ने र घरआगनमा खर, फुस, घाँस, पराल र नल राख्ने गर्नाले ठूलाठूला आगलागीका घटना समेत घटिरहने गरेका छन् । वर्षायाममा यहाँको भिरालो जमिन र त्यसलाई पशुवस्तुको चरनक्षेत्रका रुपमा प्रयोग गर्ने गर्नाले ढोल ढुङ्गा जानुका साथै पहिरो जाने समस्या पनि उत्तीकै छ ।

## ८.९. विपद्को ऐतिहासिक समय रेखा

विपतबाट यस गाउँपालिमा भएको क्षतीका बारेमा कुनै एकिन तत्थ्यांक नभेटिएपनि हुम्ला जिल्लामा सन १९७१ देखि २००८ सम्ममा महामारीको कारणले ३६० जना मानिसहरुको मृत्यु भएको तत्थ्यांक छ भने कयौं पशु पक्षीहरु मरेका छन् । त्यसैगरी आगलागी, बाढी पहिरो जस्ता विपताका घटनामा कैयौले ज्यना गुमाएको भएपनि तत्थ्यांकको दस्तावेजिकरणको समस्याले अहिलेसम्म एकिन भएको छैन् ।

*तालिका नं.०.२७: विपद्को ऐतिहासिक समय रेखा*

| वर्ष | प्रकोप | गाविस, वडा स्थान | क्षतिको विवरण -मृत्यु, घाइते, घरक्षति, जग्गाजमिन, भौतिक संरचना, चौपाया |
|---|---|---|---|
| २०५३/५४ | हिमपैरो | ठेहे, खार्पुनाथ | ६ जनाको मृत्य |
| २०५५/५६ | महामारी (हैजा) | मेल्छाम, श्रीमष्ठा, साया, श्रीनगर, | ५५ जनाको मृत्यु |
| | आगलागी | | |

**स्रोत: जिल्ला प्रशासन कार्यालय, हुम्ला, २०७१**

## ८.१०. प्रकोप जोखिम विश्लेषण

हिमाली क्षेत्रमा अवस्थित भएपनि यो गाउँपालिकाका अधिकांश भू-भाग शुष्क र बाँकी भाग अध-शुष्क क्षेत्रका रुपमा रहेकाले पनि धेरै प्रकारका प्रकोपको जोखिममा छ । हुम्ला जिल्लाको तराई क्षेत्रका रुपमा चिनिने यो पालिकामा अति र जाडो हुने क्षेत्र भएकाले झाडापखाला देखि आगालागी र बाढीपहिरोजन्य प्रकोपको संभावना बढी देखिन्छ। भने अन्य विविधखाले प्रकोपहरुको जोखिमपनि यस पालिकामा उत्तिकै छ ।

### क) झडापखाला तथा श्वास प्रश्वास

समग्र रुपमा हेर्दा हुम्ला जिल्लामा एक्कासी श्वासप्रश्वासको संक्रमणबढ्नै समस्या निकै डरलाग्दो रुपमा देखापरेपनि यस अदानचुली गाउँपालिकाका हिसाबले झाडापखालाका कारणले धेरै मानिसहरुले अकालमा ज्यान गुमाउनु परेको छ । शुष्क क्षेत्रका श्रपमा रहेको यस पालिकामा स्वस्थ खानेपानीको पहुँच, सरसफाई र स्वास्थ्यसम्बन्धी चेतनाको कमीका कारण महामारीले छोटो अवधिमा विकराल रुप लिने गरेको देखिन्छ । महामारीको निश्चित समय नभएतापनि झाडापखाला जस्ता रोगहरु गर्मीमा बढी र एक्कासी श्वासप्रश्वास संक्रमण जाडो तथा सुख्खा मौसममा बढी देखिने गरेको पाइन्छ ।

**ख) आगलागी**

आगलागीको लागि निकै  डरलाग्दो क्षेत्रका रुपमा समेत अदानचुली रहेको छ । वर्षेनी कुनै न कुनै आगलागीका घटना घटेर लाखौको धनजनको क्षती यस पालिकामा हुँदै आएको देखिन्छ । विशेष गरी सुख्खा याम अर्थात हरेक वर्ष मंसीर देखि जेष्ठ महिनासम्म यहाँ आगलागीका घटनाहरु बढी भएको देखिन्छ । आगलागीले साधारणतया बाढी तथा पहिरो भन्दा कम ज्यान लिएको देखिए पनि यसले भौतिक क्षति भने वर्षेनी बढ्दै गएको छ । आगलागीबाट एक्लै घरमा छाडिएका बालबालिका र महिला बढी जोखिममा पर्ने गरेको विगतका घटनाहरुले पुष्टि गर्दछ ।

**ग) खडेरी**

अदानचुलीको अर्को प्रकोपको ठूलो जोखिम खडेरी हो । यहाँका अधिकांश भू-भागमा सिंचाईको कमी हुने भएकोले आकौ खेतीको भरमा खेती गर्नु यहाँका वासिन्दाको बाध्यता हो । सिंचाईको पहुँचमा भएका क्षेत्रमा समेत निकै साना पानिका मुहान र त्यसको सिञ्चित गर्नुपर्ने क्षेत्र ठूलो भएकाले पटक-पटक खडेरीको मारमा यो पालिका वर्षेनी पर्ने गरेको छ । खेती योग्य जमिन भएपनि सिंचाई समस्याले उत्पादन कमी आई हरेक वर्ष खाद्यान्न अभाव भएर सरकार र विश्व खाद्य कार्यक्रम जस्ता दातृ निकायले समय समयमा खाद्यान्न उपलब्ध गराउँदै आएको छ ।

**घ) भूकम्प**

विज्ञहरुद्वारा गरिएका अध्ययन र विगतको विश्लेषण अनुसार नेपालमा कुनै पनि समय धेरै ठूलो भूकम्प जाने र त्यसबाट धेरै संख्यामा मानिस मर्ने, घाइते हुने तथा भौतिक संरचना क्षतिग्रस्त हुने सम्भावना रहेको छ । यदित्यस्तो भयो भने नियमित रुपमा भईरहने अन्य प्रकोपको तुलनामा बढी क्षति व्यहोर्नुपर्ने देखिन्छ । जसबाट यो गाउँपाालिका पनि अछुतो छैन् । नेपालका अन्य स्थान झै यो गाउँपालिका  पनि भूकम्प प्रति सङ्कटासन्न छ । भिरालो जग्गामा वस्ती र हिडडुल गर्नु पर्ने ठाउँ अति भिरालो भएको हुनाले भूकम्प पश्चात ढोल, ढुङ्गा खसी धनजनको क्षति हुने सम्भावना यहाँ बढी देखिन्छ । यसैले भूकम्पलाई प्रमुख विपदका रुपमालिन सकिन्छ ।

**ङ) पहिरो र हिमपात**

वर्षादका समयमा अतिवृष्टिका कारण नदीनालाहरुमा बढी मात्रामा पानी परी बहावतीब्र रुपमा आएपछि ठस्लो बाढी पहिरो आउँछ गर्दछ । यस पालिकाको विशेष गरी गल्फागाढ खोलाको मुहान देखि चुहानसम्म, कर्णाली नदिको किनार दोमुख चंखेली, तुम्च, मकै, मछाट भाँडकुक्काया, रिल्म, बिगोठी, लमै, जस्ता क्षेत्र पहिरोको उच्च जोखिममा छन्

भने साविकको कालिकाका उत्तरी क्षेत्र र अदानचुली लेख आसपासका क्षेत्रमा हिउँ पहिरोका लागि जोखिमयुक्त मानिन्छन् ।

विगतको इतिहाँस, गाउँपालिकाको भू-वनोट तथा जिल्ला र गाउँपालिका स्तरमा भएका प्रकोप सम्बन्धि छलफल र कार्यशालाका आधारमा माथि उल्लेख गरिएका संभावित प्रकोपको अवस्थालाई तपसिल तालिका अनुशार उच्च, मध्यम र न्यून जोखिमका रुपमा वर्गिकरण गरिएको छ ।

**तालिका नं.०.२८: प्रकोप जोखिमको अवस्था**

| प्रकोप तथा जोखिम | उच्च जोखिम | मध्यम जोखिम | न्यून जोखिम |
|---|---|---|---|
| झाडापखाला | √ | | |
| खडेरी | √ | | |
| एक्कासी श्वासप्रश्वास संक्रमण | | | √ |
| आगलागी | √ | | |
| भुकम्प | | √ | |
| पहिरो | | √ | |
| हिमपात | | | √ |

*स्रोत: हुम्ला जिल्लाको प्रकोप पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६९*

# खण्ड-१०

## अदानचुली गाउँपालिकाका संभावना, अवसर, समस्या र चुनौतीहरु

समृद्ध अदानचुली यस अदानचुली गाउँपालिकाका भौगोलिक रुपमा विकट भएपनि अथाह संभावनाको खानीका रुपमा रहेको छ । यहाँको विकासका प्रचुर स्रोत र साधानको वुद्धिमतापुर्वक सदुपयोग गर्ने हो भने समुन्नत गाउँपालिकाको परिचय बन्दै समृद्ध हुम्ला र कर्णाली प्रदेश निर्माणमा समेत पहिचान बनाउने देखिन्छ ।

### ९.१. समृद्ध गाउँपलिकाका संभावनाहरु

यस गाउँपालिकालाई कर्णाली कोरिडोर र कर्णाली राजमार्ग मार्फत राष्ट्रिय सडक सञ्जालमा समाहित गरेर यहाँको धार्मिक, सामाजिक, साँस्कृतिक पर्यवरणीय पर्यटन विकास, जडिवुटीको प्रशोधन, पशुपालन, फलफूल उत्पादन गर्न सक्ने प्रचूर संभावना रहेका छन् । त्यसैगरी शिक्षा, स्वास्थ्य, कृषि, सिँचाई जस्ता क्षेत्रको विकास गरी

गाउँपालिकावासीको मात्रै नभै सिंगो हुम्लावासी हुँदै कर्णाली प्रदेशवासीहरुको जीवनस्तर उच्च बनाउन सकिने प्रसस्त संभावना यस अदानचुली गाउँपालिकाले बोकेको छ ।

## ९.२. अवसरहरु

संघिय गाणतान्त्रीक नेपालका तिनै तहका सरकार (संघिय, प्रदेश र स्थानीय) को विकासको उच्च प्राथमिकताको क्षेत्रमा परेको पालिका भएकाले पनि आन्तरिक तथा बाह्य लगानीलाई आकर्षित गर्दै स्थानीय विकासका संभावनाहरुलाई अवसरका रुपमा परिणत गर्न सकिने अवस्था छ । यस गाउँपालिकाको सन्निकटमा बन्दै गरेको राष्ट्रिय सडकलाई यथासक्य छिटो निर्माण गर्दै पालिकामा उत्पादन हुने, कृषि, पशु, जडिवुटी, गैरकाष्ठजन्य उत्पादनको गाउँपालिका देखि अन्तराष्ट्रिय स्तरसम्म पैठारी गर्ने हो भने गाउँपालिकाले आर्थिक, समाजिक र व्यावसायिक रुपले समेत ठूलो फड्को मार्ने अवसर विद्यमान छ ।

## ९.३. समस्याहरु

भौगोलिक रुपमा विकट मानिएको हुम्ला जिल्लाको पनि दुर्गम क्षेत्रका अवस्थित अदानचुली गाउँपालिकाका विकासका समस्याहरुमा मुख्यतः तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गरी लगानी गर्न नसक्नु, नतिजाका आधारित एकीकृत योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्न नसक्नु, प्रदेश र संद्दिय सरकारबाट पालिकामा हुने विकासका योजना पालिकाको प्राथमिकताका आधारमा हुन नसक्नु, अधिकार अनुशार कर्मचारीको अभाव, प्रदशे र संघबाट खटिएर जाने निजामति कर्मचारीहरुमा उच्च मनोवल नहुनु जस्ता समस्या यस पालिकाका प्रमूख समस्याका रुपमा रहेका छन् ।

## ९.४. चुनौती

राष्ट्रिय सडक सञ्जालमा गाउँपालिका नजोडिनु, पालिका नजिक हवाई यातायातको सुविधा नहुनु, आन्तरिक तथा बाह्य सडक सञ्जाल विस्तार हुन नसक्नु, पालिका स्तरिय विकासका साझा समझदारी बनाएर अगाडि वढ्न नसक्नु, जनसहभागिता जुटाउन नसक्नु, शिक्षा र स्वास्थ्य क्षेत्रमा स्थानीय नागरिकको समान पहुँच पुग्न नसक्नु, व्यावसायिक ज्ञानको भाव हुनु, सबै तहका सरकारका नीतिप्रति स्थानीय नागरिक अनविज्ञ रहनुजस्ता विषय वास्तवमै यस गाउँपालिकाका चूनौती रुपमा रहेका छन् ।

यसका अलावा निरपेक्ष गरिवीको दर उच्च हुनु, यहाँका अधिकांश नागरिकलाई बिहान बेलुका छाक टार्ने विषय हरेक वर्ष दोहोरिएर आउनु, भौगोलिक विकटताका कारण प्रति नागरिक विकासको लगानी दर बढ्दै जानु तर परिणाम सोचे अनुरुप प्राप्त हुन नसक्नु पनि समृद्ध अदानचुली निर्माणको प्रमूख चुनौतीका रुपमा रहेको देखिन्छ ।

## ९.५. अदानचुली गाउँपालिकाका विकासे प्राथमिकता

मानव विकास सूचाकांको पछिल्लो स्थानमा रहको हुम्ला जिल्लाको दक्षिण क्षेत्रमा पर्ने यस अदानचुली गाउँपालिकालाई समृद्ध गाउँपालिकाका आधार तयार गर्न धेरै लामो समय पछि निर्वाचित भएर आएको पालिकाको बोर्डले **"गाउँ घरको विकास र समृद्धीको आधार ! अदानचुली**

**गाउँपालिकामा स्थानीय सरकार !!"** भन्ने मुल आधारका साथ तपसिल बमोजिमका विकासका प्राथमिकतालाई अघि सारेको छ ।

**क) शिक्षा**

- ✓ गाउँपालिकामा हाल सञ्चालनमा रहेको गल्बा बहुमूखि क्याम्पसलाई यस क्षेत्रकै नमुना क्याम्पसका रुपमा विकास गर्दै गाउँपालिकामा भएका सबै मा.वि./निमावी/प्रावि/वैकल्पीक विद्यालय र प्रारम्भीक वाल विकास केन्द्रको स्तरोन्नती गर्दै पूर्णदरबन्दी सृजना र स्विकृत गरी व्यवस्थित गर्ने ।
- ✓ शिक्षा सम्बन्धि विशेष कानुन ल्याई गाउँपालिकाका सबै विद्यार्थीलाई निःशुल्क रुपमा उच्च तहसम्मको शिक्षा प्रदान गर्न पुर्वाधार तयार गर्ने ।
- ✓ गाउँपालिकाको शैक्षिक गुणस्तर कायम गर्न सुविधा सम्पन्न आवासिय विद्यालयको स्थापनामा जोड दिने ।
- ✓ ***"हरेक घर, आधारभूत अक्षर"*** भन्ने अभियान सञ्चालन गर्दै गाउँपालिकालाई पूर्ण शाक्षर गाउँपालिकाका रुपमा विकास गर्ने ।

**ख) स्वास्थ्य**

- ✓ गउँपालिकामा हाल भएका र सामुदायिक स्वास्थ्य क्लिनीकको स्तरोन्नती गर्दै आम नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य अधिकारको सुनिश्चित गर्न कम्तीमा २५ शैयाको सुविधा सम्पन्न अस्पताल स्थापना गर्न पहल गर्दै हरेक वडामा व्यवस्थित स्वास्थ्य क्लिनिकको व्यवस्था गर्ने ।
- ✓ सबै नागरिकलाई स्वास्थ्य बिमा गरिने छ र विपन्न तथा असहायलाई स्वास्थ्य उपचारमा सहयोग गर्न गाउँपालिकाले शुरु गरेको **स्वास्थ्य उपचार कोष**लाई व्यवस्थित गर्दै लैजाने ।

**ग) कृषि तथा पशुपालन**

- कृषि पेशालाई सम्मानजनक पेशाका रुपमा स्थापित गर्दै आधुनिक र कृषिलाई आत्मनिर्भर बनाउन भौगोलिक विविधता अनुशार (२ हजार मिटरसम्म अन्नवालीको उत्पादन, २ हजार देखि ५ हजार मिटरसम्म फलफुल उत्पादन र ५ हजार मिटरमाथी बहुमूल्य जडिवुटीको उत्पादन) तिन तहको कृषि योजना निर्माण गरी आधुनिक कृषि प्रणाली सहितको कार्यान्वयनमा जोड दिने ।
- स्थानीय स्तरमा परम्परागत रुपमा गरिएको निर्वाहमूखि पशुपालनलाई व्यावासायिक बनाउने नीति बनाई कार्यान्वयनमा जोड दिने ।
- **"एक घर एक बगैचा"** को नारालाई कार्यान्वयन गर्न विषेश कानुन बनाई गाउँपालिका स्तरिय **कृषक सहुलियत कोषको** स्थापना गरी बिस्तारै कार्यान्वयन गर्दै जाने ।
- कृषि पेशामा संलग्न आदरणीय कृषकलाई कृषि कर्मका आधारमा वर्गिकरण गरी आवश्यक सहुलियत ऋण तथा अनुदान प्रदान गर्ने नीति अक्तियार गर्ने ।

**घ) पर्यटन तथा सँस्कृती**

- विश्वमै लोपउन्मूख हाम्रो कला र सँस्कृतीलाई संरक्षण र सम्बर्द्धन गर्दै ***पाँच वर्षे अदानचुली सँस्कृती तथा पर्यटन गुरु योजना*** निर्माण गरी कार्यान्वयन गर्ने ।

- गाउँपालिकामा रहेका पर्यटकिय स्थान (अदानचुली, नौमुली, मनेकाध, ढिणालेख, दोमुख, मालिकाकोट, फापरराशी, झाडमाण्डौ, मुण्टेचौर, थान (मदानलेख) जस्ता) क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षीत गर्नका लागि पर्यटक पदमार्ग निर्माण गर्नुका साथै अदानचुली र फापरराशीमा भ्यू-टावर निर्माणका लागि आवश्यक पूर्वाधार तयार पार्ने ।
- पर्यटकिय हिसाबमा निकै महत्व बोकेका नौमुलि, मनेलेख र अदानचुलीमा रोप-वे ( केवुलकार) सञ्चालन तर्फ संभाव्यता अध्ययन गर्ने गराउने ।

**ङ) सिंचाई**

- गाउँपालिकालाई कृषिमा आत्म निर्भर बनाउन बाँझै रहेका ठूला फाँट (कमै, इप्ला, चाँफेतणी, भिई छहरा, दोमुख, छाल, लमै, कालिका, श्रीनगर र कल्खे) लाई सिंचित गर्दै कृषि उत्पादनमा बृद्धी गर्न कालागार्ड-कुकुरफाल्ना, मकै, गल्फागार्ड-भिईछहरा, लमै, दोमुख-छाल वृहत सिंचाई आयोजनाको संभाव्यता अध्ययन गर्दै कार्यान्वयनका लागि प्रदेश र संघिय सरकार तथा अन्य दातृ निकायसँग समन्वय तथा सहकार्यको निती अबलम्बन गर्ने ।
- साना सिंचाई र लिफ्ट सिंचाई (कर्णालीको पानी तान्ने), थोपा सिंचाईका कार्यक्रमलाई पालिकाले समपुरक बजेटको व्यवस्था गरी कार्यान्वयनमा जोड दिने ।

**च) सडक**

- लालुलैखु-कालिकोट हुदैं आउने कर्णाली-कोरीडोर सडकलाई अबको २ वर्षमा यस गाउँपालिकासम्म बिस्तार गर्न यथासक्य पलह गर्ने ।
- आन्तरिक रुपमा गाउँपालिकालाई सडक सञ्जालमा जोड्न गल्फागार्ड-श्रीनगर-कालिका, सिरुपाटा-कल्खे-श्रीनगर-कालिका हुँदै मनेलेख, श्रीनगर-बिगोठी-लमै-पाल्स जस्ता ग्रामीण सडक निर्माणलाई प्राथमिकता दिने ।
- कर्गेई-बारिगाउँ-पाँदाखौला-सिरुपाटा-कल्खे-श्रीनगर-लौठी हुँदै कालागाड रिङ्गरोडको संभाव्यता अध्ययन गर्दै कार्यान्वयनको पूर्वाभार तयार पार्ने ।

**छ) विद्युत**

- गाउँपलिका भित्र निर्माण सम्पन्न भएका कुकुरफाल्ना र मकै जलविद्युतलाई स्तरवृद्धी गर्दै थप क्षमता विस्तार बिस्तार गर्नुका साथै निर्माणाधिन छराखेत जलविद्युत आयोजनालाई यथासक्य निर्माण सम्पन्न गरी गाउँपालिका स्तरिय विद्युत प्रसारण लाईनलाई ग्रेडिङ्ग ( एकिकृत) गरी तीन वर्ष भित्रमा ***प्रत्येक घर, विद्युतीय घर*** भन्ने नारालाई सवलिभुत पार्न हरेक घरमा लाईन बिस्तारमा जोड दिने ।
- गाउँपालिकामा उत्पादन भएर खपत हुन बाँकी विद्युतलाई छिमेकी गाउँपालिका वा जिल्लालाई विक्रि वितरण गर्दै उद्योग स्थापनामा जोड दिइने कानुन निर्माण गरि कार्यान्वयनमा जोड दिने ।
- विद्युत लाईन नपुगेका वस्तीहरुका लागि अल्पकालिन समयमा उज्यालो गर्न "**एक घर एक शोलार"को** कार्यक्रम सञ्चालनका लागि सरोकारवाला निकायसँगको समन्वय एवम् सहकार्यलाई अघि बढाउने ।

## ज) सामाजिक सुरक्षा

- असहाय, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित, महिला, वालवालिकालाई विशेष प्रथामिकतामा राखि लोककल्याणकारी कार्यक्रम मार्फत उचित सामाजिक सुरक्षा/वाल अनुदान/एकल महिला तथा पुरुष भत्ता, राहत तथा सम्मान प्रदानमा जोड दिने ।
- गाउँपालिका भित्र भएका जेष्ठ नागरिक, एकल महिला/पुरुषलाई पालन पोषणा र रेखदेखकालागि सुविधा सम्पन्न वृद्धाश्रमको स्थापनालाई अघि बढाउने ।

## झ) सञ्चार

- २१ औं शताब्दीको सूचना र सञ्चारको प्रविधिमा यस गाउँपालिकालाई समाहित गर्न फोर जि सेवा, मोवाइल टावर निर्माण गरिनुका साथै ल्याण्डलाइन टेलिफोन र इन्टरनेटको पहुँच बिस्तारमा जोड दिन ।
- सबै नागरिकलाई सूचना र सञ्चारमा समाहित गर्न पालिकामा भएको रेडियो श्रीनगर एफएमको स्तरोन्नती मार्फत यसको प्रसारण पहुँच विस्तार गर्दै स्थानीय स्तरमा पत्रपत्रिका तथा अनलाइन सञ्चालनका लागि प्रोत्साहित गर्ने नीति अबलम्बन गर्ने ।

## ञ) खानेपानी तथा सरसफाई

- हरेक वस्तीका वासिन्दालाई सुरक्षित र स्वच्छ खानोपनी उपलब्ध गराउन "***एक घर चर्पि सहितको एकधारा:, स्वच्छ खानेपानीको पहुँचमा सारा"*** भन्ने कार्यक्रम सञ्चालन गन ।
- गापिलकाका सुख्खा क्षेत्रका रुपमा रहेकाकल्खे, श्रीनगर, लमै, मकै लगायतका सबै वस्तीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन "***पाँच वर्षे खानेपानी तथा सरसफाइ गुरु योजना"*** निर्मार्ण गरी कार्यान्वयन गरिने छ ।

## ट) उद्योग तथा स्वरोजगार

- स्थानीय स्तरमा उपलब्ध कच्चा पर्दाथमा आधारित साना तथा मझौला उद्योग स्थापना तथा सञ्चालनमा जोड दिने ।
- प्रत्येक वडामा वेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन गरी योग्यता र क्षमताका आधारमा छुट्टै रोस्टर तयार पारेर थप कार्याक्रम सञ्चालनका लागि आधार तयार पार्ने ।
- सिप, कला, दक्षता र शैक्षिक योग्यताको आधारमा न्यायोचित ढंङ्गबाट रोजगारीको सृजना गर्न वेरोजगारलाई शैक्षिक प्रमाणपत्र धितो राखी व्यावसाय सञ्चालन गर्न विना ब्याज ऋण उपलब्ध गराउन गाउँपालिका स्तरिय **बेरोजगार कोषको** स्थापनाका लागि आवश्यक कानुन निर्माण गरी थप कार्यक्रम सञ्चालनमा जोड दिने ।

## ठ) खेलकुद

- खेल क्षेत्रको विकास गर्न गाउँपालिकामा व्यवस्थती खेल मैदान निर्माणलाई प्राथमिकता दिने ।
- पालिका भित्रका वडा र गाउँपालिका स्तरीय खेलकुद आयोजना गरि क्षमतावान खेलाडी छनोट गर्दै प्रोत्साहन तथा पुरस्कृत गरि राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा जोड दिने ।

## ड) भू-क्षय र वातावरण

- यस क्षेत्रमा धेरै नाँङ्गा डाँडाकाँडा वनपाखा रहरिहेको वेला बिशेष वृक्षा रोपण गर्ने कार्यक्रमलाई प्राथमिकता दिने ।
- व्यवस्थित वनजङ्गल नभईरहेको अवस्थामा सामुदायिक, कवुलिती  र नीजि वनको अवधारणालाई कार्यान्वयनमा ल्याउदै ***एक गाउँ एक सामुदायिक वन*** र ***एक घर एक निजि वन***को अभियान सञ्चालनमा जोड दिने ।
- कालागार्ड देखि गल्फागार्ड मोहर (आर्यघाट) सम्मा र तुम्च तलतणी देखि छ्वालसम्म पर्ने कर्णाली किनराका जोखिमयुक्त क्षेत्रमा हुने भू-क्षयको अति जोखिमलाई नियन्त्रण गर्न व्यवस्थित तटबन्धन निमार्ण कार्यक्रमलाई अघि बढाउने ।

**ण) वस्ति व्यवस्थापन**

- व्यवस्थित वस्ती विकासको अवधारण अनुशार साविकका गाउँहरुलाई निश्चित मापदण्डका आधारणमा पुर्नव्यवस्थापन गर्न आवश्यक नीति निर्माण गरी कार्यक्रम तय गर्ने ।
- श्रीनगरमा गाउँपालिका स्तरिय बजारको केन्द्र र साविकको कालिकाको कालागार्डमा गाउँ स्तरिय बजार केन्द्र निर्माणको गुरु योजना बनाई कार्यान्वयनको पूर्वाधार तयार पार्ने ।

## सन्दर्भ सामाग्री

**नेपाली**


१. नेपालको संविधान २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन २०७४
३. स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि आदेश २०७४
४. स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति हुम्लाको प्रतिवेदन २०७३
५. गाउँ तथा नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४
६. जिल्ला विकास समिति हुम्ला (२०६६), हुम्ला जिल्लाको बस्तुस्थिति विवरण, २०६६
७. नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०५७), आवधिक जिल्ला विकास योजना तर्जुमा सम्वन्धी निर्देशिका
८. नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७०), आवधिक जिल्ला विकास योजना तर्जुमा सम्वन्धी निर्देशिका, चौथो संस्करण (अप्रकाशित)
९. के.त.वि (२०६९) चौमासिक तथ्याङ्क गतिविधि *Year 35, Volume 105, No.-1, 2011/12,*
१०. केन्द्रीय तथ्याङ्क विभाग (२०७० आषाढ), नेपालमा गरिबीको लघुक्षेत्र अनुमान, २०६८
११. निर्वाचन आयोग, काठमाण्डौ, नेपाल (२०७१)
१२. जि.वि.स. हुम्ला (२०७०), बार्षिक प्रगति प्रतिवेदन, ।
१३. हुम्ला जिल्लाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७३
१४. जिल्ला पशु सेवा कार्यालय हुम्लाको प्रगती प्रतिवेदन २०७३।०७४
१५. विषयगत कार्यालयका बार्षिक प्रगति प्रतिवेदनहरु, आ.ब.२०६९/७०  र २०७०/७१
१६. श्री ५ को सरकार, कानुन व्यवस्था तथा न्याय मन्त्रालय, कानुन व्यवस्था समिति (२०५५), स्थानीय स्वायत्त शासन ऐन, २०५५

१७. श्री ५ को सरकार, कानुन व्यवस्था तथा न्याय मन्त्रालय, कानुन  व्यवस्था समिति (२०५६), स्थानीय स्वायत्त शासन नियमावली, २०५६

## English

1. Intensive Study and Research Centre, Kathmandu, Napal (2012), District and VDC Profile of Nepal-2013
2. GoN/MoAD (2012). Agri-Business Promotion and Statistics Division, Statistics Section, Statistical Information on Nepalese Agriculture 2011/012,
3. CBS (2012). National Population and Housing Census 2011, Village Development Committees/Muncipalities, Volume 2
4. CBS (2014). National Population and Housing Census 2011, (Tables from form-II), Volume 3.
5. CBS (2014). National Population and Housing Census 2011, Social Characteristics Tables, Volume 5, Part III,
6. National Population & Housing Census 2011 (Wardwise Table)
7. National Population & Housing Census 2011 (Cast/Ethnicity & Language)
8. National Sample Census of Agriculture Nepal 2011/12
9. Environment Statistics of Nepal 2013

## २. बहुपक्षिय दुईपक्षिय दातृ निकायहरु र अन्तराष्ट्रिय गैसस तथा मानवीय सहायता प्रदान गर्ने संस्थाहरु

| **Humla** | **Agency** | **Food Security & Livelihood** | **Health & Nutrition** | **Education** | **Water & Sanitation** | **Infrastructure** | **Refugees & IDPs** | **Human Rights/ Protection** | **Peace Support and Transition** | **Governance** | **Mine Action** | **Communication & Media** | **Disaster Risk Management** | **Environment & Natural Resources** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| UN ORG | FAO | X | | | | | | | | | | | | |
| | UNDP | X | | | | X | | | | | | | | X |
| | UNESCO | | | X | | | | | | | | | | |
| | UNICEF | | X | X | X | X | | X | | X | | X | | |
| | WFP | X | | | | X | | | | | | | | |
| Donors | AUSAID | X | | | | | | | X | | | | | |
| | CIDA/CCO | | | | | | X | X | | | | | | |
| | DFID | X | | | | X | | | | | | | | |
| | Danish Embassy | X | | | | | | | | | | | | |
| | GTZ | X | | | | | | | | | | | | |
| | RNE | X | | X | X | X | | X | | | | X | | |
| | SDC | X | | | | X | | | | X | | | X | |
| | SNV | | | | | X | | X | | X | | | | |
| | USAID | | | | | | | | X | | | | | |
| IFI | ADB | X | | X | X | X | | | | | | | | |
| I/NGOs | ACF | X | X | | X | | | | | | | | | |
| | HELVETAS | | | | | X | | | | | | | | |
| | INF | | X | | | | | | | | | | | |
| | NDI | | | X | | | | | X | | | | | |
| | SC USA | | | | | | | | | | | X | | |
| Other | NRCS | | X | | | | | | | | | | | |
| Total | | 11 | 4 | | 4 | 9 | 1 | 4 | 3 | 3 | | 3 | 1 | 1 |

*श्रोत: जिल्ला समन्वय समिति*